# सहकारिता

नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**
नयाँबानेश्वर, काठमाडौँ

**प्रकाशक**
नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**
नयाँबानेश्वर, काठमाडौँ
तार : ९७७-०१-४४६५३६२; ४४६११७७
छवि : ९७७-०१-४४६५५१७
मञ्जुषा : sahakaribivag@gmail.com
गृह पन्ना : www.deoc.gov.np

२०७३ भदौ (२,०००)

**मुद्रक**
एस. एण्ड एस. अफसेट प्रेस
काठमाडौँ
सम्पर्क : ९८५११८३८९०; ९८४९००३२०४

ISBN: 978-9937-0-1555-4

# प्राक्कथन

नियमन, प्रवर्धन, प्रशिक्षण – सहकारी विकासमा विभागीय भूमिकाका तीनोटा आयाम पहिल्याउन सकिन्छ ।

सहकारितामा नियमन प्रशासकीयभन्दा पनि शैक्षिक प्रक्रिया हुन्छ । सहकारी प्रवर्धन सुगम पार्न वैचारिक प्रस्टता नै चाहिन्छ । प्रशिक्षण त झन् सहकारी चिन्तनमनन र विधिव्यवहारको खोजीनितीबाट आलोकित भइरहन्छ ।

सहकारिता : के ? किन ? कसलाई ? भन्नेमा सरोकारवालामाझ नै विवाद परिरहेको हुन्छ । मनमाफिक अर्थ्याउने चलन चिन्ताको अर्को स्रोत हो । फलतः आदर्श कता, अभ्यास कता भनेझैँ पनि भएको छ ।

मौलिकताको मतलब नगरी सहकारी आन्दोलनको विकास कसरी होला ? सहकारी कार्य हुन् वा प्रवर्धन निकायका कार्यकलाप, सर्वमान्य मूल्य, मान्यता र सिद्धान्तबाट निर्देशित हुनुपर्दछ । सबैको प्रयास एकीकृत गर्न सके सङ्गति आइहाल्नेछ ।

यो पुस्तक सहकारी जागृतिपट्टि विभागीय अंसियारीको ज्ञापक पनि हो । मर्का (Disadvantage) मा पर्दाका मिलीजुली प्रयत्नको शृङ्खलामा सहकारी विचारधाराको प्रादुर्भाव भयो । ऐतिहासिक विकासक्रम र अग्रजहरूको ध्येय (Mission) मा नै सहकारी दर्शन प्रस्ट होला भनेर पुस्तकमा बढ्ता चर्चा त्यतैको गरिएको छ ।

प्रालेख परिमार्जनका सिलसिलामा विभागबाट राष्ट्रिय सहकारी विकास बोर्डका साथै राष्ट्रिय तथा केन्द्रीय सहकारी सङ्घहरू र केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रसमेतको प्रतिनिधित्वमा परामर्श बैठक राखिएको थियो । प्राप्त सुझाउहरूलाई यथाशक्य समावेश गरिएको छ । नेपाल खण्डको विस्तारलगायतका केही सुझाउहरू भने राम्रा हुँदाहुँदै पनि अर्को अवसरका लागि रहे ।

रचनात्मक टीकाटिप्पणी गर्ने परामर्श बैठकका सहभागीहरू, प्रालेख विकासका साथै परिमार्जनमा लागिपर्ने विभागका सहकर्मीहरू र अन्य रूपमा सहयोगी बन्ने सबैलाई धन्यवाद ज्ञापन गर्दछु । विद्वान् पाठकहरूको फराकिलो वृत्तबाट प्रतिक्रिया पाएर आगामी संस्करणमा परिवर्धनको मौका मिल्ने नै छ । प्रतीक्षामा–

**केशवप्रसाद रेग्मी**
रजिष्ट्रार
सहकारी विभाग

२०७३ साल असोज ५ गते ।

# विषय-सूची


| | |
|---|---|
| **१. परिचय** | १ |
| १.१ अर्थ | १ |
| १.२ स्वावलम्बन | ३ |
| १.३ पारस्परिकता | ४ |
| १.४ सकर्मता | ४ |
| १.५ अभिन्नता | ६ |
| **२. विगत** | ६ |
| २.१ परम्परागत रूप | ६ |
| २.२ पूर्वसहकारी परीक्षण | ७ |
| २.३ सहकारी संस्थापना | २१ |
| **३. आन्दोलन** | ४४ |
| ३.१ दर्शन | ४४ |
| ३.२ पहिचान | ४५ |
| ३.३ मूल्य | ४६ |
| ३.४ मान्यता | ५० |
| ३.५ सिद्धान्त | ५८ |
| **४. अभ्यास** | ९२ |
| ४.१ सहकारीकर्मी | ९२ |
| ४.२ सहकार्यका आयाम | ९८ |
| ४.३ सहकारी नेपाल | १०३ |
| **५. आगम** | १०९ |

# १. परिचय

## १.१ अर्थ

बोलीचालीमा सहकारिता भन्नाले मिलीजुली सम्झिन्छ । मिलीजुली काममा हुन्छ र साथै बसाइँ, चिन्तनमा पनि । बसाइँ, काम र चिन्तनको मिलीजुली नै सहकारिता हो ।[१]

लेखापढीमा भने सहकारिताले विशेष व्यावसायिक विधि जनाउँदछ । सहकारी संस्थाहरूले सामाजिक सर्तमा व्यवसाय गर्दछन् ।[२] 'आफ्नै लागि व्यवसायमा सर्वसाधारण (People in business for themselves)' भनेर पनि सहकारितालाई जानिन्छ ।[३]

सर्वसाधारणको व्यवसाय, सामाजिक सर्तको व्यवसाय अथवा मानवीय मूल्यको व्यवसाय भन्दैमा सहकारिताको मर्म (Spirit) भने बोध हुँदैन । सहकारिताको मर्म त व्यवसाय गर्ने विधिभन्दा पनि जीवनयापन गर्ने विधिमा खुल्दछ, जसका दुईमध्ये पहिलो पक्ष स्वावलम्बन (Self-help) हो ।

Sir Horace Curzon Plunkett का शब्दमा, 'सङ्गठनबाट प्रभावकारी पारिएको स्वावलम्बन [नै सहकारिता हो]' ।[४] सहकारीकर्मीहरू स्वावलम्बी

---

१ अङ्ग्रेजीमा 'Co-operation is living, working and thinking together' भन्ने चलन छ ।

२ अङ्ग्रेजीमा 'Co-operatives do business in social terms' भन्न सकिन्छ । सहकारी व्यवसाय र सामाजिक व्यवसाय (Social business) वा सामाजिक उद्यम (Social enterprise) एकै भने होइनन् । खुला सदस्यता, शोषणरहित आर्थिक सम्बन्ध र समुदायप्रतिको सरोकारका सामाजिक सर्तमा सहकारी व्यवसायले सदस्यलाई लाभ दिलाउँदछ । सामाजिक व्यवसाय वा उद्यममा सामाजिक उद्देश्य प्राप्त गर्न खडा भएका नाफा वितरण नगर्ने उपार्जन (Undertaking) पर्दछन् । सामाजिक व्यवसाय वा उद्यमको उद्देश्य सामाजिक हुन्छ भने सहकारी व्यवसायको स्वभाव सामाजिक ।

३ A. F. Laidlaw, Co-operatives in the Year 2000: A paper prepared for the 27th ICA Congress, October 1980 बाट साभार ।

४ T. N. Hajela, Co-operation: Principles, Problems and Practices (6th edition) Delhi: Konark Publishers, 1994, first published 1980), पृ. ३ मा उद्धृत । अङ्ग्रेजी उद्धरण : [Co-operation is] self-help made effective by organisation.

भएर बाँच्दछन् । स्वावलम्बनलाई सम्भव, सुगम, सफल पार्न सङ्गठन बनाइन्छ ।

सहकारी जीवनको दोस्रो पक्ष पारस्परिकता (Mutuality) हो । आधुनिक सहकारी विचारको चर्चा गर्दै George Jacob Holyoake भन्दछन्, 'नयाँ सहकारिता, जसका बारेमा मैले यहाँ लेख्दैछु, साझा सामर्थ्यमा पुग्ने दृष्टि राखेर आपसी मद्दतमा प्रारम्भ हुन्छ ।'[५] सहकारीकर्मीहरू एक-अर्काका सहयोगी हुन्छन् ।

सहकारी चिन्तनको ऐतिहासिक सर्भेक्षणका क्रममा Margaret Digby ले 'स्वावलम्बन र आपसी सहायताको योग (the combination of self-help and mutual aid)' भनेकी छन् ।[६] सम्भवतः Digby ले प्राक्कालमा मानिसहरूले आत्म-सहयोगीका साथै आपसमा सहयोगी भएर जुटेका दृष्टान्त खोज्दै थिइन् । प्रकारान्तरमा उनले अर्थोक बिर्सेर सहकारी भावना सम्झेकी थिइन् – स्वावलम्बन र पारस्परिकता ।

**सहकारिता = स्वावलम्बन + पारस्परिकता भनेर सूत्रमा पनि सम्झन सकिन्छ ।**

अन्तर्राष्ट्रिय सहकारी महासङ्घ (International Co-operative Alliance – ICA) का प्रलेखमा पनि यथाप्रसङ्ग वर्णन आएकै हुन्छ । महासङ्घीय विशेष समिति (१९३७ ई.)[७] ले '... पारस्परिकता र स्वावलम्बनको आधारमा आफ्नै लागि साझा अभिप्रायमा एकजुट भएर निपुण ढङ्गले ... गरिने सरल प्रक्रियाबाट

---

[५] George Jacob Holyoake, The History of Co-operation (London: T. Fisher Unwin, 1906 (first published by Trübner Vol. **I** in 1875, Vol. **II** in 1879), अध्याय १, पृ. २ । अङ्ग्रेजी संस्करण : The new Co-operation, of which I here write, begins in mutual help, with a view to end in a common competence. आपसी मद्दत (Mutual help) वा आपसी सहायता ( Mutual aid) पनि भनिने पारस्परिकता (Mutuality) सहकारितामा अक्षुण्ण भएकैले गैरसहकारीकरणलाई अपारस्परीकरण (Demutualisation) भनिन्छ ।

[६] Margaret Digby, The World Co-operative Movement (Revised edition) London: Hutchinson & Co., 1960, first published 1948), पृ. १४ ।

[७] विशेष समिति, सहकारी सिद्धान्त आयोग, सिद्धान्त स्रोत समूह, सिद्धान्त समिति र योजना कार्यसमूह – अन्तर्राष्ट्रिय सहकारी महासङ्घबाट गठित विज्ञ समूहहरूलाई झट्ट सम्झियोस् भनी यो पुस्तकमा तिनले प्रतिवेदन दिएको वर्षसमेत कोष्ठकमा राखिएका छन् ।

आफूहरूलाई डुबाउलाझैँ त्रासदीय प्रतिस्पर्धा औ शोषणको ज्वार हटक गर्ने पराक्रमी प्रयत्न' को रूपमा सहकारिताको आविर्भाव भएको चर्चा गर्दछ।[८] महासङ्घको सिद्धान्त स्रोत समूह (१९९५ ई.) ले स्वावलम्बन र आपसी मद्दत (Mutual help) लाई 'सहकारी दर्शनको अन्तस्तलमा रहेका दुई मौलिक विचार' मानेको छ।[९]

जीवनयापन स्वावलम्बनमा स्वतन्त्र हुन्छ भने पारस्परिकतामा सामाजिक। एक्लैको स्वसहयोग वा परमुखापेक्षी मिलीजुली सहकारिता होइन। सहकारिता त स्वावलम्बनको पारस्परिक अभ्यास हो।[१०]

## १.२ स्वावलम्बन

स्वावलम्बीका दुइटा गुण हुन्छन् : ऊ आफ्नो भर पर्दछ र उसले आफ्नो भाग गर्दछ।

अर्काको भर नपरे आफ्नो भर परिन्छ। स्वावलम्बी आत्मनिर्भर (Self-reliant) हुन्छ; आफ्नै खुट्टामा उभिन्छ। ऊ आसमा बाँच्दैन; प्रयासमा बाँच्दछ।

प्रयासमा बाँच्नेले पर्खँदैन, थाल्दछ; अनावश्यक शङ्का गर्दैन, आवश्यक आँट गर्दछ र 'देख्नेले के भन्लान्' भन्दैन, 'देख्नेले नि जान्लान्' भन्दछ।

'जोहो' प्रयासमा बाँच्नेको आधार हो। प्रयत्नशीलले भइपरिको सोच्दछ। उसले राख्दछ, जतन गर्दछ, बचत गर्दछ।

---

[८] The Present Application of the Rochdale Principles of Co-operation, Studies and Reports (London: International Co-operative Alliance, 1964), पृ.४।

[९] हेर्नुहोस्, International Co-operative Alliance, Statement on Co-operative Identity: Background Paper, Values – The First Sentence, प्रकरण ७ (www.uwcc.wise.edu/icic/issues/prin/21-cent/background.html)। भूमिका-पत्रमा प्रयुक्त आपसी स्वावलम्बन (Mutual self-help) शब्द त्यत्तिकै तात्पर्यबोधक छन् (ऐ. Preamble, प्रकरण ५)।

[१०] सहकारी ऐन, २०१६ को प्रस्तावनामा रहेका '... स्वावलम्बन, पारस्परिक सहयोग र किफायतको वृद्धिको निमित्त ...' भन्ने शब्दहरू पनि यहाँनेर उल्लेखनीय छन्।

अनावश्यक मद्दत लिइँदैन भने आफ्नो भाग गरिन्छ। स्वावलम्बीले जहिलेसुकै र जुनसुकै मद्दत तिरस्कार नै गर्दैन। आफूले नसकेका बेला र खण्डमा प्राप्त मद्दत उसले स्वीकार्दछ तर मद्दत भर नभएर टेकोमात्र हुन्छ।

## १.३ पारस्परिकता

सक्ता दिने पर्दा लिने 'आपस' नै पारस्परिकता हो, जसलाई व्यक्तिगतका साथै सामूहिक आयाममा हेर्न सकिन्छ।

एक-अर्काबीचको सहयोग व्यक्तिगत पारस्परिकता हो। व्यक्तिहरू दुई वा बढी पनि हुन सक्तछन्। सहयोग बराबरी हुन्छ।

सामूहिक पारस्परिकतामा प्रत्येकको देन समूहमा जोडिन्छ र प्रतिफल प्रत्येकमा बाँडिन्छ। प्रतिफल  सेवा वा सहुलियत पनि हुन सक्तछ। त्यस्तै, बाँडफाँड बराबरी नै नभएर प्रायः स्वीकृत विधिसम्मत पहुँचको अर्थमा हुन्छ।

सबैका लागि एक, एकका लागि सबै (Each for All and All for Each) को लोकप्रिय सहकारी नारामा पारस्परिकताको सामूहिक आयाम प्रकट हुन्छ।

आदान-प्रदान नभए पारस्परिकता हुँदैन। पारस्परिकतामा 'मद्दतको पैँचो' हुन्छ पनि भन्न सकिन्छ। पैँचोका दुइटा विशेषता हुन्छन्।

पहिलो, पैँचो फिर्ता हुन्छ। लिएको फिर्ता हुँदैन भने पैँचो हुँदैन; दान वा भिक्षा हुन्छ। जुनसुकै आयामको पारस्परिकतामा पनि मद्दत फिर्ता गरिन्छ।

दोस्रो, पैँचो जेको त्यै फिर्ता हुन्छ। घ्यू पैँचो मागिएको छ भने तेल फिर्ता गरिँदैन। त्यसै गरी पारस्परिकतामा एकथोकको मद्दत अर्थोकमा चुक्ता गर्न मिल्दैन। मद्दत श्रममा लिने फिर्ता पैसामा गर्ने हो भने पारस्परिकता हुँदैन; ज्यालादारी हुन्छ। सामूहिक आयामको पारस्परिकतामा भने 'पैँचो' परिणतिमा पनि फिर्ता हुन सक्तछ।

## १.४ सकर्मता

पारस्परिकता मानवीय स्वभाव हो। मानिसहरू अर्काको गुनलाई ऋण सम्झन्छन् र तिर्न पाए हुन्थ्यो भन्ठान्छन्। जो-जसमाझ भने पारस्परिकता प्रोत्साहित हुँदैन।

सर्वप्रथम निर्विवाद हित चाहिन्छ। उद्देश्य र हितमा फरक छ। उद्देश्य आकाङ्क्षा (Aspiration) हो। हित भने सरोकार (Stake) हुन्छ। हित सरोकारवाला समूहअनुसार फरक पर्दछ तर उद्देश्य विभिन्न सरोकारवाला समूहको बीचमा पनि पर्न सक्तछ। निजायती विद्यालयकै उदाहरण लिन सकिन्छ, जहाँ विद्यार्थीको पठन-पाठन, संस्थापकको 'अर्थोपार्जन', शिक्षकको शैक्षिक प्राप्ति र कर्मचारीको वृत्ति विकास गरी हित भिन्नाभिन्नै हुन्छन्। विद्यालयलाई देशकै ख्यातिप्राप्त शैक्षिक केन्द्रको रूपमा स्थापित गर्ने उद्देश्य भने विद्यार्थी, संस्थापक, शिक्षक, कर्मचारीको साझा हुन सक्तछ।

सरोकारवालाको स्वभावअनुसार हुने भएकाले हित स्वाभाविक हुन्छ। विद्यार्थी हुनासाथै पठन-पाठन नै हित हुन्छ; अर्थोपार्जन वा वृत्ति विकास हुँदैन। अर्को शब्दमा, हित दिइएको (Given) हुन्छ।

दिइएको हुने हुँदा हित नकार्न, नमान्न वा फेर्न सकिँदैन भने लिइएको हुने हुँदा उद्देश्य नकार्न, नमान्न वा फेर्न सकिन्छ। उदाहरणका लागि मान्छेको हित वातावरण संरक्षणमा छ भन्ने सर्वमान्य छ तर मान्छेको उद्देश्य वातावरण संरक्षण नै हो भन्न धौ छ। उद्देश्यमा जस्तै हितमा देखावटीको समस्या हुँदैन।

जे होस्, पारस्परिकता उद्देश्यको आधारमा नभएर हितको आधारमा हुन्छ। उपभोक्ताको हित 'सस्तो' हुन्छ भने विक्रेताको हित 'महङ्गो'। उपभोक्ता र विक्रेताको हितमा विरोधाभास (Conflict of interests) हुन्छ। त्यसकारण उपभोक्ता र विक्रेताबीच पारस्परिकता सम्भव हुँदैन। साहू-ऋणी, मालिक-मजदुर, प्रकाशक-लेखकमा पनि त्यसै गरी हित बाझेको हुन्छ।

त्यसपछि निकटवर्ती हैसियत हुनुपर्दछ। अत्यधिक जग्गा हुने र अलिकति जग्गा हुने कृषकको हैसियत मिल्दैन। त्यसकारण उनीहरूको बीचमा पर्मपात चल्दैन। भरिया र ठेलावालाको हैसियत निकटवर्ती होला तर ठेलावाला र 'टेक्टरवाला' को हैसियतमा निकै अन्तर पर्दछ। त्यस्तै, निरक्षर र स्नातकको बीचमा फरक हैसियतकै कारण पारस्परिकता खल्बलिन्छ।

कैलेकाहीँ हैसियत वा हित केको अनमेल हो भनेर छुट्ट्याउन अलमल पनि हुन्छ । महिला र पुरुषबीच हैसियतको जस्तै लाग्ने फरक खासमा हितको हो । लैङ्गिक शब्दावलीमा पनि 'रणनीतिक हित' भनिन्छ ।

### १.५ अभिन्नता

स्वावलम्बन र पारस्परिकता सँगसँगै प्रचलित हुन्छन् । स्वावलम्बीले आफ्नो भाग गर्दछ भन्नाको मतलब अर्कालाई आफूले सकेको मद्दत गर्दछ भन्ने पनि हो । किनभने नसक्नेलाई मद्दत गर्नु सक्नेको भागमा पर्दछ । स्वावलम्बीले जसै नसक्नेलाई मद्दतको अर्थमा आफ्नो भाग गर्दछ पारस्परिकताको प्रक्रिया प्रारम्भ भइहाल्दछ, जुन फिर्ता गर्ने प्रापकको स्वावलम्बी स्वभावले गर्दा स्वावलम्बनमै टुङ्गिन्छ । एवं रीतले सहकारितामा स्वावलम्बन र पारस्परिकता उत्तरोत्तर हुन्छन् ।

## २. विगत

### २.१ परम्परागत रूप

> साझा स्वामित्वका आर्थिक थितिमात्र सहकारिताका परम्परागत रूपमा गनिन्छन् ।

जगत्का विषमताबीच जीवनलाई सुगम तुल्याउन मिलीजुली नभई हुन्थेन । आपसी सहयोग आदिदेखि मानव सभ्यताको पहिचान नै हो । पारस्परिकताको जुनसुकै परम्परा सहकारिता भने होइन । सहकारिता जीविकोपार्जनको प्रक्रम भएकाले साझा स्वामित्वका आर्थिक कार्यका थितिमात्र मिल्दाजुल्दा हुन्छन् । आर्थिक कार्यसँगै सामाजिक कार्य मिसिएको भने हुन सक्तछ ।

संसारभरि नै एक वा अर्को रूपका सहकारी प्रथा भेटिन्छन् । नेपाली समाज त सहकारी भावनाको धनी नै हो । माथि पारस्परिकताको पर्यायवाची अर्थमा पैँचोको चर्चा चलेथ्यो । पर्मपात, ढिकुरी, मङ्का गुठी सहकारी चिन्तनकै उपज हुन् । धर्मभकारी अर्को राम्रो उदाहरण हो ।

देश, काल, परिस्थिति भनेझैं मिल्दाजुल्दा कति परिपाटी त प्रारम्भ भएर उपयोगिता सकिएपछि लोप भए होलान् । कतिपय मौजुदा अभ्यासकै प्रचार नभएको होला । भोलि अघिका चलन फेरि चल्लान् । आज नजानिएका विधि पनि बन्लान् । जे होस्, सामाजिक जीवनमा सहकारिता विभिन्न रूपमा थियो, छ र रहनेछ ।

## २.२ पूर्वसहकारी परीक्षण

### क. सङ्गति चिन्तन

समतामय समाजका रचनाकारलाई Holyoake ले कपोलकल्पनाकार (Utopianists) भन्नुभन्दा संसार निर्माता (World-makers) भन्नु मिल्दो मानेका छन् । उनको मतमा बेलायतमा सहकारिता संसार निर्माताहरूकै देन हो ।[११] सामाजिक अभियन्ताको चिन्तना त सभ्यतासँगै सुरु भएको हुनुपर्दछ । तैपनि अघिल्तिरका विचारहरूको खोजीनिती अधुरै छ । पछिल्तिरका चित्रण भने फाटृफुटृ भेटिन्छन् ।

उनी P. C. Plockhoy – अभ्र Plockboy – भनेर जानिन्छन्, जो नेदरल्यान्डी तर बेलायतवासी थिए ।[१२] सामाजिक उत्थानका लागि सङ्गठन बनाउनुपर्दछ भन्ने पहिला सामाजिक दर्शनशास्त्रीको पहिचान पनि Plockboy को छ । Plockboy ले सन् १६५९ मा सानो सर्वोदय समाज (Little Commonwealth) को अवधारणासहितको पत्र (Pamphlet) प्रकाशित गरे ।[१३]

कृषिवाला, कालिगड, नाविक (Seamen) र पेसाकर्मी (Professional men) को आर्थिक सङ्घटन (Association) को खाका Plockboy को थियो, जहाँ

---

[११] हेर्नुहोस्, Holyoake, रचना पूर्वोल्लिखित, अध्याय ३, पृ. १ ।

[१२] Plockboy को खास नाम Peter Cornelius van Zurick-Zee हो । हेर्नुहोस्, Utopia, state and democracy (http://www.ife.uzh.ch/research.html) ।

[१३] उनको कृतिको पूरा शीर्षक A Way Propounded to Make to Poor in these and other Nations Happy, by Bringing Together a Fit, Suitable and Well Qualified People unto one Household – Government of Little Commonwealth थियो । हेर्नुहोस्, ऐ. ।

सबै जनाले पुँजी योगदान गरेर संस्थापनको कार्यमा संलग्न रहन सक्तथे भने मन नलागे आफ्नो पैसा लिएर निस्कने अधिकारसमेत राख्ने थिए। उपज फलाउने कृषक र वस्तु बनाउने कालिगड सङ्घटनभित्रै हुने भएकाले एक-अर्काबीच नै उत्पादनको किनबेच गरी निस्केको नाफा सदस्यमाझ बाँड्ने भनिएको थियो। Plockboy ले केही मित्रहरूको साथमा आफ्नो योजना अमेरिकामा लागू गर्न खोजेका थिए तर त्यहाँ पनि सरकारको वक्रदृष्टि परेकाले अघि सर्न पाएनन्।[१४]

**सहकारी विचारधाराको स्रोत Plockboy को सङ्गति चिन्तन हो ।**

आपसी सहयोगमा बस्ने Plockboy को ऐच्छिक, खुला र परिपूर्ण (Self-supporting) समाजको[१५] अवधारणासँगै सहकारी विचारधारा प्रवाहित भएको मान्न सकिन्छ, जसलाई यदाकदा सङ्गति चिन्तन (Associative thinking) पनि भनिन्छ।

बेलायतमा ऊ बेला संसार निर्माताहरूको संयोगै पनि परेको होला। पुगनपुग ३६ वर्षपछि सन् १६९६ मा John Bellers ले जनसमक्ष अर्को पत्र (Pamphlet) ल्याए। Bellers को कृतिमा सारा उपयोगी इलम (Trades) र गोठाली (Husbandry) को औद्योगिक पीठ (College of Industry) को वर्णन थियो।[१६] आफ्नो विचार के-कसरी आयो भन्ने सम्बन्धमा Bellers ले केही बोलेका छैनन्। तैपनि निकै पुरानो नभएको र लन्डनबाटै निस्किएकाले Plockboy को निबन्ध उनले पढेकै थिए होलान्।

जे होस्, संस्थापक धनीजन र कार्यकर्ता गरिबजन हुने Bellers को औद्योगिक पीठ वस्तुतः श्रम ग्राम (Labour colony) थियो। उदाहरणका लागि उनले ३०० जनाको औद्योगिक पीठ लिएका थिए, जुन खडा गर्न ऊ बेलाको

---

[१४] हेर्नुहोस्, Digby, रचना पूर्वोल्लिखित, पृ. १४–१५।

[१५] Plockboy को योजनालाई सङ्घटन वा समाजको रूपमा लिने गरिएको छ। सदस्यजनमा फैलिने अर्थमा 'समाज' को प्रयोग सहकारी चलन नै हो। अद्यापि सहकारी संस्थालाई सहकारी समाज – अङ्ग्रेजीमा Co-operative Society – भन्ने गरिन्छ।

[१६] John Bellers, Proposals for Raising a College of Industry of all Useful Trades and Husbandry, With Profit for the Rich, a Plentiful Living for the Poor, and a Good Education for Youth (https://archive.org/ details/proposals for rais00bellrich)।

१८,००० पाउन्ड लगानी लाग्ने थियो। लगानी धनीमानीले अंसियार (Shareholder) बनेर जुटाइदिनुपर्ने थियो।

धनी वर्गको उपकारको प्रतीक भने औद्योगिक पीठ थिएन किनभने नाफाका हकदार अंसियारमात्र हुन्थे। संस्थापक भएकाले विधान तर्जुमा र सञ्चालनको बन्दोबस्तमा पनि अंसियारकै भनाइ हुन्थ्यो। औद्योगिक पीठको निरीक्षण गर्नुका साथै प्रचालक (Governor) एवं पीठवासी (Collegians) ले लागू गर्नुपर्ने व्यवस्थाको रोहमा सल्लाह दिन मालिकहरू (Proprietors) ले नै वर्षमा एकपल्ट १२ जना वा बढीको समिति छान्ने थिए। संस्थापनको अंसधनमा एक जनाको न्यूनतम योगदान २५ पाउन्ड हुनुपर्ने र विधान बनाउने, प्रचालक छान्ने सिलसिलामा प्रत्येक ६० वा १०० पाउन्डको एक मतको अधिकार दिने भनिएको थियो। साथै अंसधन बढी भए तापनि एक जनाको पाँच मतमात्र गन्ने गरी अधिकतम सीमासमेत कायम राख्ने सुझाउ दिइएको थियो।

Bellers ले औद्योगिक पीठका कामकाजीलाई बिर्सने कुरै थिएन। उपयोगी इलमका विभिन्न विभाग हुने भएकाले औद्योगिक पीठले सदस्यलाई चाहिने सबथोक उत्पादन गर्न सक्ने थियो। प्रत्येक सदस्यको उचित आवश्यकता पूरा हुनुपर्दछ भन्ने मान्यता राखिएको थियो। संलग्न कर्मीजनलाई सञ्चो-बिसञ्चो, एकल-विवाहिता जे भए पनि जीवन निर्वाहको प्रत्याभूति मिल्दथ्यो। उनीहरूको आवश्यकता भलिभाँति पूरा भएपछि मात्र नाफा राख्ने कुरो थियो। पसलेजस्ता फाल्तु चाहिने थिएनन्। शेषपछि बालबच्चाको बिचल्ली होला भन्ने सुर्ता पनि हुन्थेन; स्याहार र शिक्षाको जिम्मा पीठैले लिने थियो।

> **Bellers को औद्योगिक पीठ पनि सङ्गति चिन्तनकै उपज थियो ।**

Plockboy को सर्वोदय समाज र Bellers को औद्योगिक पीठका कल्पना मिल्दाजुल्दा थिए। खास गरी शिक्षा-दीक्षामा दुवैले असाद्धे जोड दिएका थिए। Plockboy ले समाजस्थित पाठशालाको गुणस्तर धनाड्य वर्गले पनि छोराछोरी त्यहीँ पढाउने अनि त्यस क्रममा सर्वोदय चिन्तनको मननसमेत गर्ने गरी उच्च हुने बताएका थिए। Bellers ले त झन् सिकाइ (Learning) को भाव झल्कियोस् भनेरै संस्थापनको नाम कार्य-गृह (Work-house) वा समुदाय (Community) नराखेर औद्योगिक पीठ राखे। सँगसँगै दुवैका अवधारणामा भिन्नता पनि भेटिन्छन्।

Plockboy को स्वैच्छिक सहयोगी संस्थापन थियो। Bellers को भने स्वैच्छिक नभएर सहकार्यको राजकीय ढाँचा थियो।[१७] सर्वोदय समाजमा बेपार सदस्यमा सीमित हुन्थ्यो भने औद्योगिक पीठमा सदस्यबाहिर पनि बेपार हुन सक्तथ्यो। त्यस्तै फरक नाफाको वितरणमा थियो। Plockboy ले सदस्य सारालाई नाफाका हकदार मान्दथे त Bellers ले अंसियारजतिलाई मात्र।

कस्तो होला – वर्तमान सहकारी संस्थाको छानोबाट हेर्दा अघिका Plockboy पछिका Bellers भन्दा नगिच देखिन्छन्।

**ख. प्रथम चरण**

> उलविच (Woolwich) स्थित पानीजहाजकर्मीहरूको घट्ट जलाइएको हालैको दुर्घटनाले गर्दा यहाँ [च्याथम - Chatham] का पानीजहाजकर्मी पाउरोटी उत्पादकले चौकीदारी गर्न थालेका छन् र त्यस्तै भवितव्यबाट उनीहरूको घट्ट जोगाउन अनि विशेष गरी कुनै कुटिल प्रपञ्च रोक्न जो-चाहिने सतर्कता अपनाएका छन्।

संसारकै पत्तो मिलेसम्मको पहिलो सहकारी संस्थाको अस्तित्वको अभिलेख Whitehall Evening Post को सन् १७६० को मार्च २२-२५ अङ्कमा प्रकाशित उपर्युक्त समाचार नै हो।[१८] समाचार र आगजनीका आरोपित स्थानीय पाउरोटी उत्पादक (Bakers) ले नगर प्रमुखसमक्ष नकारेको बकपत्र[१९] समेतबाट देहायका तथ्य खुल्दछन् :

- बेलायती नगर उलविचमा सहकारी अनाज घट्ट (Corn mill)[२०] थियो;

---

[१७] हेर्नुहोस्, Holyoake, रचना पूर्वोल्लिखित, अध्याय ३, पृ. १०।

[१८] G. D. H. Cole, A Century of Co-operation (Manchester: Co-operative Union, 1944), पृ. १४ मा Percy Redfern को उद्धरण पुनः उद्धृत।

[१९] ऐ.।

[२०] सन् १७६० देखि १८२० र १८४० को बीचतिरसम्म औद्योगिक क्रान्ति (Industrial Revolution) को अवधि मानिन्छ। प्रथम-प्रथम बेलायतमा चलेको औद्योगीकरणको लहरमा सन् १७८१ मा James Watt को वाष्प यन्त्र आविष्कार भएपछि पनि पानी वा हावाको शक्तिबाट नै कुटानी-पिसानी, सिलाइ-बुनाइलगायतका

- त्यस्तै अनाज घट्का साथै पाउरोटी खानसा (Bakery) च्याथममा थियो र
- ती अनाज घट्ट औ पाउरोटी खानसा चलाउने पानीजहाज निर्माण सोता (Dockyard) का कर्मी (Shipwrights) थिए ।

बेलायती नौसेनाका निर्माणस्थल भएकाले पानीजहाजकर्मीहरू सरकारी कामदार थिए भन्ने पनि जानिन्छ। जिज्ञासा भइहाल्ने थप कुरा भने प्रस्ट हुँदैनन्। जस्तै–

- आगजनी भएको उलविचको वा हुन नदिने भनिएको च्याथमको अनाज घट्ट कुनचाहिँ पहिले खडा भएको थियो भन्ने;
- उलविचको अनाज घट्ट सन् १७६० मा आगजनीमा परेको थियो भने त्यसको स्थापना त्यसै साल भएको थियो कि अझ अघि नै भन्ने;
- च्याथममा अनाज घट्टसँगै पाउरोटी खानसा पनि थियो भने उलविचमा थियो कि थिएन भन्ने;
- कामदारहरूले अनाज कुटानी-पिसानी एवं पाउरोटीका प्रकार बनाउने सहकार्यको विचार आफैँ लिएका थिए कि उनीहरूलाई कतैबाट प्रेरणा मिलेको थियो भन्ने र
- झन्डै Bellers को ६५ वर्षअघि अनि Plockboy को ९९ वर्षअघि प्रकाशित रचना संस्थापक वा भए तिनका प्रणेताले पढेका थिए कि थिएनन् भन्ने ।

Jennifer Tann ले भने उलविचकैलाई जानिएको सबभन्दा अघिल्लो सहकारी घट्ट मानेकी छन् । Tann को भनाइमा उक्त घट्ट वायुशक्तिबाट चल्दथ्यो, जो सन् १७६० भन्दा पहिले नै कुनै समय – सम्भवतः सन् १७५७ को खाद्य सङ्कटका दौरान – स्थापना गरिएको थियो ।[२१] Tann को गवेषणाबाट

---

कल-कारखाना चलाइन्थे । उलविच र च्याथमका संयन्त्र पनि त्यस्तै खाले भएकाले यहाँ अनाज घट्ट भनिएको हो । अङ्ग्रेजीमा 'Corn mill' भएकाले 'अनाज मील' भन्दा पनि नमिल्ने भने होइन । यदाकदा आँटा चक्की भन्ने चलन पनि छ ।

[२१] हेर्नुहोस्, Jennifer Tann, Co-operative Corn Milling: Self-help During the Grain Crises of the Nepoleonic Wars, The Agricultural History Review, Volume 28, Part 1, 1980 ।

उलविची – र त्यसउसले च्याथमेली – घट्ट तत्कालीन परिस्थितिमा श्रमजीवीमाझ पारस्परिक सहयोगको स्वस्फूर्त प्रयासमै खडा भएका थिए भन्ने सङ्केतसमेत मिल्दछ। तिनताका समय-समयमा बाली नाश (Crop failure) भएर अन्नपातको अभाव भइरहन्थ्यो। सन् १७०९, १७४० र १७५७ मा आम अन्नाभाव भएथ्यो। सन् १७५७ पछि त बेरबेरै खाद्य सङ्कट देखा परे।[२२] अभावमा खाद्यान्नको मूल्य चर्किने र मारमा अल्पआय समूहका श्रमिकलगायत पर्ने त जहिलेसुकै हो।

राहतका पहल राष्ट्रिय र स्थानीय दुवै तहमा हुन्थे। सरकारको तर्फबाट विभिन्न रूपमा अनाजको आयातलाई प्रोत्साहन दिइन्थ्यो। उपकारको भावना राख्ने भद्रजनको सहयोगमा मौजुदा घट्टवालालाई कुटानी-पिसानी ठेक्का दिएर वा सौजन्य घट्ट नै खडा गर्दिएर अनाजमा घट्टवालाको नाफाखोरीबाट गरिबजनलाई जोगाउने उपाय पनि गरिन्थे। पछि सन् १७९५ तिर सेफिल्ड (Sheffield) का मिस्त्रीहरूको संस्थाले आफूहरूको साझा पहलको औचित्य दर्साउँदै यसो भनेको भेटिन्छ :

> हाम्रो नगरका ख्यातिप्राप्त मान्छेको सदाशयपूर्ण दुःखबेसाइको असम्मान हुने गरी बोल्ने नियत हाम्रो हुँदै होइन तर हाम्रो भनाइ ... भविष्यका प्रत्येक आपत्तिमा जीवनका उपयोगी वस्तुमा विभिन्न खुद्रा बेपारीको मनोमानी रोक्नका खातिर निरन्तर अनि प्रभावशाली योजनाको स्थापना गर्ने हो।[२३]

स्थानीय धनीमानीको उपकारको विकल्पमा स्थायी तहबहको रूपमा सेफिल्डमा सहकारी व्यवसायको आवश्यकता अनुभव गरिएको अनुमान उपर्युक्त भनाइबाट लगाउन सकिन्छ। प्रकारान्तरले पुगनपुग ३५ वर्षअघि उलविचका कर्मीजनले पनि सौजन्य अनाज घट्टको देखासिकीमा मिलीजुली अनाज घट्ट चलाउने जमर्को गरेका होलान् भन्ने अर्थ भने लाग्दैन। एक त, सबभन्दा अघिल्लो प्रामाणिक अनाज घट्ट नै उलविचको हो भने पूर्व अज्ञातै भयो; अर्को, आगजनी र आरोप-प्रत्यारोपबाट गैरनिजी (Non-private) पहलप्रति व्यावसायिक वर्गको असहिष्णुताको जनाउ मिल्दछ। अनावश्यक प्रतिकार गर्नुपर्ने अवस्थामा सहकारी अनाज घट्टलाई उछिनेर सौजन्य अनाज घट्ट स्थापना हुने सम्भावना

---

२२ ऐ.।

२३ Tann, रचना पूर्वोल्लिखितमा पुनः उद्धृत।

न्यूनतम दृष्टिगोचर हुन्छ । सृजनशील पानीजहाजकर्मीहरूले आफ्नो अनाज घट्ट खडा गरेर सफल भएपछि बरु देखासिकीमा उपकारकर्मीहरूमा सौजन्यको विचार आएको हुन सक्तछ ।

उलविचको अनाज घट्ट जलाइएकै वर्ष अझ बृहत् आकारमा पुनर्निर्माण गरिएको र चल्दै-चल्दै सन् १८३० को दशकमा विक्री गरेर संस्थापकका सन्ततिमाझ धन बाँडफाँड गरिएको तथ्यसमेत थाहा हुन्छ ।[२४] आगजनी हुँदाकै बखत उलविचको अनाज घट्ट व्यावसायिक एवं साङ्गठनिक रूपमा राम्ररी स्थापित भइसकेको हुनुपर्दछ । आक्रमणको घटनाले त प्रवर्तकहरूलाई अझ बढी सङ्कल्पित बनायो होला ।

जे होस्, वर्तमान सहकारी विधिको पहिलो प्रयोग उलविच र च्याथममै भयो । पानीजहाजकर्मी नै प्रथम सहकारीकर्मी पनि हुन् । G. D. H. Cole भन्दछन्, 'ती निर्माणसोताका पानीजहाजकर्मी नै तसर्थ अग्रज थिए र हामीले जानेबुझेसम्म सहकारिता पिठो पिसानी अनि रोटी पकानीसँगै प्रारम्भ भयो ।'[२५]

**सहकारिताको प्रारम्भ बेलायती नगर उलविचको अनाज घट्टसँगै भयो ।**

उलविच र च्याथमको देखासिकीमा हल (Hull) मा सन् १७९५ मा, हलमै अर्को १८०१ मा, ह्वीट्बी (Whitby) मा १८१२ मा, सियरनेस (Sheerness) मा १८१६ मा र डेभोनपोर्ट (Devonport) मा १८१७ मा अनाज घट्ट, रोटखाना खडा भए [२६] । अनुकरणकै क्रम हुनुपर्दछ फेनविक (Fenwick) का जुलाहा (Weavers) ले सन् १७६९ मा नै सहकारी उपभोक्ता भण्डार खोले ।[२७] यता बर्मिङ्गम (Birmingam) का सूचीकारहरू (Tailors) ले सन् १७७७ मा सहकारी कार्यशाला स्थापना गरेको थाहा हुन्छ ।[२८]

---

२४ हेर्नुहोस्, ऐ. ।

२५ Cole, रचना पूर्वोल्लिखित, पृ. १४ ।

२६ हेर्नुहोस्, ऐ. ।

२७ ऐ. ।

२८ ऐ., पृ. १५ ।

यसरी सन् १७६० देखि १८२५ सम्म उपभोगको छेउबाट उत्पादनको छेउसम्म र बेलायतको दक्षिणी तटबाट पूर्वी तट अनि स्कटल्यान्डमा पनि सहकारी कार्यहरू भइसकेका थिए। Johnston Birchall ले उक्त फैलाउलाई प्रथम सहकारी आन्दोलन मानेका छन्।[२९]

सहकार्यका अर्थमा सहकारिता (Co-operation) शब्द त अघिदेखि नै प्रचलित हो। साझा स्वामित्वको आर्थिक उपार्जन (Undertaking) को अर्थमा सहकारिता र त्यसको प्रतीक सहकारी संस्था (Co-operative) शब्द भने खास गरी सन् १८२० को दशकदेखि नै लोकप्रिय भएका हुन्। पछिका शब्दको भूतप्रभावी प्रयोग (Pre-dated use) को चलन समाजशास्त्रमा चलेको हुनाले 'सहकारी' विशेषण राखिएको भए, नभए पनि पुरानो जमानाका त्यस्तै ढाँचाका स्थापनालाई 'सहकारी' नै भन्ने गरिएको छ।[३०]

यस पुस्तकमा भने सन् १८४४ मा रोचडेली (Rochdale) नमुना स्थापित नहुँदासम्म प्रयोगकै क्रम जारी रहेकाले त्यसअघिका सहकारी संस्था सबैलाई पूर्ण नभइसकेको अर्थमा पूर्वसहकारी संस्था (Pre-co-operatives) भन्न मनपराइएको छ। तदनुसार Birchall को प्रथम सहकारी आन्दोलनलाई पूर्वसहकारी परीक्षण (Pre-co-operative experimentation)[३१] को पहिलो चरण भन्नु मिल्दो लाग्दछ। जे होस्, पहिलो वेगमै प्रशस्त सहकारी अभ्यास भएको थियो।

## ग. सङ्गति अभियान : शुभचिन्तकीय धारा

प्रगतिका अग्रदूत (Pioneers of progress) मध्ये Robert Owen (१७७१-१८५८ ई.) को नाम विद्यालय शिक्षादेखि नै लिइन्छ। Owen साधारण

---

२९ हेर्नुहोस्, Johnston Birchall.a, The International Co-operative Movement (Manchester: Manchester University Press, 1997), पृ. ३–४।

३० हेर्नुहोस्, Tann, रचना पूर्वोल्लिखित।

३१ Birchall स्वयम्ले 'रोडचेल' प्रारम्भ बिन्दुका साथै अघिको प्रशस्त प्रयोगको उत्कर्ष भएको जनाएका छन् (हेर्नुहोस्, Birchall.a, रचना पूर्वोल्लिखित, पृ. ३-४)। Rita Rhodes ले पनि रोचडेली अग्रतापूर्व 'परीक्षणको लामो अवधि' रहेको उल्लेख गरेकी छन् (हेर्नुहोस्, British Co-operative History: A Contribution to the Swedish Project preparing a Global History of the Co-operative Movement presented at a workshop in Stockholm on 20th November 2009, पृ. १)।

पसलेका छोरा थिए । सफलताको कथाका अनौठा पात्रझैं उनले नौ वर्षदेखि नै वस्त्रालयको काम सिक्न थाले । हेर्दाहेर्दै उनी १९ वर्षमा मेन्चेस्टर (Manchester) सुती कारखानाको व्यवस्थापक बने भने २१ वर्ष पुग्दा नपुग्दै स्कटल्यान्डस्थित कारखानाहरूको साझेदार । 'मैले छिट्टै देखेँ', उनी भन्दछन्, 'निर्जीव मेसिनलाई कति हेक्काका साथ व्यवहार गरिन्छ अनि सजीव मेसिनलाई कति उपेक्षा र हेयका साथ' ।[३२]

सजीव मेसिन – अर्थात् श्रमजीवी – को मर्यादा नै मानौँ Owen को जीवनको ध्येय (Mission) बन्यो । नैतिक दोषले गर्दा कामदारहरूमा स्वाभाविक कमी हुन्छन् भन्ने समकालीन नैतिकवादीहरूको धारणा उनलाई पटक्कै चित्त बुझेन । सन् १८१३ र १४ मा प्रकाशित निबन्धहरूमा उनले त्यसको प्रतिवाद गरे । मान्छेको सामाजिक चरित्र उसले बनाउँदैन उसका लागि बनाइन्छ र निमुखा कामदारमा खराबी भए दुरावस्थामा बस्नुपर्ने अनि काम गर्नुपर्ने बाध्यताका कारण भएका हुन् भन्ने तर्क उनले राखे । राम्रो वातावरण दिने हो भने प्रतिउत्तरमा अब्बल कामदार र अब्बल मानिस बनेर निस्किन्छन् गरिबजन भन्ने उनको विश्वास थियो ।

Owen को विचारमा फगत मानवीय संवेदना प्रतिविम्बित थिएन । सन् १७९९ मा न्यु लानार्क (New Lanark) स्थित सुती कारखाना खरिद गरेपछि राम्रो वातावरण दिँदाको अचम्म उनी आफैँले देखिसकेका थिए । उनले मजदुरलाई उपयुक्त घर, शिक्षा-दीक्षा एवं उचित मूल्यमा खानेकुराको व्यवस्था गरे । दैनिक कार्यघण्टा १७ बाट १० मा झारियो र १० वर्षमुनिका बालबालिकालाई काममा नलगाएर पाठशाला खोली पढाइयो । नभन्दै त्यति गर्दा पनि कारखानामा नाफै-नाफा भयो ।

न्यु लानार्कको प्रयोग थालेपछि वा अघि कैले हो कुन्नि ! Francis Place ले Bellers को औद्योगिक पीठको रचना Owen लाई दिएथे । Owen ले त्यसलाई पुनर्मुद्रण गरे । आवधिक पत्रहरूमा छाप्ने क्रममा पनि Bellers को विचार खूबसँग प्रचारित भयो ।[३३]

---

[३२] Digby, रचना पूर्वोल्लिखित, पृ. १५ मा उद्धृत ।

[३३] हेर्नुहोस्, Holyoake, रचना पूर्वोल्लिखित, अध्याय ३, पृ. ७ ।

विभिन्न कारणले Plockboy र Bellers का विचार कागतमै थन्किएका थिए । न्यु लानार्क प्रयोगको सफलताले अब सहकारिताको ग्राम (Village of Co-operation) बसाल्न सकिने प्रस्टै भयो । Owen को सहकारी ग्राम स्वशासित र स्वधान्य नयाँ नैतिक संसार थियो, जसले प्रतिस्पर्धा अनि शोषणको पुरानो संसारलाई प्रतिस्थापन गर्दथ्यो ।

छिटै अमेरिकाको न्यु हार्मोनी (New Harmony) देखि बेलायतको अर्विष्टन (Orbiston) र आयरल्यान्डको रालाहिने (Ralahine) सम्म सहकारी ग्राम खडा गरिए । विचारक, धनीमानी र खास गरी श्रमिक वर्गको बृहत् तप्कामा Owen का अनुयायीहरूको लस्कर देखा पर्‍यो । सन् १८३९ मा क्विनउड (Queenwood) सम्म एकपछि अर्को समुदाय स्थापनाका प्रयास जारी रहे । त्यस बीचमा उत्पादनमा लागेको श्रम नै वस्तुको वास्तविक मूल्य हो भन्ने मान्यतामा श्रम नोट (Labour note) जारी गरेर त्यसैको हिसाबमा शोषणरहित ढङ्गले किनबेच गर्ने गरी राष्ट्रिय समतामूलक श्रम हाट (National Equitable Labour Exchange) पनि चलाइयो । सहकारी बस्ती हुन् वा श्रम बजार, टिकाउ त कतै भएनन् र खास गरी सन् १८४६ मा क्विनउडको विघटन भएपछि निराशा छायो ।

> **सहकारी दर्शन श्रमको मर्यादामा नै बनेको छ, जसका प्रणेता Robert Owen थिए ।**

वैचारिक स्तरमा भने Owen ले तरङ्ग नै ल्याए । मानवीय मर्यादा, श्रमको मूल्य, प्रौढ तथा शिशु शिक्षा, कारखानाको अवस्था सुधार र कार्यघण्टाको कटौतीजस्ता पक्षमा प्रशस्त आवाज उठे । समाजवादी जागरणको फलस्वरूप कतिपय सुधारात्मक कदम चालिए । असफलताकै भला, समुदाय बनाउने काममा पनि अनुभव मिल्यो । सहकारी ग्रामको सङ्गति अभियानमा सहकारिता शब्द त्यत्तिकै लोकप्रिय भयो  र सहकारी संस्था (Co-operative), सहकारीकर्मी (Co-operator) जस्ता व्युत्पत्ति आम प्रयोगमा आए । Owen को विचार र सत्प्रयासले औद्योगिक सभ्यताको रचनामा बृहत् एवं पृथक् परिप्रेक्ष्य प्रदान गर्‍यो । चिन्तन, मनन र प्रयोगको अर्थमा Owen साँच्चिकै संसार निर्माता थिए ।

## घ. सङ्गति अभियान : स्वावलम्बी धारा

बाढीमा नदीको मूलधार एकातिर बग्दछ; प्रायः नदी छचल्किएर यत्रतत्र विभिन्न धार पनि देखा पर्दछन् । ओवनी समाजवाद (Owenite Socialism) मा पनि त्यस्तै भयो । खास गरी सहकारी ग्रामको हकमा दुई धार निस्किए । Owen को जोड समताका प्रतीक सहकारी ग्राम बसालेर आम जीवन सुखी, सम्पन्न बनाउनेमा थियो । उनका अनुयायीहरू सबैजसो त्यसमा सहमत थिए तर ग्राम स्थापनार्थ चाहिने स्रोतको व्यवस्था र ग्रामवासीको स्तरगत समानतामा मतान्तर प्रकट भयो ।

Owen ले त्यस्तो समुदाय खडा गर्न सम्पन्न कल्याणकारीले पैसा दिन सक्ने र दिनुपर्ने धारणा राख्दथे । उनले ग्रामवासीमा भेद गर्न आवश्यक पनि देखेका थिएनन्; उत्साहित अभियन्ता जोसुकै ग्राममा बस्न सक्ने थिए । बेलायतभरि अनि विश्वव्यापी रूपमै सहकारी समुदायले ढाक्ने महत्त्वाकाङ्क्षा उनमा थियो, जहाँ को सहभागी हुने भन्ने प्रश्न त्यसै पनि गौण हुने भयो ।

फरक धारणा राख्नेहरूको अग्रपङ्क्तिमा Dr. William King (१७८६-१८६५ ई.) को नाम आउँदछ । मानविकीमा स्नातकोत्तर पूरा गरेपछि चिकित्साशास्त्रमा पनि स्नातकोत्तर गरेका Dr. King बहुविधाका ज्ञानी त थिए नै, कल्याणकारी स्वभावका धनी पनि थिए । ब्राइज्टन (Brighton) मा बस्न थालेपछि King 'गरिबजनका डाक्टर' कहलाइए तर गरिबीको उपचारपट्टि पनि उनी त्यत्तिकै चिन्तनशील भए ।

Owen र Dr. King दुवैले श्रमको सर्वोच्च मूल्य (Supreme value of labour) मान्दथे । साथै Dr. King ले पुँजीलाई नियन्त्रण गर्नुपर्ने आवश्यकता पनि देख्दथे । उनको विचारमा पुँजी श्रमकै साँचिएको उपज (Product of labour put to reserve) हो ।[३४] पुँजीलाई श्रमको अधीनमा राख्ने उपायकै खोजीमा उनी श्रमिकहरूले परनिर्भर भएर होइन, आत्मनिर्भर भएर सहकारी ग्राम बसाल्न अनि उन्नतिका कार्य गर्न सक्तछन् भन्ने टुङ्गोमा पुगेका होलान् । उनको विश्वास निजात्मक थिएन । उनले श्रमिकहरूले मिलीजुली सातापिच्छे पैसा जम्मा पार्ने र दुःख, बिरामी पर्दा फिर्ता लिने गरेको

---

[३४] हेर्नुहोस्, Digby, रचना पूर्वोल्लिखित, पृ. १८ ।

देखेका थिए ।[३५] पारस्परिक सहायताको त्यस्तो चलनलाई बढवा दिने काममा पनि उनी लागेका थिए ।

Dr. King ले फेनविक र अन्यत्र पनि फाट्फुट् खुलेका साझा पसलको कुरो पक्कै देखे, सुनेका थिए होलान् । जे होस्, सदस्यको नियमित सञ्चयमा उनीहरूलाई दैनिक चाहिने सामान थोकमा किनेर बेच्ने हो भने त नाफा पनि थपिन्थ्यो ।[३६] त्यसरी जम्मा हुने पुँजीबाट एकपछि अर्को गरेर सदस्यहरूले पारिश्रमिक लिएर पहिला सदस्यहरूलाई नै र पछि गैरसदस्यलाई आवश्यक पर्ने वस्तुहरूको उत्पादन गर्न सक्तथे । उत्पादन कार्यको नाफाले साझा कोष झन् बढी हुन्थ्यो । एवं रीतले यथासमय बसोबास, रोजगारी, भइपरिको सुरक्षासमेत मनमाफिकको सहकारी ग्राम स्थापना गर्न जत्ति स्रोत भइहाल्दथ्यो ।

Dr. King अभियन्ताभन्दा पनि वैचारिक नेता थिए । ब्राइज्टनमा शिशु पाठशाला (१८२३ ई.), यान्त्रिक अध्ययन संस्थान (१८२५ ई.), गरिबजनमाझ किफायत र उद्योगलाई प्रोत्साहन दिने जिल्ला संस्था (१८२४ ई.) को स्थापनामा उनले लागिमेली अवश्य गरेका थिए ।[३७] उनको विशेष स्थान भने शैक्षिक फाँटमै रह्यो । मानवीय संवेदनशीलता, प्राज्ञिक विशिष्टता र व्यवहारोपयोगी अजमाइससमेतको संयोग परेकाले उनी अनुपम गुरु थिए । उनकै दीक्षाको फलस्वरूप सन् १८२७ को प्रारम्भमा शिष्यहरूले साप्ताहिक रूपमा स-सानो रकम जम्मा गर्दै असमर्थ व्यक्तिलाई सहकारी समुदायमा सामेल हुन सहयोग गर्नुका साथै सहकारिताको प्रचार गर्ने अभिप्रायले ब्राइज्टन सहकारी सदिच्छीय कोष सङ्घटन (Brighton Co-operative Benevolent Fund Association) खोले । त्यसै वर्षको मध्यतिर उक्त सङ्घटनको आङ्गिक संस्थाका रूपमा सहकारी बेपार सङ्घटन (Co-operative Trading Association) पनि खडा गरियो, जसले सदस्यहरूलाई आवश्यक उपभोग्य

[३५] हेर्नुहोस्, Rhodes, रचना पूर्वोल्लिखित, पृ. १ ।

[३६] ऐ. ।

[३७] हेर्नुहोस्, T.W. Mercer (ed.), Dr. William King and The Co-operator, 1828-1830 (Manchester: Co-operative Union, 1922), पृ. III–V ।

वस्तु थोकमा खरिद गरेर बेच्दथ्यो।[३८] सहकारी बेपार सङ्घटनका सदस्य विभिन्न पेसाका श्रमजीवी थिए।

सङ्घटनको प्रगति भनेजस्तै भयो। सदस्य थपिए; बेपार राम्रो चल्यो। जग्गा भाडामा लिएर केही सदस्यलाई तरकारी खेती गर्न लगाइयो। उत्पादित तरकारी बेच्न आफ्नै पसल थियो। त्यस्तै छाँटकाँटले त पाँच वर्षभित्रै अर्विस्टनमा जस्तै सहकारी ग्राम बसाल्न सकिने अड्कल काट्न थालियो।

सहकारिताका ऐतिहासिक गुरु **Dr. King** को पुँजीलाई श्रमको अधीनमा राख्ने विचारबाटै स्वावलम्बी आन्दोलनको विकास भयो ।

Owen को सहकारी ग्राममा उपभोक्ता भण्डार हुन्थ्यो भने पनि त्यसै रूपमा हुन्थ्यो। उपभोक्ता भण्डार खोलेर पैसा जम्मा पारी सहकारी ग्राम बसालम्ला भन्ने मनसुबा Owen का अग्रवर्ती अभियन्तामा थिएन। उनीहरू त एकैचोटि समाजकर्मीको दान-दातव्यबाट स्रोत जुटाउने कुरो गर्दथे। Owen स्वयम्लाई त उपभोक्ता भण्डार राख्ने लहर देखी दिक्कसमेत लाग्दथ्यो। कार्लिस्ले (Carlisle) मा उपभोक्ता भण्डारहरू चलिरहेको फेला पार्दा सन् १८३६ मा उनले यसोसम्म भनेथे :

> मलाई अचम्म लाग्यो कि मैले त्यहाँ नगरका विभिन्न भागमा छ-सातोटा सहकारी संस्थाहरू भेट्टाएँ, जसले उनीहरूको विचारमा राम्रो गरेका – अर्थात् संयुक्त पुँजीको खुद्रा बेपार गरेर केही नाफा कमाएका – रहेछन्। परन्तु, हामीले मनमा राखेको सामाजिक प्रणाली यो नै हो अथवा नयाँ नैतिक संसारको बन्दोबस्तको यो कुनै भाग हुनेछ भन्ने खालको जनमानसमा ज्यादै घर गरिरहेको धारणा अन्त्य गर्नुपर्ने बेला आएको छ।[३९]

---

[३८] ऐ.।

[३९] Cole, रचना पूर्वोल्लिखित, पृ. ६८ मा उद्धृत।

जे होस्, सङ्गति अभियानको स्वावलम्बी धारा बगी नै रह्यो । थप वर्णन गर्न स्थान नपुग्ला । तैपनि Dr. King सँगै स्वावलम्बी चिन्तकहरूमा Holyoake को नाम भने लिनैपर्ने हुन्छ ।[४०]

## ङ. द्वितीय चरण

सहकारी बेपार सङ्घटनको सफलताले Dr. King र उनका सहकर्मी अति उत्साहित थिए । अब अलमलिने कुरो थिएन । सहकारिताको प्रचार-प्रसार गर्नु थियो । Dr. King ले सन् १८२८ को मे १ तारिखदेखि The Co-operator नामको मासिक पत्रिका निकाल्न थाले । पत्रिकामा सहकारी विचार र विधिका विभिन्न पक्षमा सरल भाषामा चर्चा गरिन्थ्यो; उदाहरणहरू त्यत्तिकै दिइन्थे । सन् १८३० को अगस्त १ तारिखसम्म जम्मा २८ अङ्क निस्किएको उक्त पत्रिका बेलायतभरि सहकारी जागरण ल्याउनमा खूब काम लाग्यो ।

सहकारी प्रवर्धनमा प्रोत्साहन मिलोस् भनेर होला Dr. King ले पत्रिकामा देशमा खुलेका संस्थाहरूको तथ्यसमेत राख्दथे । त्यसो गर्न थाल्दा जम्माजम्मी संस्था चारोटा थिए । संस्थाको सङ्ख्या चाँडोचाँडो बढेर सन् १८२९ को मध्यमा ७० र अन्त्यमा १३० पुग्यो । पत्रिकाको अन्तिम अङ्कमा ३०० बढी संस्था खुलेको उल्लेख गरिएको छ । जनमानसमा पत्रिकाको राम्रो छाप परेको थियो भन्ने त्यसबाट पनि थाहा हुन्छ ।

Dr. King को सिको गर्दै बेलायतमा दर्जनौँ सहकारी पत्रिकाको प्रकाशन हुन थाल्यो । सहकारी व्यवसाय प्रारम्भ गर्नमा श्रम सङ्गठनका तर्फबाट त्यत्तिकै पहल लिइए । सन् १८३१ मा मेन्चेस्टर (Manchester) देखि १८३५ मा हालिफाक्स (Halifax) सम्म आठोटा सहकारी महासभा (Congress) पनि सम्पन्न भए ।

सन् १८३५ तिर आइपुग्दा भने श्रमिक सङ्गठनहरूको निस्तेजी, शुभचिन्तकीय सङ्गति अभियन्ताहरूको ग्रामभन्दा घटीका पसलजस्ता सहकारी प्रयासप्रतिको उपेक्षा र स्वावलम्बी सङ्गति अभियन्ताका नायक Dr. King को पारिवारिक कठिनाइसमेतले असक्रियताजस्ता कारणले सहकारी कार्यहरू अलपत्रजस्तै परे ।

---

[४०] यस पुस्तकमा ठाउँ-ठाउँमा उद्धृत गरिएका सहकारी आन्दोलनका इतिहासकार George Jacob Holyoake यिनै हुन्, जो Owen का मित्र, समर्थक, आलोचक, सङ्गति उन्नायक र रोडचेली अग्रज (Rochdale Pioneers) का उत्प्रेरकसमेत थिए ।

त्यस बीच सन् १८३२ मा नै ब्राइज्टनस्थित सहकारी बेपार सङ्घटन पनि हराइसकेको थियो। यता श्रमिक वर्गको उत्थानका लागि फाटफुटे कदम होइन, मताधिकार नै चाहिन्छ भन्ने आन्दोलन (Chartist movement) चल्यो। अनाज आयातमा नियन्त्रण गर्ने विधानको खारेजीका लागि सम्मिलन (Anti-corn Law League) पनि देखा पर्‍यो। अभाव, उपेक्षा र अनिश्चिततामा बाँचेका श्रमिक वर्गमाझ 'निकास के हो ?' भन्ने अलमल हुने नै भयो।

Birchall ले दोस्रो सहकारी आन्दोलन सन् १८२६ मा ब्राइज्टनबाट सुरु भएर सन् १८३३ सम्म बेलायतभरि अनि आयरल्यान्डधरि फैलिएको थियो भनेका छन्।[४१] माथि Birchall को पहिलो सहकारी आन्दोलनलाई पूर्वसहकारी परीक्षणको पहिलो चरण भनिएको थियो। त्यसै गरी उनको दोस्रो सहकारी आन्दोलनलाई यहाँ पूर्वसहकारी प्रयोगको दोस्रो चरण भन्न सकिन्छ, जुन Owen को समाजवादी अभियानकै क्रममा प्रकट स्वावलम्बी विचारधाराको मूर्त रूप थियो।

## २.३ सहकारी संस्थापना

### क. अग्रताको कथा

निराशाको सुनसानमा नयाँ प्रारम्भ पनि हुन्छ। दोस्रो परीक्षण कालमा आसलाग्दो सहकारी आन्दोलन अनपेक्षित रूपमा धराशायी भएपछि पनि सुनसानै थियो। झन्डै १० वर्षको अन्तरालमा रोचडेल नगरमा चहलपहल हुन थाल्यो। त्यहाँका श्रमिक अगुवाहरू कति दिनदेखिको भलाकुसारीपछि सन् १८४४ को अगस्त १ तारिखमा निर्णायक बैठकमा जुटे। कुरो नौलो थिएन। संस्था गठन गरेर लागिमेली पसल खोल्ने नै थियो। तदनुसार अगस्त १५ तारिखमा रोचडेल समतामूलक अग्रजको संस्था (Rochdale Society of Equitable Pioneers) स्थापित भयो।

---

[४१] हेर्नुहोस्, Birchall.a, रचना पूर्वोल्लिखित, पृ. ४। Cole ले भने सन् १८२६ देखि १८३५ को दशकभरि नै Owen को 'सहकारिता' मुख्यतया जगमगाएको उल्लेख गरेका छन् (हेर्नुहोस्, Cole, रचना पूर्वोल्लिखित पृ. २५)। यहाँनेर पछिल्लो सहकारी महासभा सन् १८३५ मा भएको तथ्य पनि ध्यानयोग्य छ।

सन् १७९३ मा जारी भएको Friendly Societies Act अन्तर्गत दर्ता गरिएको उक्त संस्थाको नाममा 'सहकारी' विशेषण नराखेर समतामूलक विशेषण राखिएको थियो, जुन Owen को मनपर्दो थियो । Owen का अनुयायीहरूले वस्तुको यथाशक्य जायज विनिमय हुनुपर्दछ भन्ने अर्थ लाग्ने गरी 'समतामूलक' शब्दको प्रयोग गर्दथे ।[४२] बहुचर्चित राष्ट्रिय श्रम हाटको नाममा पनि 'समतामूलक' विशेषण परेको थियो । 'अग्रज' विशेषणको तात्पर्य त्यति प्रस्ट हुँदैन । सम्भवतः साझा उपभोक्ता भण्डारबाटै श्रमिक वर्गको उन्नतिको स्वधान्य ग्राम खडा गर्ने बाटो देखाउने मनसा प्रतिविम्बित भएको थियो – 'अग्रज' विशेषणको छनौटमा ।

Brett Fairbairn को कथन यस्तो छ–

> समतामूलक अग्रजजस्तो नाम १८४४ [ई.] मा छान्नु भनेको सामाजिक तथा राजनीतिकधरिको विज्ञप्ति थियो र अग्रजहरूले जानीबुझी सामाजिक सुधार एवं श्रमिक वर्ग अनि उसको हितको उन्नयनको आन्दोलनमा स्थान लिइरहेका थिए भन्ने त्यसको निहितार्थ हुन्थ्यो ।[४३]

संस्थाका उद्देश्य पसल चलाउनुमा सीमित थिएनन्; सदस्यको संसार बदल्ने गरी निर्धारण गरिएका थिए । उनीहरूकै शब्दमा–

> यो संस्थाका उद्देश्य र योजनाहरू प्रतिकित्ता एक पाउन्डको अंसधनमा पुँजीको पर्याप्त रकम उठाएर देहायका योजना औ बन्दोबस्त सञ्चालनमा उतारी यसका सदस्यहरूको मौद्रिक लाभका साथै घरायसी एवं सामाजिक अवस्थामा सुधार ल्याउने तारतम्य मिलाउने हुन् :
>
> - खाद्यपेय पदार्थ, लुगाफाटो इत्यादिको विक्री भण्डार स्थापना;
> - आफ्नो घरायसी एवं सामाजिक अवस्थामा सुधार ल्याउन एक-अर्कालाई सघाउन इच्छुक सदस्यहरू बस्न सक्ने गरी थुप्रै भवनहरू निर्माण, खरिद वा खडा गर्ने कार्य;

---

[४२] हेर्नुहोस्, Cole, रचना पूर्वोल्लिखित, पृ. ७७ ।

[४३] Brett Fairbairn, The Meaning of Rochdale: The Rochdale Pioneers and the Co-operative Principles (Saskatoon SK: University of Saskatchewan, 1994), पृ. ५ ।

- रोजगारीविहीन वा बारम्बारको ज्याला कटौतीको परिणामतः पीडित हुन सक्ने सदस्यहरूको रोजगारीका लागि संस्थाले तय गर्ने वस्तुहरूको उत्पादन थाल्ने;
- यस संस्थाका सदस्यहरूको थप लाभ तथा सुरक्षास्वरूप संस्थाले जमिनको चक्ला वा चक्लाहरू किन्ने वा भाडामा लिनेछ, जहाँ रोजगारीविहीन वा आफ्नो श्रम नराम्ररी पारितोषित भएका सदस्यहरूले खेतीपाती गर्नेछन्;
- सक्तो चाँडै यो संस्थाले उत्पादन, वितरण, शिक्षा र शासन (Government) का शक्तिहरूको बन्दोबस्त मिलाउन; अथवा अर्को शब्दमा संयुक्त हितका स्वधान्य गृह ग्रामको स्थापना गर्न वा त्यस्ता ग्रामहरूको स्थापनार्थ अन्य संस्थाहरूलाई सहयोग दिन अघि सर्नेछ र
- मद्यविमुखताको प्रवर्धन गर्न अनुकूल पर्नासाथै संस्थाका भवनमध्ये यौटामा मद्यनिषेध भोजनालय खोल्ने ।[४४]

झट्ट हेर्दा छरपस्ट देखिने उल्लिखित उद्देश्यहरू खासमा ओवनवाद (Owenism) र अघिल्ला सहकारी प्रयोगबाट सङ्गालिएका हुन् ।[४५]

पूर्वसहकारी परीक्षणको दोस्रो कालमा सन् १८३३ मा रोचडेलमा पनि उपभोक्ता भण्डार खोलिएको थियो, जसमा केही त तिनै पनि संलग्न थिए [४६] । उधारो दिनाले पनि हो भनिन्छ – सन् १८३५ सम्म चलेपछि त्यो पसल बन्द भएथ्यो । अन्यत्र देखे, सुनेको अनि आफैँले बेहोरेको असफलताको जगमा नवनिर्माण गर्नु थियो । त्यसैले मानवीय मूल्यहरूलाई बिचोबिच राखेर व्यवसाय चलाउन 'के गर्दा कसो होला' भनेर प्रचलनका एक-एक अभ्यासमा प्रशस्त वादविवाद, चिन्तनमनन गरियो । उदाहरणका लागि एउटा संस्थामा सदस्यले न्यूनतम रकम बराबरको खरिद

> **रोचडेलीहरूले ऊ बेला 'समातामूलक अग्रज' नाम राख्नु नै सामाजिक-राजनीतिक विज्ञप्ति थियो ।**

[४४] Laws and Objects of the Rochdale Society of Equitable Pioneers (www.rochdalepioneersmuseum.coop/Learning Resources), पृ. ३ ।

[४५] हेर्नुहोस्, Cole, रचना पूर्वोल्लिखित, पृ. ७५ ।

[४६] ऐ., पृ. ६३ ।

गर्नुपर्ने नियम थियो, जुन सन् १८३२ मा झिकिएको थियो। त्यस्तै नियम प्रस्तावित संस्थामा राख्ने कि नराख्ने भन्नेमा संस्थापकहरूमा मतान्तर भयो। अन्ततः सहभागिताको ऐच्छिक चरित्रमा आँच आउने भनेर बाध्यात्मक प्रावधान राख्न नहुने टुङ्गोमा पुगियो। साथै खरिदमा लाभांशले नै सदस्यहरूलाई संस्थातर्फ आकर्षित गर्ने विश्वास लिइयो। सस्तो पाए र पैसा नभा' बेला उधारो मिले सदस्यहरूले अन्यत्र किन्न त सक्तथे तर उधारो नतिर्ने समस्या प्रतिस्पर्धी पसलतिरै पन्छिने तर्क पनि गरियो होला।[४७]

सिद्धान्त सुनेर हो वा भाडा तिर्ने छाँट नदेखेर – एकपछि अर्को घरभेटीले पन्छाए। अन्ततः टोड लेन (Toad Lane) मा पुरानो गोदामको भुइँतलो १० वर्षलाई भाडामा मिल्यो। उनीहरूले आफ्नै हातले त्यसको जीर्णोद्धार गरे र डिसेम्बर २१ तारिखमा नौनी, चिनी, उवा र दुई-चारोटा मैनबत्ती राखेर पसल खोले।

त्यतिका परसम्म सोचेर, विगतको पाठ सिकेर र वर्तमानका सीमा सम्झेर थालिएको काम सफल त हुनु नै थियो (तालिका १)।

**तालिका १ : रोडचेली संस्थाको प्रारम्भिक प्रगति**

| वर्ष (ई.) | अंसधन (पाउन्ड) | सदस्यता (जना) | विक्रय (पाउन्ड) | फाइदा (पाउन्ड) |
|---|---|---|---|---|
| १८४४ (स्थापनाका बखत) | २८ | २८ | – | – |
| १८४५ | १८१ | ७४ | ? | २२ |
| १८४८ | ३९७ | १४० | २,२७६ | ११८ |
| १८४९ | १,१९४ | ३९० | ६,६१२ | ५६१ |
| १८६० | ३७,७१० | ३,४५० | १५२,००० | १५,९०६ |

स्रोत : G. D. H. Cole, A Century of Co-operation (Manchester: Co-operative Union, 1944), पृ. ७८-७९।

रोचडेली संस्थाको प्रगति त अघिल्ला चार वर्षमा पनि भइरहेकै थियो। सन् १८४९ मा स्थानीय बचत बैङ्क डुबेर पीडितहरू आएपछि संस्थाको सदस्य

[४७] ऐ., पृ. ७१।

सङ्ख्यासँगै पुँजी, विक्री र नाफा पनि पुगनपुग तीनगुना भए। संस्थाका गतिविधि त्यसै गरी बढे (तालिका २)।

**तालिका २ : रोचडेली संस्थाका नौला कार्यहरू**

| वर्ष (ई.) | कार्य | कैफियत |
|---|---|---|
| १८४६ | सदस्यमाझ शनिबार अपरान्ह नियमित परामर्श बैठक राख्ने चलन | |
| १८४७ | एक जना सदस्यले बुट्टा छापेको तर सेठले नमिलेको भन्दै फिर्ता गरेको वस्त्रबाटै वस्त्र विभाग खडा र अर्को वर्षदेखि निजकै नेतृत्वमा सिलाइ व्यवसाय सुरु | |
| १८५० | बन्द भएको रोचडेल जनसंस्थानको पुस्तकालय पूरैजसो खरिद | |
| | प्रारम्भमा समिति र उप्रान्त छुट्टै संस्था बनाएर रोचडेल सहकारी अनाज घट्ट सञ्चालन | सन् १९०६ सम्म चलेपछि सहकारी थोक विक्री संस्थामा एकीकरण |
| | थोक विभाग खडा र छिमेकी संस्थाहरूलाई पनि विक्री गरी सहयोग | सन् १८६३ मा छुट्टै सहकारी थोक विक्री संस्था स्थापना |
| १८५२ | जुत्ता उत्पादन विभाग थप | |
| १८४८ | वाचनालय खोली इच्छुक सदस्यलाई निश्चित शुल्कमा पत्रिका पढ्ने सुविधा | |
| १८५३ | संस्थाको वितरणका लागि उपलब्ध नाफाको २ प्रतिशत छुट्ट्याएर लागत बेहोर्ने व्यवस्था गरी सदस्यहरूलाई वाचनालय र पुस्तकालयको निःशुल्क सेवा | सहकारी शिक्षा कोषको परम्परा |
| १८५४ | भाडामा ९६ वटा शक्ति-तानसहितको रोचडेल सहकारी उत्पादन संस्था स्थापना, | सन् १८६२ मा भने सामान्य |

| | | |
|---|---|---|
| | सञ्चालन र बढोत्तरी | नाफामूलक व्यवसायमा परिणत |
| १८६७ | नयाँ केन्द्रीय उपभोक्ता भण्डार निर्माण एवं भव्य समारोहबीच उद्घाटन | |
| १८६८ | सदस्यका लागि सुलभ आवास निर्माण कार्यारम्भ | |

स्रोत : G. D. H. Cole, A Century of Co-operation (Manchester: Co-operative Union, 1944), पृ. ८४-९२ बाट साभार ।

रोचडेली अग्रजहरूले बृहत् स्तरमा उत्पादन कार्य थाल्दा समतामूलक संस्थाकै अभिन्न क्रियाकलापको रूपमा साधारण सभाको नियन्त्रणअन्तर्गत नराखेर संलग्न कामदारहरू सम्मिलित अलग्गै संस्था बनाउने तरिका रोजेका थिए। तदनुसार स्वशासकीय जिम्मा प्रवर्धित संस्थाका सदस्यहरूलाई मिल्ने हुन्थ्यो – यद्यपि पुँजीमा समतामूलक संस्थाको उल्लेखनीय अंस हुन्थ्यो भने समितिमा यतापट्टिका सदस्यहरू पनि सक्रिय देखिन्थे। छुट्टै संस्था प्रवर्धन गर्नाको अर्को कारण त्यसो नगर्दा सम्बन्धित उद्योगका कामदारहरूलाई समतामूलक संस्थाको सदस्यता लिन बाध्य पारेजस्तै पनि हुन सक्तथ्यो।[४८]

जुन तरिकाले भए पनि समतामूलक अग्रजहरूले आफ्नो उद्देश्य हेरी संस्थाका क्रियाकलाप फैलाउँदै गए। उनीहरूले मद्यनिषेध भोजनालय खोलेनन्, खेतीपातीका लागि चक्ला जग्गा किनेनन् र सहकारी ग्राम बनाउने कुरो पनि त्यत्तिकै भयो। सुलभ आवास निर्माण कार्य अवश्य गरे।

थुप्रै नयाँ सदस्यहरू, प्रशस्त पुँजी सृजना, तीव्र व्यावसायिक विस्तार – साङ्गठनिक जीवनमा मनमुटाव पनि नभएको होइन। खास गरी सन् १८६७ तिर कर्मचारीमाथिको अविश्वास, खरिदमा लाभांश घटेको गुनासो र विधिगत विमतिसमेतका कारण सङ्कट नै आइपर्‍यो। अन्ततः सन् १८६९ मा व्यवस्थापकलाई जिम्मेवारीमुक्त गरियो। उनले सदस्यहरू फुटाएर रोचडेली हितकारी संस्था (Rochdale Provident Society) खोले। विभाजनले एक-दुई वर्ष मूल संस्थाको सदस्यता र व्यवसायमा असर पर्‍यो। त्यसपछि भने

[४८] ऐ., पृ. ८८-८९।

विकासको गति कायमै भयो । हितकारी संस्था सन् १९३३ मा पुनः समतामूलक संस्थामा नगाभिँदासम्म चलेथ्यो ।[४९]

छिमेकी संस्थाहरूसँग एकीकरण हुँदै र तदनुसार सन् १९७६ देखि अग्रज (Pioneers) अनि १९८२ देखि उत्तरपश्चिमी अग्रज (Norwest Pioneers) संस्थाका नामबाट १९९१ सम्म रोचडेली संस्था अस्तित्वमा रह्यो । सन् १९९१ मा उत्तरपश्चिमी सहकारी संस्थाले संयुक्त सहकारी संस्था (United Co-operatives) मा व्यवसाय हस्तान्तरण गऱ्यो, जसले २००७ मा फेरि सहकारी समूह (The Co-operative Group) मा व्यवसाय सारेको छ ।[५०] इतिहास रचेको टोड लेनको सुरुको पसल भने सन् १९३१ देखि नै सहकारी थोक विक्री संस्थाले सङ्ग्रहालयको रूपमा संरक्षण गरेको छ ।

**ख. आचार नियमहरू**

अग्रवर्ती रोचडेलीहरूको विचार विमर्शको शृङ्खला अविच्छिन्न थियो । संस्था दर्ता हुँदासम्मका निष्कर्षहरू प्रायः विधानमा परे । विचारधारा त त्यै बेला प्रस्ट भइसकेको थियो ।

Fairbairn लेख्दछन् :

> ... यो टिपोटलायक छ कि पछि सहकारी सिद्धान्त मानिएका केही कुरा अग्रजहरूको सबभन्दा अघिल्ला नियमहरूमा भेटिन्छन् । तीमध्ये सदस्यमा आधारित व्यवसायका सामान्य विचार थिए, जहाँ सदस्यहरूमा स्वामित्व हुन्छ, अधिकार रहन्छ र संस्थाको नियन्त्रणका लागि कार्यविधिहरू हुन्छन् ।[५१]

उप्रान्त व्यावहारिक ज्ञानको प्रकाशमा संशोधनको सिलसिला चल्यो । साधारण सभाबाट निर्केवलहरू (Resolutions) पारित भए । मौलिक वा संशोधित विधानका प्रावधान हुन् अथवा साधारण सभामा बनेका सम्मति, त्यत्तिकै मर्यादाका साथ पालना गरिए ।

---

[४९] ऐ., पृ. ९४ ।

[५०] https//www.wikipedia.org हेर्नुहोस् ।

[५१] Fairbairn, रचना पूर्वोल्लिखित, पृ. ७ ।

संस्थाको सफलतासँगै बाहिरफेरोको चासो पर्ने नै भयो। Holyoake जस्ता विद्वान्को सङ्गत त थियो नै, अध्ययन, अनुकरणको हेतुले पनि जिज्ञासुहरू आइरहन्थे। सल्लाह दिनुपर्ने, व्याख्या गर्नुपर्ने, बहसमा सरिक हुनुपर्ने भएकाले पनि अझ बढ्ता वैचारिक प्रस्टता आयो होला।

जे होस्, सन् १८६० सम्ममा परिवर्धनको क्रम प्रायः पूरा भएको अनुमान हुन्छ। विचार व्यवहारमा स्थापित भइसकेको थियो भने व्यवहारबाट विचार निर्दिष्ट। रोचडेली नियमहरू अब सर्वमान्य बन्दै थिए। बेलायतभरि र अन्यत्रसमेत रोचडेलको नाम चल्दै थियो। सहकारी विधिव्यवहारको त्यो रमाइलो विकासक्रम तालिका ३ मा झल्किन्छ।

## तालिका ३ : रोचडेली नियम : प्रतिपादन र परिमार्जनको प्रलेख

| सि.नं. | संस्थापनको विधान : १८४४ ई. [५२] | विधानमा संशोधन : १८४५ ई. [५३] | विधानमा संशोधन : १८५४ ई. [५४] | वार्षिक मुखपत्रमा प्रकाशित आचार नियम : १८६० ई.[५५] | सम्पादित संस्करण [५६] | कैफियत |
|---|---|---|---|---|---|---|
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) |
| १. | • संस्थाको सदस्यता लिन चाहने व्यक्तिलाई दुई जना सदस्यले पदाधिकारी एवं सञ्चालकहरूको बैठकमा प्रस्ताव र समर्थन गरेको हुनुपर्ने तथा उपस्थित भएकाको बहुमतले | | | • सदस्यतामा लैङ्गिक बराबरीको सिद्धान्त प्रयोगमा रहनुपर्दछ **(बुँदा ६)** | • संस्थापक सदस्यसरहकै सर्तमा जोसुकै संस्थामा प्रवेश गर्न सक्ने **खुला सदस्यता** | |

---

[५२] पाद टिप्पणी ४४, पृ. ४-१२।

[५३] Fairbairn, रचना पूर्वोल्लिखित, पृ. ९।

[५४] ऐ.।

[५५] ऐ., पृ. २०।

[५६] Cole, रचना पूर्वोल्लिखित, पृ. ६३-६४।

| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) |
|---|---|---|---|---|---|---|
| | स्वीकृत गरे [पदाधिकारी एवं सञ्चालकहरूको] अर्को साप्ताहिक बैठकमा [सदस्यताका लागि] निर्वाचनयोग्य मानिने **(दफा १३)**<br>• कुनै सदस्यले संस्थाबाट निस्कन चाहेमा पदाधिकारीहरूलाई मनसुबाको एक महिने सूचना दिनुपर्ने र सो [एक महिनाको] समय व्यतीत भएपछि समितिको अर्को बैठकसम्म निस्कन स्वतन्त्र हुने **(दफा १५)** | | | | | |

| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) |
| --- | --- | --- | --- | --- | --- | --- |
| २. | • साधारण सभामा निर्वाचित र पुनर्निर्वाचनका लागि योग्य पदाधिकारी (अध्यक्ष, कोषाध्यक्ष, सचिव), तीन जना विश्वासपात्र (Trustees) र पाँच जना सञ्चालकमा संस्थाको सञ्चालन [को अभिभारा] रहने **(दफा २)**<br>• त्रैमासिक साधारण सभा **(दफा ५),** वार्षिक साधारण सभा **(दफा ६)** र विश्वासपात्र वा अन्य | • सदस्यहरू प्रत्येकले एक मत, बेसी नपाउने<br>• संस्थाको मामिलामा कुराकानी गर्न प्रत्येक महिना साधारण सभा बस्ने<br>• विस्तृत व्यवस्थापकीय नियमहरू खारेज; सट्टामा पसलका कार्यविधिहरू बनाउने कर्तव्य सञ्चालक समितिको हुने | | • सञ्चालनमा 'एक सदस्य एक मत' को सिद्धान्त प्रयोगमा रहनुपर्दछ **(बुँदा ६)**<br>• आवधिक रूपमा निर्वाचित पदाधिकारी र समितिको हातमा व्यवस्थापन हुनुपर्दछ **(बुँदा ७)**<br>• बेरबेरै विवरण र वासलातहरू सदस्यसमक्ष दाखिला गरिनुपर्दछ **(बुँदा ९)** | • प्रत्येक सदस्यले एक मतको अधिकार पाउने **लोकतान्त्रिक नियन्त्रण** | • Friendly Societies Act १७९३ अन्तर्गत दर्ता भएका संस्थाहरूले सम्पत्ति राख्न नपाउने भएकाले संस्थाको सम्पत्ति विश्वासपात्रहरूको जिम्मामा रहने व्यवस्था गरिएको थियो । Provident Societies Act १८५२ ले पहिलोपल्ट सहकारी संस्थाहरूलाई |

| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) |
|---|---|---|---|---|---|---|
| | पदाधिकारीहरूको पद रिक्त भए पुन: निर्वाचन गर्ने विशेष साधारण सभा **(दफा २)** बस्ने | | | | | एक एकड जग्गासहित सम्पत्तिको स्वामित्व लिन सक्ने अनुमति दियो ।[५७] |
| ३. | • प्रत्येक त्रैमासिक साधारण सभामा पदाधिकारीहरूले पेस गर्ने वित्तीय विवरणमा संस्थाले अघिल्लो त्रैमासिक अवधिमा गरेको नाफाको रकम प्रकाशित गर्ने, जसको विभाजन यसप्रकार हुने : त्रैमासिक | | • पहिले व्यवस्थापकीय खर्च बेहोर्ने, सापटी लिइएको पुंजीको व्याज तिर्ने, अंसधनमा ... [निर्धारित] व्याज दिन, ह्रास तिर्ने, | • पुंजी आफैँले जुटाएको हुनुपर्दछ र त्यसमा निर्धारित (Fixed) व्याज राखिनुपर्दछ **(बुँदा १)**<br><br>• नाफा प्रत्येक सदस्यको खरिद परिमाणको अनुपातमा विभाजन गरिनुपर्दछ **(बुँदा ५)** | • संस्थामा दिइएको पुँजीमा **निर्धारित अथवा सीमित व्याज**<br><br>• व्याज र संयुक्त खर्च भुक्तानीपछिको उबार (Surplus) **खरिदको अनुपातमा** | |

[५७] हेर्नुहोस्, Fairbairn, रचना पूर्वोल्लिखित, पृ. ८ ।

| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) |
|---|---|---|---|---|---|---|
| | अवधिको प्रारम्भमा चुक्ता गरेको अंसधनमा वार्षिक ३.५ प्रतिशतका दरले व्याज तिरिने र बचेको नाफा प्रत्येक सदस्यलाई उसले पसलमा खर्च गरेको रकमको आधारमा दिइने **(दफा २२)** | | जगेडा कोष खडा गर्न, व्यावसायिक विकासमा लगानी गर्न र शैक्षिक कार्यक्रममा खर्च गर्न ... [नाफा] को उपयोग गरेपछि मात्र ... [खरिदको अनुपातमा ] वितरण गरिने<br>• संस्थाको विघटन हुँदा संयुक्त सम्पत्ति सदस्यको लाभका लागि | | सदस्यलाई **लाभांश**मा वितरण | |

| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) |
|---|---|---|---|---|---|---|
| | | | विक्री नगरिने – बरु कुनै परोपकारी वा अन्य स्वार्थरहित संस्थालाई दान दिइने | | | |
| ४. | • संस्थाका पदाधिकारीहरूले नगदमा बाहेक कुनै पनि अवस्था वा बहानामा कुनै वस्तु खरिद नगर्ने – न त उनीहरूलाई नगदमा बाहेक कुनै वस्तु विक्री गर्ने अनुमति नै मिल्ने **(दफा २१)** | | | • बजारमा चलेको मूल्य लिइनुपर्दछ र उधारो दिने वा माग्ने कुरो हुँदैन **(बुँदा ४)** | • उधारो नदिएर नगदमा बेपार | |
| ५. | | | • संस्थाको वार्षिक वितरणपूर्व ... | • शिक्षामा नाफाको निश्चित प्रतिशत छुट्ट्याइनुपर्दछ **(बुँदा ८)** | • पारस्परिक बेपारमा साथै **सहकारी** | |

| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) |
|---|---|---|---|---|---|---|
| | | | [नाफाको] २.५ प्रतिशत कटाएर सदस्यहरू एवं तिनका परिवारहरूको बौद्धिक उन्नयनका लागि छुट्टै र विशिष्ट कोषमा राख्ने | | सिद्धान्तका सम्बन्धमा सदस्यहरूलाई **शिक्षा** | |
| ६. | | | | • पूरापूर नापतौल दिइनुपर्दछ **(बुँदा ३)** | | |
| ७. | | | | • सदस्यलाई खरिद गर्न मिलेसम्मका शुद्धतम चिजबिजमात्र आपूर्ति गरिनुपर्दछ **(बुँदा २)** | • शुद्ध एवं मिसावटबिनाको वस्तुमात्र विक्री | |

| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) |
|---|---|---|---|---|---|---|
| ८. | | | | • वर्तमान सहकारी आन्दोलनले अहिले समाजमा रहेका अनेक धार्मिक वा राजनीतिक भिन्नताको बीचमा पर्ने मनसुबा नराख्ने तर [यो] साझा बन्धन, अर्थात् प्रत्येकको साझा लाभका लागि सबैको साधन, शक्ति र प्रतिभा जुटाउने स्वहितबाट [चल्ने] **(बुँदाहरूको शिर बेहोरा)** | • राजनीतिक तथा धार्मिक तटस्थता | |

## ग. वैचारिक निदर्शन

रोचडेली नियमहरू व्यावसायिक हुनुका साथै मानवोचित थिए। प्रवर्तकहरूले प्रत्येक सुझाउलाई दुइटै कसीमा जाँच्दथे। परन्तु, उनीहरूले जसरी आकाङ्क्षा जाहेर गरे र तौरतरिका जनाए त्यसरी दर्शन बताएनन्। ‘सहकारी सिद्धान्त’ भनेजस्तो कुनै शीर्षकको विज्ञप्ति अग्रजहरूको तर्फबाट आएन। Thomas William Mercer को विचारमा, ‘सम्भवतः उनीहरू दार्शनिक बन्नै नपाउने गरी अत्यन्त व्यावहारिक थिए ... ।’ [५८]

आकाङ्क्षा सम्झेर बनाइएका नियमहरू बराबरी त हुने नै भए। अर्थात् नियमहरूमा नै वैचारिक सङ्केत मिल्दथ्यो। त्यसैले त Mercer ले अग्रगामीले अपनाएका तरिका (Methods) मा नै सिद्धान्तहरू मुखरित भएको देख्दछन्। तालिका ४ मा Mercer को सृजनात्मक सम्बन्धन दिइएको छ।

**तालिका ४ : रोचडेली रचना : विधिदेखि विचारसम्म**

| स्वीकृत संहिता | प्रकट सिद्धान्त |
|---|---|
| • सदस्यतामा सबै पुरुष र महिलालाई स्वागत | • सर्वमान्यताको सिद्धान्त (The Principle of Universality) |
| • आफैँले जुटाएको पुँजी<br>• सञ्चालनमा ‘एक सदस्य, एक मत’ को चलन<br>• पुरुष, महिला सबै सदस्यको समान अधिकार<br>• व्यवस्थापनको अख्तियार आवधिक रूपमा निर्वाचित पदाधिकारीको हातमा | • लोकतन्त्रको सिद्धान्त (The Principle of Democracy) |

[५८] Thomas William Mercer, 'Foundation of Co-operation: Rochdale Principles and Methods', Review of International Co-operation, No. 9, September 1931 ।

| | |
|---|---|
| • पाएसम्म शुद्ध सरसामानको विक्रय<br>• पूर्ण नापतौलको निश्चय<br>• खरिदको हिसाबमा सदस्यलाई नाफा वितरण | • समताको सिद्धान्त (The Principle of Equity) |
| • उधारो लेनादेना बन्द | • मितव्ययिताको सिद्धान्त (The Principle of Economy)<br>• समताको सिद्धान्त<br>• लोकतन्त्रको सिद्धान्त |
| • सदस्यसमक्ष छिट्छिट्टै विवरण र वासलात पेसाइ | • प्रकाशनको सिद्धान्त (The Principle of Publicity) |
| • संस्थापन एवं सञ्चालनका झट्ट नदेखिने तर नलुकेका चालचलन | • एकताको सिद्धान्त (The Principle of Unity) |
| | • स्वतन्त्रताको सिद्धान्त (The Principle of Liberty) |

स्रोत : Thomas William Mercer, 'Foundation of Co-operation: Rochdale Principles and Methods', Review of International Co-operation, No. 9, September 1931 मा आधारित ।

## घ. प्रारम्भको मान्यता

अघिल्ला दुइटा आन्दोलनलाई बिर्सेझैँ गरी समतामूलक अग्रजको रोचडेल संस्थाबाटै आधुनिक सहकारिताको प्रादुर्भाव भएको मानिन्छ। रोचडेली अग्रजहरूले सहकारी सिद्धान्त प्रतिपादन गरेका होइनन्; चलनचल्तीकै अभ्यास टिपेका हुन् भनिराख्नुपर्ने लाग्दैन । उनीहरूले छरपस्ट सहकारी विचारहरूको संश्लेषण गरेर मानवीय मूल्यको व्यावसायिक अनुशासन बनाए ।

मान्छे सर्वोपरि हो भन्ने विश्वासमा ती श्रमजीवीले 'स्वयम्-इच्छा (Voluntaryism)' लाई कति महत्त्व दिएथे भन्ने त माथि चर्चा गरिसकियो । मताधिकारमा खास गरी महिलालाई पक्षपात गरिने जमानामा समानताका साथै

शिक्षामाथिको विश्वास त्यत्तिकै उल्लेखनीय छन् । वास्तवमा रोचडेली अग्रदूतहरूले सहकारी सिद्धान्तको आविष्कार (Invention) गरेका होइनन् भने यति विद्वत्तापूर्ण परिष्कार गरे कि त्यसबाट शोषणविहीन आर्थिक सम्बन्धहरूको रचना गर्ने दर्शन बन्यो ।

**छरपस्ट विचारहरूको बुद्धिमत्तापूर्ण परिष्कार गरेर रोचडेलका प्रवर्तकहरूले मानवोचित मूल्यको व्यावसायिक अनुशासन बनाए ।**

सोचविचार गरेर Birchall भन्दछन्–

> खुला सदस्यता र लाभांशको सिद्धान्तको योगले आन्दोलनको तीव्र बढोत्तरी हुने थियो । लोकतन्त्र र पुँजीमा सीमित पुरस्कारको योगले त्यो बाहिरी अंसियारहरूले अधिग्रहण गर्न नसक्ने भई उपभोक्ता आन्दोलनको रूपमा रहिरहने थियो । साधारण सभामा लोकतन्त्रको अभ्यास र आधारभूत शिक्षाको योगले सदस्यहरू आफ्नो संस्था राम्ररी चलाउन बुद्धिमानी हुने थिए । तटस्थता (जसलाई हामीले समान अवसर भनौँला) प्रतिको बचनबद्धताले उनीहरूले सबैजसो अनावश्यक विवाद पन्छाउन सक्ने थिए ।[५९]

आदर्शलाई अभ्यासमा उतारेकै भनेर रोचडेली पथप्रदर्शकहरूलाई मानिएको होइन । विशेष परिस्थितिमा विशेष व्यक्तिहरूको विशेष प्रयासले पूर्वसहकारी परीक्षणका क्रममा पनि सफलता मिलेकै थिए । रोचडेली परिरचना (Paradigm) मा त आम परिस्थितिमा आम व्यक्तिहरूको आम प्रयासको सफलता सुनिश्चित थियो ।

बेलायतबाहिर अमेरिकाको बोस्टन (Boston) मा सन् १८४५ मा, स्वीजरल्यान्डको जुरिच (Zürich) मा १८४८ मा, फ्रान्सको हारगीकोर्ट (Hargicourt) मा १८५० र अन्य मुलुकहरूमा पनि त्यस्तै साझा पसलहरू स्थापना गरिएका थिए । तर 'के नपुगेर हो के' भनेजस्तै ती कसैले पनि अग्रगति लिन सकेका थिएनन् । जसै रोचडेली परिपाटीको पत्तो मिल्यो र अवलम्बन गरियो एकपछि अर्को संस्था जगमगाए । त्यतिमात्र कहाँ हो र !

---

[५९] Birchall.a, रचना पूर्वोल्लिखित, पृ. ७–८ ।

विकासको क्रम पनि झन्डै रोचडेलमा जस्तै – खुद्रा विक्रीबाट थोक विक्रीबाट आफ्नै उत्पादन र अन्ततः राष्ट्रिय सहकारी सङ्घको गठन – पो भयो ।[६०]

> रोचडेलले लोकलाई उपभोक्ता भण्डारको नमुनाभन्दा पनि सहकारी संस्कृति दियो ।

यदाकदा रोचडेलबाट सहकारी आन्दोलनको उपभोक्ता धार प्रारम्भ भएको भनिएको भेटिन्छ, जुन मुनासिब लाग्दैन । रोचडेलले लोकलाई उपभोक्ता संस्थाको नमुनाभन्दा पनि सहकारी संस्कृति दिएको थियो । जीवनका अनेक फाँटमा तदनुसार आर्थिक क्रियाकलाप सङ्गठित गर्न सकिहालिन्थ्यो । उपभोक्ताको स्थानमा उत्पादक हुँदा अथवा वस्तु विक्री वितरणको साटो सेवाको प्रवाह गर्नुपर्दा व्यवस्थापकीय पाटोमा स्वाभाविक समायोजन गर्नुपर्ने कुरो पृथक् भयो । रोचडेली प्रवर्तकले नै पनि भिन्नै संस्था बनाएर उत्पादन कार्य सञ्चालन गर्ने बाटो देखाएकै थिए ।

Fairbairn को भनाइ पनि त्यै छ :

> सहकारी आवास, कामदार सहकारी संस्था, संयुक्त कृषि सहकारी संस्थाधरि सबैले प्रेरणाका लागि पछि फर्केर मौलिक रोचडेली योजनातिर हेर्न सक्तछन् किनभने ती सबै अग्रजका परिकल्पनाका खण्ड थिए । सन् १८४४ मा यी खण्डहरू भिन्नाभिन्नै थिएनन् किनभने बीसौँ शताब्दीमा सामान्य बनेको मात्रासम्म [ऊ बेला] उपभोक्ता सहकारिता उत्पादक सहकारिताबाट टुक्रिइसकेको थिएन – न त एउटा क्षेत्र अर्कोबाट नै । रोचडेली अग्रजहरूले एउटा सङ्घटनमा हाल बहुक्षेत्रीय सहकारी आन्दोलन बन्ने सोचना गरेथे ।[६१]

यता सहकारिताबाट लोकतान्त्रिक परिपाटीको विकासमा सहायता मिल्दछ भन्ने चलनजस्तै भएको छ । खासमा लोकतान्त्रिक अभ्यासको फाँटमा राजनीतिकर्मीभन्दा सहकारीकर्मी नै अग्रवर्ती थिए । Fairbairn बताउँदछन् :

> बेलायतभित्र – ती दिनहरूमा जब बेलायत लोकतान्त्रिक मुलुक थिएन – रोचडेलको सफलतालाई लोकतन्त्र चल्न सक्तछ भन्ने

---

[६०] हेर्नुहोस्, ऐ., पृ. १० ।

[६१] Fairbairn, रचना पूर्वोल्लिखित, पृ. ६ ।

प्रमाणको रूपमा लिइएको थियो । सन् १८८४ मा सारा वयस्क पुरुषहरूले मताधिकार प्राप्त गर्नुपूर्व सर्वसाधारणलाई परिपूर्ण निर्णय कार्यका लागि विश्वास गर्न सकिन्छ र लोकतन्त्र अस्तव्यस्ततताजस्तो कुरो होइन भन्ने एउटा दृष्टान्त रोचडेल थियो । मताधिकारको विस्तारका पक्षमा तर्क राख्दा John Bright ले रोचडेली अगुवाहरूलाई उदाहरणका रूपमा उपयोग गरेथे । जब तल्लो सदन (House of Commons) मा मताधिकारको विधेयक पेस गरिएको थियो William Gladstone ले रोचडेलले 'व्यावहारिक मानसका लागि श्रमिक वर्गहरूको केही मताधिकारका पक्षमा तर्क राख्नाको सफलतामा भर पर्नमा अन्य कुनै नगरभन्दा सम्भवतः बेसी गरेको छ' भनी घोषणा गरेथे ।[६२]

रोचडेली सिद्धान्तहरू आफ्नै गुणका कारण लागू भएथे र सर्वमान्य बनेथे । विकासका क्रममा सन् १८९५ मा अन्तर्राष्ट्रिय सहकारी महासङ्घ खडा भयो । महासङ्घको सक्रियतामा सन् १९३१–३४ बीच रोचडेलका सिद्धान्तहरू (Principles of Rochdale) को पुनर्खोजी गरियो । निष्कर्ष : विश्व सहकारी आन्दोलनको सर्वोच्च मञ्चबाट श्रमिक वर्गका नायकका सातोटा नियमहरू सन् १९३७ मा सहकारी सिद्धान्तका रूपमा अनुमोदित भए । उप्रान्त दुईपल्ट महासङ्घले सहकारी सिद्धान्तको पुनरावलोकन गरेको छ तर कुनै परिवर्तन भएको छ भने रोचडेली संस्थापककै भावनालाई मनन गरेर भएको छ ।

**सहकारी सिद्धान्तमा जे-जति परिवर्तन भएको छ रोचडेली नायकहरूकै सोचनाअनुसार भएको छ ।**

## ङ. अग्रजको चिनारी

रोचडेली बन्धुहरूको सङ्ख्यामा दुई मत छ । जम्माजम्मी २८ पाउन्डको अंसधन भएकाले एक-एक पाउन्डका हिसाबमा संस्थापक २८ जना नै थिए

---

६२ Fairbairn, रचना पूर्वोल्लिखित, पृ. १७-१८ [Gladstone Philip N. Backstrom बाट पुनः उद्धृत] । बेलायतमा ऊ बेला महिलालाई मताधिकार थिएन; पुरुषमा पनि मताधिकारका लागि सम्पत्तिको स्वामित्व चाहिन्थ्यो । सन् १९१८ मा सबै पुरुष र ३० वर्षमाथिका सम्पत्तिको योग्यता पुगेका महिला अनि सन् १९२८ मा मात्र पुरुषसरह सबै महिलालाई मताधिकार मिलेको हो ।

भन्ने तर्क एकापट्टि छ। अर्कापट्टि खरिद लगतलगायतमा फरक-फरक नामहरू भेटिएकाले बढी थिए भन्ने तर्क पनि छ। प्रवर्तकहरू २८ जना नै थिए भने को-को थिए त ? भन्ने प्रश्नमा प्रवेश गरेर Cole ले सारा प्रमाण केलाएपछि नामावली सम्पादन गरेका छन् (तालिका ५)। सहकारी संस्थाहरूको सदस्यता अंसधन लिएपछि नै कायम हुने हुनाले २८ जनालाई नै संस्थापक मान्न अप्ठेरो भने लाग्दैन।

**तालिका ५ : रोचडेल संस्थाका समतामूलक अग्रजहरू**

| सि. नं. | नाम | सि. नं. | नाम |
|---|---|---|---|
| १. | James Daly | १५. | James Maden |
| २. | Charles Howarth | १६. | James Manock |
| ३. | John Bent | १७. | William Williams |
| ४. | James Tweedale | १८. | William Cooper |
| ५. | James Smithies | १९. | Benjamin Rudman |
| ६. | Joseph Smith | २०. | William Mallalieu |
| ७. | James Holt | २१. | John Collier |
| ८. | George Ashworth | २२. | David Brooks |
| ९. | James Bamford | २३. | John Scowcroft |
| १०. | William Taylor | २४. | John Whitehead |
| ११. | Samuel Ashworth | २५. | James Riley |
| १२. | John Holt | २६. | John Hill |
| १३. | James Standring | २७. | Thomas Chadwick |
| १४. | Miles Ashworth | २८. | Robert Taylor |

स्रोत : G. D. H. Cole, A Century of Co-operation (Manchester: Co-operative Union, 1944), Appendix, पृ.४०२-४०९।

रोचडेली स्रष्टा विभिन्न पेसाका श्रमजीवी थिए। सबभन्दा ठूलो समूह ऊनी र फलाटिनका कपडा बुन्ने जुलाहाहरूको थियो। सिकर्मी, जुत्ताकर्मी, गोदामकर्मी – अन्य पेसामा संलग्न व्यक्तिहरूको सङ्ख्या त्यत्तिकै थियो। एक जना – John Collier – त इन्जिनियर पनि थिए। अर्का एक जना – Miles Ashworth, जो संस्थाका पहिला अध्यक्ष पनि हुन् – पूर्व नौसैनिक रहेछन्।

पेटपालोमा हराएका मजदुर रोचडेली अगुवा थिएनन् । घटीमा आधा Owen को समाजवादी आन्दोलनमा सक्रिय थिए । एकथरी वैधानिक अधिकारवादी आन्दोलन (Chartist movement) तर्फ लागेथे । अर्काथरी अनाज कानुनभेदी सम्मिलन (Anti-corn Law League) मा जुटेथे । मद्यनिषेधवादी (Teetotallers) पनि तिनैमा थिए ।

लहै-लहैमा लाग्नेहरूको भीडमा भने पर्दैनथे – उनीहरू । Owen को प्रयोगको अन्तिम समुदाय – क्विनउड – को सञ्चालनमा वैचारिक विवाद पर्‍यो । नेतृत्व विभाजित हुँदा रोचडेली समाजवादी तटस्थ रहेनन् । उनीहरूले उक्त सहकारी ग्राम निधारको पसिनाबाट आत्मनिर्भर बनाउने गरी मिहेनत गर्न अतत्पर मध्यमवर्गीय संरक्षणवादी झरनको ढङ्गमा होइन श्रमजीवी एवं सामाजिक समकक्षीहरूको समुदायको रूपमा स्वचालकीय अवस्थामा चलाइनुपर्दछ भन्ने प्रस्ट अडान जाहेर गरे ।[६३] सहकारिताको प्रादुर्भाव भएको सङ्गति आन्दोलनको त्यै स्वावलम्बी विचारधाराका कट्टर समर्थकको पङ्क्तिमा रोचडेली अग्रजमध्येकै पर्दथे ।

**संरक्षणवादी ढङ्गमा होइन, श्रमजीवी एवं सामाजिक समकक्षीहरूको स्वनिर्भर समुदायको रूपमा सहकारी ग्राम बसालिनुपर्दछ भन्ने विचारका पक्षपाती रोचडेली बन्धुहरू पेटपालोमा हराएका मजदुर थिएनन् ।**

रोचडेली संस्थापक अध्ययनशील पनि थिए । James Smithies सँग Dr. King को The Co-operator को पुस्तकबन्दी सङ्ग्रह थियो, जो Samuel Ashworth लगायतले पढेका थिए । संस्थाले पुस्तकालय खोलेपछि उक्त सङ्ग्रह त्यहीँ राखियो ।[६४]

विचक्षणताको त कुरै भएन । एकै जनाको नाम लिनुपर्दा Charles Howarth को आइहाल्दछ । Howarth का त किम्बदन्ती पनि छन् । जस्तै– सोच्दासोच्दै आधाराति Howarth को मनमा भावी संस्थाका सदस्यलाई खरिदमा लाभांश दिने विचार सुझ्यो । उनले आफ्नी श्रीमतीलाई निँन्द्राबाट ब्युँझाए र त्यो

---

[६३] हेर्नुहोस्, Cole, रचना पूर्वोल्लिखित, पृ. ६० ।

[६४] हेर्नुहोस्, Mercer (ed.), रचना पूर्वोल्लिखित, पृ. X ।

अनौठो आविष्कारका बारेमा बताए। फेरि हुर्रिएर आफ्ना मुख्य सहकर्मीलाई सुनाउन घरबाट निस्किए।[६५]

त्यसो त खरिदमा लाभांश दिने चलन सन् १८१२ मा स्थापित लेनोक्स्टाउन (Lennoxtown) सहकारी संस्थाले पूर्वसहकारी परीक्षण कालमै चलाइसकेको हो। Howarth ले कसरी सुनेका रहेनछन्। Cole लाई लागेझैँ विस्मृतिबाट झल्यास्स भएको पनि होला।[६६]

Howarth समेतका रोचडेली अभियन्ताहरू Owen को समाजवादबाट विमुख कहिल्यै थिएनन्। खासमा उत्तरार्धतिर नेताहरूले बाटो बिराएको देखेर उनीहरू आफैँ लोकतान्त्रिक एवं व्यवहार्य ढङ्गले श्रमजीवीमाझ स्वावलम्बनको जगमा नवनिर्माण गर्ने आकाङ्क्षाले जुटेका थिए।[६७] अग्रजको संस्थाका उद्देश्यले नै बताउँदछन् – अनुयायित्व पङ्क्तिले अघि सरेर वैचारिक नेतृत्व लिइरहेको थियो।

# ३. आन्दोलन

## ३.१ दर्शन

**व्यक्तिको मौलिक सम्मान नै सहकारी दर्शनको आधार्य हो ।**

सहकारी दर्शन (Philosophy) को थपना मानवमात्रको मौलिक सम्मानमा भएको छ। व्यक्ति स्वयम् समर्थ हुन्छ, स्वालम्बनको पारस्परिक अभ्यासमा उन्नयन हुन्छ र आर्थिक कार्यकलापको लोकतान्त्रिक तहबह व्यवहार्य, वाञ्छनीय औ निपुण हुन्छ भन्ने अडानको संयोग नै सहकारी विचारधारा हो। प्रकारान्तरले लोकतान्त्रिक ढङ्गबाट नियन्त्रित आर्थिक सङ्गठनहरूले साझा उत्तमता (Common good) गर्दछन् भन्ने मानिएको छ। [६८]

---

[६५] हेर्नुहोस्, Cole, रचना पूर्वोल्लिखित, पृ. ६३।

[६६] ऐ.।

[६७] ऐ., पृ. ६० पनि हेर्नुहोस्।

[६८] हेर्नुहोस्, पाद टिप्पणी ९ मा उल्लिखित Background Paper, Preamble, प्रकरण ५।

सहकारी चिन्तनाका अभिन्न निश्चयमा बाध्यता (Compulsion) माभन्दा स्वतन्त्रता (Freedom) मा सृजना हुन्छ र शोषणविहीन आर्थिक सम्बन्धमा नै सर्वजनको यथायोग्य वैभव सम्भव हुन्छ भन्ने पनि पर्दछन् ।

## ३.२ पहिचान

अन्तर्राष्ट्रिय सहकारी महासङ्घका शब्दमा–

सहकारी संस्था संयुक्त स्वामित्व र लोकतान्त्रिक नियन्त्रणमा रहने उद्यमको माध्यमबाट आफ्ना साझा आर्थिक, सामाजिक तथा साँस्कृतिक आवश्यकता एवं आकाङ्क्षाहरू पूरा गर्न स्वेच्छाले एकताबद्ध व्यक्तिहरूको स्वायत्त सङ्घटन हो ।[६९]

**साझा आकाङ्क्षाबाट अस्तित्व लिने सामूहिक स्वामित्वको स्वैच्छिक एवं स्वशासित उपार्जन नै सहकारी सङ्घटन हुन्छ ।**

सहकारी संस्थाका कतिपय विशेषता महासङ्घको परिभाषामा परेका छन् । जस्तै–

- व्यक्तिहरूको स्वैच्छिक सम्मिलन
- साझा आर्थिक, सामाजिक, साँस्कृतिक आकाङ्क्षाहरूको अभिप्राप्ति
- सामूहिक स्वामित्वको उपार्जन
- नियन्त्रणको लोकतान्त्रिक विनियोजन
- स्वशासन ।

सहकारी सङ्घटनको मौलिकता उबारको न्यायोचित वितरण (Equitable distribution of surplus) पनि हो, जुन कति कारणले महासङ्घको परिभाषामा छुटेछ । त्यसो त, महासङ्घको परिभाषा सहकारी संस्थाको पूर्ण

[६९] Internatonal Co-operative Alliance (http://ica.coop/en/whats-co-op/co-operative-identity-values-principles)।

वर्णनको रूपमा नभएर न्यूनतम (Minimal) उक्तिको रूपमा लगाइएको थाहा हुन्छ ।[७०]

## ३.३ मूल्य

मूल्य (Values) विश्वास हुन्। सहकारीकर्मीका साझा विश्वास छन्। अन्तर्राष्ट्रिय सहकारी महासङ्घले औपचारिक रूपमा सन् १९९५ मा आन्दोलनका मूल्यहरू पहिल्याएको हो। त्यसअघि सहकारी मूल्यहरू नजानिएका भने होइनन्। सहकारी दर्शनको रचना मानवीय मूल्यहरूकै आधारमा भयो। सहकारी परम्परा मानवीय मूल्यहरूबाटै बस्यो। कार्यमूलक मुद्दाहरू (Operational issues) मानवीय मूल्यहरूकै निदर्शनमा निप्टाइए।

नियमित व्यावसायिक सङ्गठनहरूभन्दा मूल्यहरूकै कारण सहकारी व्यावसायिक सङ्गठनहरू भिन्न थिए भने पुनर्खोजी वाञ्छनीय थियो, जुन महासङ्घको सन् १९८८ मा सम्पन्न स्टकहोम महासभाको तयारीका सिलसिलामा थालियो। महासभाको कार्यसूचीमा 'सहकारी संस्थाहरू र आधार मूल्यहरू' भन्ने शीर्षक पनि राखिएको थियो। Lars Marcus को प्रतिवेदनका आधारमा महासभाले सहकारी विधि लोकतन्त्र (Democracy), सहभागिता (Participation), इमान (Honesty) र [अर्काको] ख्याल Caring [for others] का मूल्यहरूको पक्षमा एवं विकासका लागि हुनुपर्ने सिफारिस गऱ्यो।[७१]

साथै प्रारम्भिक विचारगराइलाई विस्तारित परामर्श र विस्तृत विश्लेषणको शृङ्खलासम्म लग्ने तय भयो। तदनुसार Sven Åke Böök को अगुवाइमा विश्वव्यापी गवेषणाको तीन वर्ष लामो प्रक्रिया थालियो, जसमा महासङ्घको कार्यकारी समितिबाट मनोनीत सल्लाहकार समितिको मद्दतसमेत थियो। Böök को प्रतिवेदन महासङ्घको टोकियो महासभा (१९९२ ई.) मा पेस भयो

[७०] हेर्नुहोस्, पाद टिप्पणी ९ मा उल्लिखित Background Paper, the Definition of a Co-operative, प्रकरण २।

[७१] हेर्नुहोस्, Sven Åke Böök, Co-operative Values in a Changing World: Report to the ICA Congress, Tokyo, 1992 (Geneva: International Co-operative Alliance, 1992), अध्याय २।

र उप्रान्त सिद्धान्त स्रोत समूहको संश्लेषणबाट मेन्चेष्टर महासभा (१९९५ ई.) मा मूल्यसहित सहकारी पहिचानविषयक विज्ञप्ति जारी भएको हो । विज्ञप्तिमा भनिएको छ–

> सहकारी संस्थाहरू **स्वावलम्बन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यबद्धताका** मूल्यमा आधारित छन् । आफ्ना संस्थापकहरूको परम्पराअनुरूप सहकारी सदस्यहरूले **इमान, खुलापन, सामाजिक उत्तरदायित्व** र **अर्काको ख्यालका** नैतिक मूल्यहरूमा विश्वास गर्दछन् ।[७२]

महासङ्घले सहकारी मूल्यहरूलाई दुई किसिम गरी प्रस्तुत गरेको छ । पहिलोथरीका छ ओटा मूल्यहरूमा सहकारी संस्था आधारित रहेको बताइएको छ भने चारोटा दोस्रोथरीका मूल्यहरूलाई पूर्वजहरूको परम्पराअनुरूप सहकारी सदस्यहरूले विश्वास गर्दै आएका नैतिक मूल्यहरू मानिएको छ ।

तदनुसार सहकारी मूल्यहरूलाई (क) आधार मूल्यहरू (Basic values) र (ख) नैतिक मूल्यहरू (Ethical values) गरी दुई वर्गमा राख्न सकिन्छ ।

आधार मूल्यहरूले सहकारी संस्थाहरू साझा रूपमा कसरी सङ्गठित भएका हुन्छन् ? भन्ने दर्साउँदछन् भने नैतिक मूल्यहरूले सहकारी संस्थाहरूको सञ्चालन कसरी हुन्छ ? भन्ने चरितार्थ गर्दछन् । [७३]

महासङ्घको वर्गीकरण Böök को प्रतिवेदनबाट प्रेरित देखिन्छ । Böök ले आधार विचार (Basic ideas) र आधार नैतिकता (Basic ethics) भनी छुट्याएका थिए । Böök को मतमा 'संक्षेपमा, आधार विचारहरूलाई कसरी अझ उत्तम समाज हासिल गर्ने ? र त्यस्तो समाजले कुन रूप लिन सक्ने ? भन्नेमा सहकारी विश्वास एवं दृढता भनी जनाउन सकिन्छ ।' [७४]

नैतिक मूल्यहरूको चर्चा गर्दै Böök भन्दछन् :

> आधार विचारमा प्रारम्भदेखि नै 'सहकारी व्यक्ति', 'सहकारी भावना' र 'सहकारी समुदाय' का प्रति मानवीय आदर्शका

---

[७२] पाद टिप्पणी ६९ ।

[७३] हेर्नुहोस्, Ian MacPherson, Co-op Values (www.academia.edu), पृ. १६-१७ ।

[७४] Böök, रचना पूर्वोल्लिखित, अध्याय २ ।

> धारणारूपी नैतिक एवं आचारिक मूल्यहरू समाविष्ट र अन्तर्निहित भएका छन् । यी आदर्शहरूलाई विकासको सहकारी प्रक्रिया र त्यसका लागि आवश्यक पूर्वसर्त दुवै रूपमा हेर्ने गरिएको छ ।[७५]

प्रकारान्तरले आधार मूल्यहरूलाई सहकारीकर्मीका निष्ठा मान्न सकिन्छ । सहकारीकर्मीहरू जेका लागि समर्पित हुन्छन् ती आधार मूल्य हुन् । नैतिक मूल्यहरू भने स्थापित गर्नेभन्दा पनि कायम गर्ने खालकामा पर्दछन् (तालिका ६) ।

> **आधार मूल्यहरू सहकारीकर्मीका निष्ठा हुन् भने नैतिक मूल्यहरू प्रतिष्ठा ।**

**तालिका ६ : सहकारी मूल्यहरूको भेद**

| आधार मूल्य | नैतिक मूल्य |
|---|---|
| • पारिभाषिक | • परिचायक |
| • विचारजनक | • व्यवहारजनक |
| • संस्थापकीय | • सञ्चालकीय |
| • सहकारीकर्मीको खोजी | • सहकारीकर्मीसँगको अपेक्षा |
| • संस्था र सदस्यबीचको सम्बन्ध | • संस्था र समुदायबीचको सम्बन्ध |

## क. आधार मूल्यहरू

आधार मूल्यहरू मूलतः सहकारी संस्था र सदस्यहरू बीचको सम्बन्ध रचना गर्ने आन्तरिक प्रकृतिका देखिन्छन् ।[७६]

## क–१. स्वावलम्बन (Selp-help)

स्वावलम्बन आत्मविश्वास हो । सहकारीकर्मीहरू ‘गर्न’ मन पार्दछन् ।

---

[७५] ऐ. ।

[७६] सहकारी दिग्दर्शन २०५७ (ललितपुर, राष्ट्रिय सहकारी विकास बोर्ड), पृ. १० ।

### क–२. स्वउत्तरदायित्व (Self-responsibility)

पहिला त आफैँलाई उत्तर दिन सकिने कार्य नै सार्थक हुन्छ । सहकारी कार्यकर्तामा आन्तरिक आह्वान हुन्छ ।

### क–३. लोकतन्त्र (Democracy)

लोकतन्त्र सहभागितामाथिको विश्वास हो । सहभागिताबाटै सशक्तीकरण हुन्छ ।

### क–४. समानता (Equality)

सबै मानव समान छन् । समान सदस्यबीच समान व्यवहार हुनुपर्दछ ।

### क–५. समता (Equity)

पछि परेका सदस्यलाई अघि सार्दा सामूहिक सामर्थ्य बढी हुन्छ । न्याय नै उन्नयन पनि हो ।

### क–६. ऐक्यबद्धता (Solidarity)

ऐक्यबद्धता एकतामाथिको विश्वास हो । सामूहिकताबाट नै व्यक्तित्व विकास हुन्छ ।

## ख. नैतिक मूल्यहरू

नैतिक मूल्यहरू विशेषतः सहकारी सङ्गठन र समाजबीचको सम्बन्धसँग गाँसिएका देखिन्छन् ।[७७]

### ख–१. इमान (Honesty)

इमान व्यक्तिको पहिचान हो । प्रगतिका लागि इमान नै चाहिन्छ ।

### ख–२. खुलापन (Openness)

साङ्गठनिक जीवन छर्लङ्ग हुनुपर्दछ । उदारतामै सङ्गठन जगमगाउँदछ ।

---

[७७] ऐ., पृ. ११ ।

### ख–३. सामाजिक उत्तरदायित्व (Social responsibility)

सङ्गठन समाजकै एकाइ हो । व्यक्ति होस् वा सङ्गठन, समाजप्रतिको जिम्मेवारी स्वतः सृजना हुन्छ ।

### ख–४. अर्काको ख्याल (Caring for others)

आफ्ना कारणले अर्कालाई मर्का पर्नु हुँदैन । अर्काको हित हनन गरेर आफ्नो हित हुँदा पनि हुँदैन ।

## ३.४ मान्यता

मान्यता (Norms) को माने निर्दिष्ट आचरण ('Oughts' of behaviour) हुन्छ । सहकारी जीवनको मानचित्रका रूपमा पनि मान्यतालाई लिन सकिन्छ । सहकारी मूल्यको जगेर्ना गर्ने क्रममा मान्यता स्थापित भएका छन् ।

सहकारिताका अग्रजहरूले मानवीय मूल्यहरूबाट चिन्तना थाले, मानवीय मूल्यहरूको अभ्यास गर्ने सिलसिलामा जे-जति नियमबद्ध हुन सक्तथे गरे र रहेकालाई परम्परामा जोगाए । कालान्तरमा नियमहरू सिद्धान्त कहलाइए भने नियममा नपरेका अभ्यासहरू मान्यताका रूपमा जानिए ।

अन्तर्राष्ट्रिय सहकारी महासङ्घीय विशेष समिति (१९३७ ई.) ले सिद्धान्तमा छुटेका मौलिकतालाई त्यत्तिकै महत्त्व दिएको तथ्य देहायको उक्तिमा खुल्दछ :

> सहकारी संस्थाहरूको संस्थापना र अभ्यासका निश्चित अन्य अत्याज्य सर्तहरू छलफलका क्रममा निःसन्देह अनावरित भए, जसलाई सहकारी प्रणालीलाई ... दर्साउने भनी यो प्रतिवेदनमा समावेश गर्नु पूर्णतया आवश्यक छ ।[७८]

सिद्धान्त र मूल्यझैँ अन्तर्राष्ट्रिय सहकारी महासभा वा अन्य आधिकारिक मञ्चबाट मान्यता प्रस्ट पारिएका छैनन् । त्यसो भन्नाको मतलब सहकारी मान्यताको महत्त्व कम्ती छ भन्ने भने होइन । खासमा सहकारी मान्यता नै आन्दोलनका लच्छिन हुन् । मूल्यहरू वैचारिक अनि सिद्धान्तहरू विधेय भए मान्यताहरूलाई साँस्कृतिक भन्न सकिन्छ । जसरी व्यक्तिको पहिचान

---

[७८] पाद टिप्पणी ८ मा उल्लिखित प्रतिवेदन, पृ. १९ ।

संस्कृतिमा खुल्दछ त्यसरी नै सहकारीकर्मीको चिनारी मान्यताको पालनामा मिल्दछ ।

सन् १९९५ अघि मूल्यहरू पनि बाँच्ने गरिएका थिए, 'यी' र 'यति' नै भन्ने चलन थिएन। कुनै दिन अन्तर्राष्ट्रिय सहकारी महासङ्घबाट मान्यताहरूको पनि खोजीनिती होला । सहकारी कर्ममा आधेय पाँचोटा मान्यता त नखोजी नै भेटिन्छन् ।

**सहकारी आन्दोलनका लच्छिन भनेकै मान्यता हुन् ।**

## क. नाफामा सहभागी नहुने

सहकारीकर्मीहरूले अर्काको श्रम वा अर्काले तिरेको उपरि मूल्यमा लाभ नलिने मान्यता राख्दछन् । कसैको पसिनाको कमाइ खाइयो भने अथवा कसैसँग पर्ताभन्दा बढ्ता दाम लिइयो भने नाफामा सहभागी होइन्छ । आफ्नै परिश्रमको फल मीठो हुन्छ । अर्काको भाग खाए शोषण गरिन्छ । सहकारिता शोषणविहीन आर्थिक सम्बन्धहरू स्थापना गर्ने आन्दोलन हो ।

नाफामा सहभागिता (Participation in profit) नगर्ने भन्नाले अर्थोपार्जन नै नगर्ने भन्ने भने सम्झनु हुँदैन । खासमा सम्पन्न बन्नकै लागि सहकारी व्यवसाय चलाइन्छ । सहकारी सदस्य आफूले उत्पादन गरेर आम्दानी बढाउँदछन् अथवा उपभोक्ताको रूपमा खर्च बचाउँदछन् । उनीहरूले उत्पादक र उपभोक्ताको बीचमा बसेर नाफा खाँदैनन् – न त अर्कालाई काममा लगाएर उत्पादन नै गर्दछन् ।

अन्तर्राष्ट्रिय सहकारी महासङ्घीय आयोग (१९६६ ई.) को प्रस्टोक्ति छ–

> सामान्य धारणास्वरूप यो पनि उल्लेखनीय छ कि आफ्नो वा आफ्नै सदस्यहरूको बाहेक अरूको उपज वा श्रममा आधारित व्यवसाय चलाउने सहकारी संस्था गठन गर्न वा त्यस्तो संस्थामा सम्मिलित हुन चाहने व्यक्ति वा सङ्गठनले पारस्परिक सेवाका लागि मानवीय नाता र समान स्तर भएका व्यक्तिहरूको

सङ्घटनको आधारभूत सहकारी सिद्धान्तअनुरूप काम गरेको मान्न सकिँदैन ।[७९]

अन्तर्राष्ट्रिय सहकारी महासङ्घको योजना कार्यसमूह (२०१३ ई.) ले पनि 'सहकारी संस्थाहरू सर्वदा मानिसहरूलाई शोषणबिना वस्तु र सेवामा पहुँच पाउन समर्थ तुल्याउने काममा निस्केका हुन्' भन्ने चर्चा गरेको छ ।[८०]

## ख. उपकारको भर नपर्ने

उपकारविमुखी सोचनाबाट नै सहकारी कार्य आरम्भ हुने हो । प्रथम सहकारी आन्दोलनको दौरान सेफिल्डका मिस्त्रीहरूले नगरका भद्रजनको उपकारको शिष्टतापूर्वक बेवास्ता गरेको कथाप्रसङ्ग अघि नै आइसकेको छ । द्वितीय सहकारी आन्दोलन Owen को शुभचिन्तकीय धाराबाट Dr. King को स्वावलम्बी धारामा विकसित भएको थियो । कल्याणको जसरी 'आस' गरिँदैन त्यसरी नै भर पनि पारिँदैन ।

सहकारी कार्यकर्ताले सशक्तीकरण मन पार्दछन् । सहकारिता नाफा खान होइन (Not for profit) भने उपकार गर्न पनि होइन (Not for charity) भनिन्छ । आपत्विपत्मा मानवीय सहायता (Humanitarian assistance) पृथक् कुरो हो; अन्यथा सहकारी कार्यकै लागि सहयोग गर्नुपर्दछ । सहकारी सदस्य कल्याणकर्ता होइनन्; 'सहयोगकर्ता' हुन् ।

अन्तर्राष्ट्रिय सहकारी महासङ्घीय सिद्धान्त स्रोत समूह (१९९५ ई.) ले भनेको छ–

> सहकारी संस्थाहरू आफ्ना क्रियाकलापको वा नयाँ सहकारी संस्थाहरूको विकासमा सहयोगको माध्यमबाट सहकारी उद्यमबाट लाभान्वित हुन सक्ने सबै प्रस्ट जनसाङ्ख्यिक समूह र अल्पसङ्ख्यकसम्म पनि पुग्नुपर्दछ । संलग्नताको आधार उपकार

---

[७९] Report of the ICA Commission on Co-operative Principles (Second edition) Geneva: International Co-operative Alliance /CEMAS, 1986), पृ. १२ ।

[८०] International Co-operative Alliance, Blueprint for a Co-operative Decade, 2013 (ica.coop/default/files/media_items), पृ. १४ ।

> हुनु हुँदैन; त्यो त सहकारी कार्यका सम्भावनाहरूको विचारपूर्वक, व्यावहारिक एवं नवपर्वतकीय लेखाजोखाको नतिजा हुनुपर्दछ ।[८१]

## ग. गैरसदस्यसँग बेपार नगर्ने

सहकारीकर्मी प्रदत्त सेवाका निष्क्रिय उपभोक्ता होइनन्; सेवाका सर्जक स्वयम् हुन् । संस्थापककै सर्तमा संस्थाको सदस्यता खुला हुँदा पनि नलिने व्यक्तिमा सरोकार हुँदैन । सहकारी सङ्गठन बेसरोकारवालाको जमघट होइन । सहकारी संस्थाले व्यावसायिक सेवाजति सदस्यमै सीमित गर्दछन् । झट्ट गैरसदस्यको मतलब गरिँदैन । [८२]

अन्तर्राष्ट्रिय सहकारी महासङ्घीय विशेष समिति (१९३७ ई.) को कथन छ–

> हाम्रो प्रणालीको सार हो कि यसले नाफा खानु हुँदैन अनि आर्थिक जीवनमा यसको सबभन्दा ठूलो योगदान हो कि यसले वाणिज्य तथा उद्योगको र त्यसकारण समाजको नौलो आधार प्रदान गर्दछ, जहाँ नाफा खाने मनसाय निर्मूल हुन्छ । त्यो नतिजा संस्थाको बेपार पूर्णतया आफ्ना सदस्यमा हुँदा मात्र हासिल गर्न सकिन्छ । [८३]

सहकारी संस्थामा सदस्यता खुला हुन्छ र सदस्य केन्द्रीयता पनि । अन्तर्राष्ट्रिय सहकारी महासङ्घको सिद्धान्त समिति (२०१५ ई.) ले लेखेको छ :

> सारमा सदस्यताको अर्थ सहकारी संस्था र जसको आवश्यकता पूरा गर्न त्यसको स्थापना भएको हो ती व्यक्तिका बीच विशेष सम्बन्ध हुनुपर्दछ भन्ने हो । त्यै सम्बन्धले सहकारी संस्थाले चलाउने व्यवसाय परिभाषित गर्नुपर्दछ, त्यसका व्यावसायिक

---

[८१] पाद टिप्पणी ९ मा उल्लिखित Background Paper, The Voluntary and Open Membership Principle, प्रकरण ६ ।

[८२] व्यावसायिक सेवा सहकारी संस्थाको प्रकृतिअनुसार छुट्ट्याउनुपर्ने हुन्छ । उत्पादक संस्थाले खरिद सदस्यसँगबाट मात्र गर्दछन् तर विक्री जोसुकैलाई गर्न सक्तछन् । उपभोक्ता संस्थामा त्यसको ठीक उल्टो पर्दछ । अर्थात् उपभोक्ता संस्थाले विक्री सदस्यलाई मात्र गर्दछन् तर खरिद जोसुकैसँगबाट गर्न सक्तछन् । श्रमिक संस्थाले भने खरिद र विक्री दुवै बाहिरबाट गर्दछन् तर जुन कामको अवसर सृजना गर्ने उद्देश्य हो त्यो सदस्यमै सीमित राख्दछन् । उदाहरणका लागि रिक्साचालकको संस्थालाई रिक्सा चलाउने काम गैरसदस्यलाई दिने अनुमति मिल्दैन ।

[८३] पाद टिप्पणी ८ मा उल्लिखित प्रतिवेदन, पृ. २० ।

तौरतरिकामा असर पार्नुपर्दछ र त्यसका लागि भावी योजनाहरूको आकारप्रकार दिनुपर्दछ । [८४]

गैरसदस्यसँग बेपार गरियो भने सदस्य केन्द्रीयता रहँदैन, संस्था र सदस्य छुट्टिन्छन् अनि सदस्य र गैरसदस्य छुट्टिँदैनन् । छिट्टै सदस्यमाझ पारस्परिकता खल्बलिन्छ, बेवास्ता (Apathy) छाउँदछ र संस्थाप्रतिको आकर्षण कायम गराउने प्रयासमा नेतृत्व पङ्क्ति मूल्यमा छुटजस्तो उपाय गर्न पुग्दछ । झट्ट हेर्दा मुनासिब लाग्ने त्यस्तो व्यवस्थामा गैरसदस्यले तिरेको उपरि मूल्य सदस्यतर्फ सर्ने हुनाले नाफामा सहभागी नहुने मान्यतासमेतको उल्लङ्घन हुन्छ । सदस्य अनुपस्थित हुन थालेपछि दोस्रो, तेस्रोपल्टको न्यूनतम गणपूरक सङ्ख्यामै साधारण सभा बसाल्ने चलन त चल्ने नै भयो । गैरसदस्यहरूलाई पनि सदस्यको जिम्मेवारी लिन परेन; त्यतिकै सेवा उपयोग गर्न पाइयो ।

**उँभो लागिरहेको सहकारी संस्था गैरसदस्यसँगको बेपारसँगै उँधो लाग्न थाल्दछ ।**

एकपछि अर्को बेरुजुसँगै केन्द्रका सदस्य सीमानामा पुग्दछन् र सहकारी संस्था बेवारिसेझैँ बन्दछ । उन्नति भइरहेको सहकारी संस्थाको अवनति गैरसदस्यसँगको बेपारबाटै सुरु हुन्छ भन्दा बढाइचढाइ हुँदैन । रहेको क्षमता उपयोग (Use of spare capacity), गैरसदस्यलाई सदस्य बन्न आकर्षण अथवा सोलोडोलोमा 'व्यावहारिकता' को निहुँपिहुँमा यता आइरहेको विचलन चिन्ताजनक छ ।

गैरसदस्यतर्फी व्यावसायिक सेवा देहायको अवस्थामा सीमित गरेर पूर्वजहरूले जसरी सदस्य केन्द्रीयता कायम राख्न सकिन्छ :

- यदि गैरसदस्य चाहेर पनि संस्थाको सदस्य बन्न सक्तैन भने (जस्तै- गाउँमा कार्यरत अन्यत्रको स्वयंसेवक);
- यदि गैरसदस्यसँग संस्थाको सेवाको विकल्प छैन भने (जस्तै- उपर्युक्त स्वयंसेवकको छिमेकमा दैनिक उपभोगका वस्तु सहकारी पसलमा मात्र पाइन्छन्) र

---

[८४] International Co-operative Alliance, Guidance Notes to the Co-operative Principles, 2015 (http//ica.coop/default/files/attachments), पृ. ८ ।

- संस्थाले व्यावसायिक सेवा नदिँदा यदि गैरसदस्य शोषित हुन्छ भने ( जस्तै- उपर्युक्त स्वयंसेवकको छिमेकमा दैनिक उपभोगका वस्तु किन्न पाइने पसल त छन् तर  ती सहकारी पसलमाभन्दा महङ्गो पर्दछन्) ।

## घ. गैरसदस्यलाई सेवा दिने

मोटामोटी रूपमा सदस्यको आर्थिक फाइदासँग असम्बन्धित सेवाहरूलाई गैरव्यावसायिक मान्न सकिन्छ। गैरव्यावसायिक सेवाका हकमा सहकारी संस्थाभित्र र बाहिर भनिँदैन । त्यस्ता सेवाहरू सदस्यलाई जुन सर्तमा मिल्दछन् त्यै सर्तमा गैरसदस्यलाई पनि मिल्दछन् ।

गैरव्यावसायिक सेवाहरू खासमा समुदायप्रति सहकारी संस्थाको सरोकारका प्रतीक हुन् । समुदायमा सदस्य र गैरसदस्य सँगसँगै बस्दछन् । समुदाय छिमेक हुन्छ र छिमेकभन्दा परसम्म पनि पुग्दछ  । व्यक्तिगत सदस्य त हुँदै हुन्, सगोलको संस्था पनि समुदायको सदस्य हो। त्यै नातालाई सामुदायिक सम्बन्धन (Community affiliation) भनिन्छ ।

सहकारी संस्थाले सामाजिक परिवर्तनका पहल (Social change initiatives) मा  संलग्न भएर, सम्पदाको संरक्षणमा भाग लिएर र सदस्यका साथै समुदायका सारालाई उपयोगी सेवाहरू गैरव्यावसायिक रूपमा सञ्चालन गरेर समुदायमा भूमिका खेल्ने गर्दछ ।

दमकल, वाचनालय, पूर्वबालकक्षा, खानेपानी योजना, सर्प दंश उपचार केन्द्र, महिला पुनर्स्थापना गृह, ज्येष्ठ नागरिक दिवा आश्रमजस्ता सेवाहरू गैरव्यावसायिक हुन्छन् । गैरव्यावसायिक सेवाहरूमा समुदायसँगको नाता प्रधान हुन्छ । सदस्यका घरमा धारा जोडेर सदस्य नबनेकै आधारमा छिमेकीको घरमा धारा नजोड्ने भनियो भने सामुदायिक भावनामा चोट लाग्दछ  ।

साथै गैरव्यावसायिक सेवाहरू प्रतिष्ठानीय सामाजिक उत्तरदायित्व (Corporate social responsibility) झैँ आलङ्कारिक हुँदैनन्; सहकारी कार्यका अभिन्न भाग हुन्छन् ।

यहाँनेर सहकारी संस्थाको व्यावसायिक र सामुदायिक सेवामा गैरसदस्यीय पहुँचको पृथक् प्रभाव ध्यानयोग्य छ। जहाँ सदस्यबाहिर व्यावसायिक सेवा प्रदान गर्दा सदस्य बेवास्ता हुन्छ त्यहीँ गैरव्यावसायिक सेवा प्रदान गर्दा हुँदैन ।

गैरव्यावसायिक सेवा प्राप्त गर्ने अधिकांश व्यक्तिहरूमा बरु संस्थाप्रतिको सरोकार पैदा भएर सदस्यता लिने तत्परता देखिने गर्दछ ।

कतिपय सहकारीकर्मीहरूले व्यावसायिक सेवा दिएर गैरसदस्यहरूलाई सहकारी संस्थाप्रति आकर्षित गर्न सकिन्छ भन्ने तर्क गर्दछन्, जुन व्यवहारतः गैरव्यावसायिक सेवाका हकमा लागू हुन्छ ।

**व्यावसायिक सेवामा होइन, गैरव्यावसायिक सेवामा सदस्यसमान गर्दा नै गैरसदस्यहरु सहकारी संस्थाप्रति आकर्षित हुन्छन् ।**

## ङ. सकारात्मक कार्य (Affirmative actions) गर्ने

रोचडेली अग्रजहरूले क्रान्तिकारी रूपमा लैङ्गिक पक्षपात नकारेर समान सहभागिताको आदर्श दिएथे । त्यसै परम्परामा लैङ्गिक बन्देज पन्छाउनुका साथै सामाजिक सीमान्तीकरणका कारण पछाडि परेका सदस्यहरूलाई अगाडि सार्न चाहिने मुनासिब सकारात्मक पहल सहकारीकर्मीहरूले लिइरहेका छन् । सहकारी दृष्टिकोण नै सम्यक् छ ।

सकारात्मक कार्यलाई तीन रूपमा हेर्नु मिल्दो लाग्दछ ।

पहिलो रूप अप्रतियोगितात्मक अवसरमा पहुँचको निधो हो । 'सहकारी संस्थाहरूले सकारात्मक कार्यहरूद्वारा लैङ्गिकताका कारण सदस्यतामा कुनै छेकबार छैन भन्ने सुनिश्चित गर्नुपर्दछ', अन्तर्राष्ट्रिय सहकारी महासङ्घको सिद्धान्त स्रोत समूह (१९९५ ई.) भन्दछ र थप्दछ, 'त्यसपर आफ्ना शैक्षिक एवं नेतृत्व विकासका कार्यक्रममा बराबरी सङ्ख्यामा महिला सहभागी हुन्छन् भन्ने सहकारी संस्थाहरूले सुनिश्चित गर्नुपर्दछ ।' [८५] अपाङ्गता भएका व्यक्तिका हकमा पनि त्यसै गरी भौतिक र अन्य अवरोधहरू पन्छाएर अवसरमा पहुँच सुगम तुल्याउने प्रयास वाञ्छनीय छ । [८६] त्यस्तै कार्यहरूका हकदार अन्य वर्ग पहिल्याउन पनि अप्ठेरो छैन ।

---

[८५] पाद टिप्पणी ९ मा उल्लिखित Background Paper, The Voluntary and Open Membership Principle, प्रकरण ५ ।

[८६] हेर्नुहोस्, पाद टिप्पणी ८४ मा उल्लिखित Guidance Notes, पृ. १० ।

प्रतियोगितात्मक अवसरमा पहुँचको निधो दोस्रो रूप हो, जुन स्थायी नभएर अस्थायी विशेष उपाय (Temporary special measures) को अर्थमा अपनाइएको हुन्छ। सहकारीकर्मीमाझ यो रूपको सकारात्मक कार्य सर्वमान्य नै भने छैन। सहकारितामा प्रतिस्पर्धा नै सकारात्मक ढङ्ग (जस्तै– एक व्यक्ति, एक मत) मा हुने भएकाले पुनः पहुँचको सुनिश्चितता चाहिँदैन भन्ने तर्क पनि छ। जे होस्, यस किसिमको सकारात्मक कार्य गर्दा नै पनि व्यावहारिक अवस्थाको प्रकाशमा विशेषतः औचित्य दर्साएर अल्पकालका लागि गर्नुपर्दछ भन्न सकिन्छ। अन्तर्राष्ट्रिय सहकारी महासङ्घको सिद्धान्त समिति (२०१५ ई.) ले पनि प्रतिनिधित्वको रोहमा यस्तो मत राखेको छ :

> सदस्यताको विविधताको प्रतिनिधित्व गर्ने नतिजा निस्कने निर्वाचन सुनिश्चित गर्न कोटा प्रथामा विचार गर्न सकिन्छ तर ती सर्वोपचार होइनन् र तिनको औचित्य साबित हुनुपर्दछ अनि आवधिक पुनरावलोकन गरिनुपर्दछ।[८७]

तेस्रो रूपमा सकारात्मक विभेद (Positive discrimination) पर्दछ, जुन खास गरी लैङ्गिक सम्बन्ध (Gender relations) मा प्रयोग हुन्छ। महिलामात्रको सहकारी संस्था आम उदाहरण हो। पुरुषअधीनस्थताको अवस्थाबाट पर शान्त थात (Sequestered space) मा नियमित सहकारी संस्थामा सहभागिताका लागि सीप तथा अनुभव हासिल गर्ने माध्यमको रूपमा पनि महिलामा सीमित प्रयासलाई हेरिएको छ। अन्तर्राष्ट्रिय सहकारी महासङ्घीय सिद्धान्त समिति (२०१५ ई.) तर्क गर्दछ :

> जहाँ सदस्यताको निर्बन्धन व्यापक लैङ्गिक पक्षपात र समाजमा महिलाले सामना गर्ने मर्काको सोझो प्रतिउत्तर हुन्छ, महिलामात्रमा सदस्यता निर्बन्धित गर्दा प्रथम सिद्धान्तको उल्लङ्घन हुँदैन।[८८]

[८७] ऐ., पृ. १८।
[८८] ऐ., पृ. ११।

## ३.५ सिद्धान्त

मौलिक नियम (Law) लाई सिद्धान्त भनिन्छ। उत्तरोत्तर तर्कना (Further reasoning) सिद्धान्तबाट निर्देशित हुन्छ। विपर्यस्त विचारहरूको नकारका अर्थमा सिद्धान्तले अनुशीलनलाई नियन्त्रित पनि गर्दछ।

ज्ञानको प्रकाशमा अभिनव सिद्धान्त कायम भएर तदनुसार चिन्तनमननको शृङ्खला अवश्य चल्दछ। त्यतिन्जेल भने अघिल्लो सिद्धान्त नै अधिनियमहरूको आधान बन्दछ। समवर्ती सिद्धान्तबाट पृथक्-पृथक् विवेचना अनुशासित भइरहेका पनि हुन्छन्।

सैद्धान्तिक आलोक वैचारिक तहमा सीमित हुँदैन; व्यावहारिक तहमा पनि पर्दछ। शब्दकोशमा 'साधारण व्यवहारमा प्रायः एकरूपता ल्याउन स्थापित कुनै नियम'[८९] पनि भनिएको छ। स्वभावैले सरल शब्दकोशीय अर्थमा सिद्धान्तको पालना पक्ष झल्किन्छ।

सहकारी सिद्धान्त पनि संस्थापकीय नियम हुन्, जसको सूत्रपात रोचडेलमा भयो। अन्तर्राष्ट्रिय सहकारी महासङ्घको भनाइमा सहकारी सिद्धान्तहरू 'सहकारी संस्थाहरूले आफ्ना मूल्यहरूलाई व्यवहारमा उतार्ने निदर्शक हुन्।'[९०] Mercer को विचारमा '... जसै सबै [सहकारिताका मौलिक सिद्धान्तहरू] एक सामञ्जस्यपूर्ण समष्टिमा ठीक ढङ्गले जडिन्छन् र सँगसँगै गाँसिन्छन्, सहकारीकर्मीले आफूलाई चाहिएको दर्शन भेटाउँदछ ...।' [९१]

> **सहकारी सिद्धान्तहरूको समष्टिमा सहकारी दर्शन भेटिन्छ ।**

सहकारी व्यवसाय वस्तुतः सदस्य मूल्य प्रस्तावना (Member value proposition) हो। सहकारी संस्थाको सङ्घटन, सञ्चालन र विघटनका समस्त कार्यहरू मूल्यसम्मत हुन्छन्। संस्थापनअघि र विघटनपछिका कार्यहरूमा पनि मूल्यहरूकै जगेर्ना गरिन्छ।

---

८९ नेपाली बृहत् शब्दकोश (आठौं संस्करण) काठमाडौं, नेपाल प्रज्ञा-प्रतिष्ठान, २०६९।

९० पाद टिप्पणी ६९।

९१ Mercer, रचना पूर्वोल्लिखित।

त्यसकारण सहकारी सिद्धान्तहरूको पालना दिइएको आवश्यकता हुँदैन; रोजिएको अभ्यास हुन्छ। सहकारी सिद्धान्तहरूको सम्मान परम्पराको निर्वाह हुँदैन; वर्तमानको प्राथमिकता बन्दछ। सदस्यको व्यवसाय सफल पार्ने उपायका रूपमा पनि सहकारी सिद्धान्तको महत्त्व बोध हुँदैन। सहकारी सिद्धान्तको महत्त्व त सदस्यको व्यक्तित्व विकास गराउने निर्धारकहरूको अर्थमा खुल्दछ। अन्तर्राष्ट्रिय सहकारी महासङ्घीय सिद्धान्त स्रोत समूह (१९९५ ई.) ले पनि सहकारी सिद्धान्तहरूलाई 'सशक्तीकरणको ढाँचा (Empowering framework)' बताएको छ। [९२]

रोचडेल (१८४४ ई.) देखिका सहकारी सिद्धान्तहरू अन्तर्राष्ट्रिय सहकारी महासङ्घको विशेष समितिको सिफारिसमा पेरिस महासभा (१९३७ ई.) बाट पहिलोपल्ट, सिद्धान्त आयोगको सिफारिसमा भियना महासभा (१९६६ ई.) बाट दोस्रोपल्ट र सिद्धान्त स्रोत समूहको सिफारिसमा मेन्चेष्टर महासभा (१९९५ ई.) बाट तेस्रोपल्ट परिमार्जित भएका थिए (तालिका ७)।

**तालिका ७ : समयान्तरमा सहकारी सिद्धान्त : संशोधित शब्द, समतुल्य अर्थ**

| रोचडेल (१८६० ई.)[९३] | पेरिस (१९३७ ई.) | भियना (१९६६ ई.) | मेन्चेष्टर (१९९५ ई.) | कैफियत |
|---|---|---|---|---|
| (१) | (२) | (३) | (४) | (५) |
| २. संस्थापक सदस्यसरहकै सर्तमा जोसुकै संस्थामा प्रवेश गर्न सक्ने खुला सदस्यता | १. खुला सदस्यता | १. ऐच्छिक तथा खुला सदस्यता | १. ऐच्छिक तथा खुला सदस्यता | १. पेरिस महासभाबाट पारित सातोटा सिद्धान्तमध्ये १-४ का अनिवार्य र ५-७ का ऐच्छिक मानिएका थिए। |

[९२] पाद टिप्पणी ९ मा उल्लिखित Background Paper, Principles – An Introductory Comment, प्रकरण १।

[९३] तालिका ३, महल ६।

| (१) | (२) | (३) | (४) | (५) |
|---|---|---|---|---|
| १. प्रत्येक सदस्यले एक मतको अधिकार पाउने लोकतान्त्रिक नियन्त्रण | २.लोकतान्त्रिक नियन्त्रण | २. लोकतान्त्रिक प्रशासन | २. सदस्यको लोकतान्त्रिक नियन्त्रण | २. भियना महासभाले सिद्धान्तहरू-को शीर्षक नराखेको भए तापनि यहाँ मिल्दो गरी जनाइएको छ । |
| ३. संस्थामा दिइएको पुँजीमा निर्धारित अथवा सीमित व्याज | ४. पुँजीमा सीमित व्याज | ३. अंसधनमा अत्यन्त सीमित व्याजदर | ३. सदस्यको आर्थिक सहभागिता | |
| ४. व्याज र संयुक्त खर्च भुक्तानी पछिको उबार खरिदको अनुपातमा सदस्यलाई लाभांशमा वितरण | ३. सदस्यलाई कारोबारको आधारमा उबार वितरण | ४. आर्थिक प्रतिफलको न्यायोचित वितरण | | |
| | | | ४. स्वायत्तता र स्वतन्त्रता | |
| ७. पारस्परिक बेपारमा साथै सहकारी सिद्धान्तका सम्बन्धमा सदस्यहरूलाई शिक्षा | ७. शिक्षाको प्रवर्धन | ५. सहकारी शिक्षाको व्यवस्था | ५. शिक्षा, तालिम र सूचना | |

| (१) | (२) | (३) | (४) | (५) |
|---|---|---|---|---|
| | | ६.सहकारी सङ्गठनमाझ सहयोग | ६. सहकारी संस्थामाझ सहयोग | |
| | | | ७. समुदाय-प्रतिको सरोकार | |
| ८. राजनीतिक र धार्मिक तटस्थता | ५. राजनीतिक र धार्मिक तटस्थता | | | |
| ५. उधारो नदिएर नगदमा बेपार | ६. नगद बेपार | | | |
| ६. शुद्ध एवं मिसावटबिनाको वस्तुमात्र विक्री | | | | |

## पहिलो सिद्धान्त : ऐच्छिक तथा खुला सदस्यता (Voluntary and Open Membership)

**आधिकारिक शब्दावली**[९४]

सहकारी संस्थाहरू तिनको सेवा उपयोग गर्न सक्ने तथा सदस्यताको उत्तरदायित्व वहन गर्न राजी हुने सबै व्यक्तिका लागि लैङ्गिक, सामाजिक, जातीय, राजनीतिक वा धार्मिक भेदभावबिना खुला रहने ऐच्छिक सङ्गठन हुन् ।

**अन्तर्निहित भाव**

ऐच्छिक तथा खुला सदस्यताको सिद्धान्तमा व्यक्तिको विवेकको सम्मान गरिएको छ । सहकारी कार्यमा सम्मिलन स्वैच्छिक छनौट हुन्छ । भनाइको अर्थ, सरोकारको व्यक्तिले विवेकको प्रयोग गरी सदस्यता लिन चाहे सहकारी संस्थाले नदिन र नचाहे दिन सक्तैन । निर्णयकर्ता व्यक्ति हो; अरू कोही

[९४] सहकारी सिद्धान्तका आधिकारिक शब्दावली पाद टिप्पणी ६९ को अङ्ग्रेजी संस्करणबाट नेपालीमा उल्था गरी राखिएका हुन् ।

होइन । व्यक्तिको सहभागिताको अधिकार देहायबमोजिम सुनिश्चित औ निर्बन्धित हुन्छ :

- सहकारी संस्थाले सदस्य बन्न चाहने व्यक्तिलाई स्वागत गर्नुपर्दछ;
- सदस्यले सहकारी संस्थाको अभिभारा (Obligation) लिनुपर्दछ;
- सहकारी संस्थाको सेवा उपयोगकर्ता सदस्य हुनुपर्दछ;
- सदस्यले सहकारी संस्थाको सेवा उपयोग गर्नुपर्दछ र
- सहकारी संस्थाको सदस्यता व्यक्तिको स्वतन्त्र निर्णयको उपज हुनुपर्दछ ।

**व्यावहारिक तात्पर्य**

बोधगम्य (Understandable) सर्त, बन्धन र अवस्थाभित्र सहकारी संस्थाको सदस्यता निर्बाध हुन्छ; स्वतन्त्र हुन्छ ।

## क. सेवा उपयोगको सर्त

सहकारी संस्थामा सरोकार (Stake) भनेको सेवा उपयोग हो । सेवा उपयोग नगर्ने व्यक्तिमा सरोकार हुँदैन र त्यसकारण उसलाई सदस्यता दिइँदैन । खुला सदस्यता सेवा उपयोगकर्ताका हकमा मात्र लागू हुन्छ ।

सेवा उपयोगको सर्त आधारभूत हो र अविच्छिन्न पनि । जसरी विद्यालय जान छाडेपछि विद्यार्थी होइन्न त्यसरी नै संस्थाको सेवा लिन छाडेपछि सदस्य रहिन्न । सेवा अनुपयोगका कारण सदस्यता सीमित हुने अवस्था अनेक हुन सक्तछन् । जस्तै–

- सहकारी संस्थाका सेवा कार्यक्षेत्रमा सञ्चालित हुने हुँदा त्यहाँ बसोबास नभएको व्यक्तिलाई सदस्य बनाइँदैन;
- कार्यक्षेत्रबाहिर बसाइँ सरी गएका सदस्यमा संस्थाको सदस्यताको योग्यता कायम रहँदैन;
- गाईबस्तु नपालेको र पाल्ने योजना पनि नगरेको व्यक्तिलाई दूध उत्पादक संस्थाको सदस्यता मिल्दैन;
- दूध उत्पादक संस्थाको सदस्यले गाईबस्तु पाल्न छाडे अनि पुनः पाल्ने मनसुबा पनि नराखे सदस्यताको योग्यता गुम्दछ र

- गलैँचा बुन्ने श्रमिकको संस्थामा कर्मचारीको रूपमा कार्यरत गलैँचा नबुन्ने लेखापालमा उद्देश्यजन्य 'रोजगारी सेवा' उपयोगको योग्यता पुग्दैन ।

## ख. अभिभारा वहनको बन्धन

सहकारी सदस्यतामा जिम्मेवारीको बन्धन पनि हुन्छ । जिम्मेवारी लिनु भनेको संस्थाको स्वामित्व लिनु हो; 'बोझ' बोक्नु होइन । उदाहरणका लागि पुँजीको एक अंस नकिनी सहकारी संस्थाको सदस्यता दिइँदैन । त्यसको अर्थ, रकम जुटाउने काममा नजुट्ने व्यक्तिलाई सदस्य नबनाउने भन्ने होइन – बरु प्रत्येक 'प्रवेशी' लाई संस्थाको 'मालिक' बनाएर सञ्चालनमा 'आवाज' दिलाउने हो । पुँजीमा योगदानबाहेक सदस्यको जिम्मेवारीमा नित्य पर्ने कुरा हुन्–

**पुँजीको एक अंस किन्नुपर्ने सहकारी सर्तमा प्रत्येक प्रवेशीलाई संस्थाको मालिक बनाएर सञ्चालनमा आवाज दिलाउने अभिप्राय छिपेको छ ।**

- बैठकहरूमा उपस्थिति;
- मताधिकारको उपयोग;
- सहकारी शिक्षाका साथै सेवाको सञ्चालनमा सक्रियता;
- सूचनाको माग र
- विचलनहरूमा खबरदारी ।

सदस्यको अभिभारातर्फ पुँजीको न्यूनतम एक अंस सर्तको रूपमा रहन्छ । सर्तकै रूपमा प्रायशः राखिने अर्को अभिभारा संस्थाले चलाउने शैक्षिक गतिविधिमा सहभागिता हो । थप जिम्मेवारी बन्धन हुन् । सर्त बाध्यात्मक हुन्छ; पूरा नगरे सदस्यता मिल्दैन वा कायम रहँदैन । बन्धन 'वचन' हुन्छ, जो सदस्यले सक्तो पूरा गर्दछन् ।

**सहकारी सदस्यताको सर्त बाध्यात्मक हुन्छ भने बन्धन 'वचन' ।**

## ग. स्वाभाविक सीमाङ्कनको अवस्था

स्वैच्छिक सदस्यता अनन्तर हो। खुला सदस्यतामा भने तर्कसम्मत (Reasonable) सीमा रहन सक्तछ। खास गरी देहायका अवस्थामा सहकारी सदस्यता सीमित हुँदा अन्यथा मानिँदैन :

- महिलामात्रको संस्था बनाएकोमा;
- श्रमिक संस्थाले कारखानाको क्षमता नाघेपछि सदस्यता रोकेकोमा;
- अर्को संस्थाले सेवा दिइरहेको स्थानको व्यक्तिलाई सदस्यता नदिने परम्परा बसालिएकोमा;
- ज्येष्ठ नागरिक सहकारी ग्राममा सदस्यताका लागि उमेरको योग्यता तोकेकोमा र
- बचत तथा ऋण संस्थाले (देशको कानुनअनुसार अरू संस्थाले पनि) विदेशी नागरिकलाई सदस्यता नदिएकोमा।

## घ. कृत्रिम छेकबारको डर

अनावश्यक सर्त वा अस्वाभाविक अभिभारा कृत्रिम छेकबार हुन्। जुनसुकै बनावटी तगारो खुला सदस्यताविपरीत हुन्छ। असल सोच्दा पनि देहायको अवस्थामा अन्यथा पर्न सक्तछ :

- संस्थाको पुँजी होस् भनी अंसको मूल्य सर्वसाधारण सेवा उपयोगकर्ताले चुक्ता गर्न नसक्ने गरी माथि राखियो भने;
- स्रोतको दुरुपयोग नहोस् भनी एक घर, एक सदस्यताको नियम बाँधियो भने र
- आर्थिक रूपमा सक्रिय जनसाङ्ख्यिक समूहको नै संस्था पनि बनोस् भनी माथिल्लो उमेर सीमा तोकियो भने।

' ... सदस्य बन्न खोज्ने व्यक्तिलाई कुनै कृत्रिम बन्देज लगाइनु हुँदैन' भन्दै अन्तर्राष्ट्रिय सहकारी महासङ्घको सिद्धान्त समिति (२०१५ ई.) थप्दछ, 'सदस्यतामा एकमात्र सीमा सहकारी संस्थाको प्रयोजनले राख्ने सीमा हो।' [९५]

---

[९५] पाद टिप्पणी ८४ मा उल्लिखित Guidance Notes, पृ. ६।

## ङ. अनिच्छित सदस्यताको सम्भावना

बाध्यात्मक, प्रोत्साहित, लहैलहैको – अनिच्छित सदस्यताका अनेक रूप हुन सक्तछन् ।

बाध्यात्मक अवस्था विकल्पको अभावमा आइपर्ने हुन्छ । विद्युत् संस्था उदाहरण हो । सदस्य नबने बिजुली नै नपाइने भएपछि छनौटको कुरै आएन ।

सदस्यताको सर्तमा अन्यत्रको लाभ मिल्ने भयो भने प्रोत्साहित अवस्था पैदा हुन्छ । सहकारी संस्थाका सदस्यहरूले मात्र गरिबी निवारण अनुदान पाउने व्यवस्था उदाहरण हुन सक्तछ । सदस्य बन्नासाथै फाइदा मिल्ने भएपछि अर्थोकको विचार गर्ने परेन ।

त्यस्तै, 'छिमेकका सारा मिल्ने' भनियो भने लहैलहैको अनिच्छित सदस्यताको खण्ड पर्दछ ।

इच्छाधीन सदस्यतामा व्यक्तिको निश्चय हुन्छ । सहभागिता त्यै निश्चयको उपज हो । व्यक्तिले निर्णयको स्वामित्व लिन्छ । अर्काका कारण उत्पन्न अभिभारा आफ्नो हुँदैन । 'सदस्य बन्दैमा के बिग्रियो त ?' भनियो भने सबथोक बिग्रिन्छ ।

अन्तर्राष्ट्रिय सहकारी महासङ्घीय सिद्धान्त स्रोत समूह (१९९५ ई.) को बेरबेरै उद्धृत कथन फेरि उद्धृत गर्ने हो भने 'मानिसहरूलाई सहकारीकर्मी बनाउन सकिने हुँदैन' ।[९६]

## च. विपर्यस्त हितबाट संरक्षण

आम सदस्यको उल्टो हित भए विरोधाभास हुन्छ । त्यस्तो हित भएका व्यक्तिलाई सहकारी संस्थाले सदस्यताबाट वञ्चित गर्दछन् । वञ्चितीकरण संस्थाको संरक्षणार्थ आवश्यक पर्दछ । संस्थाको समवर्ती कारोबार प्रायशः दिइने उदाहरण हो । संस्थाले धान खरिद-विक्री गर्दछ भने गल्लावाललाई सदस्यता

---

[९६] पाद टिप्पणी ९ मा उल्लिखित Background Paper, The Voluntary and Open Membership Principle, प्रकरण १ । अङ्ग्रेजी उद्धरण : People cannot be made to be co-operators.

दिइँदैन । कफी प्रशोधन गरिरहेको संस्थाको सदस्यले कुनै दिन कफी प्रशोधन गर्न थाले उनको सदस्यता त्यसै दिनदेखि खारेज गरिन्छ । सहकारी उपभोक्ता भण्डारको सदस्यले पसल थापे त्यै गति हुन्छ ।

हितविमुखताको अर्को अवस्था छरपुष्ट्याइँ हो, जहाँ समर्पणको अभाव हुन्छ । कुनै संस्थाको सदस्यले उस्तै अर्को संस्थाको सदस्य बन्न खोज्नुको अर्थ खुल्दैन । अघिल्लो संस्थाको सदस्यता त्यागेर आवेदन गर्दाको अवस्था पृथक् भयो – नत्र पछिल्लो संस्थाको सदस्यता प्रदान गरिँदैन ।

साझा हेतु वा आकाङ्क्षाभन्दा फरक पर्दा पनि हितको विरोधाभास हुन्छ । गैरसहकारी प्रयोजनका लागि गुनासो, आरोप, अफवाहजस्ता उपायले भाँजो हाल्ने काम त्यस्तोमा भइरहन्छ । खुला सदस्यता सदाशयमा सीमाबद्ध हुन्छ ।

### छ. कानुनी व्यक्तिको सदस्यता

प्रारम्भिक सहकारी संस्थामा कानुनी व्यक्ति (Legal person) को सदस्यतामा विवाद छ ।

रोचडेली अगुवाहरूले सन् १८५४ मा ९६ वटा शक्ति-तानसहित रोचडेल सहकारी उत्पादन संस्था खडा गरेको तथ्य अघि नै उल्लेख गरिएको छ (तालिका २) । त्यो संस्थाको अधिकांश पुँजी सानो-सानो रकममा त्यसमा संलग्न महिला, पुरुष सदस्यहरूबाटै जम्मा पारिएको थियो । अग्रजहरूको समतामूलक संस्थासमेत त्यसको अंसियार भएको थियो ।[९७]

एवं रीतले अग्रजहरूले अन्य व्यवसाय पनि प्रवर्धन गरेका थिए ।[९८]

रोचडेलको सिकोझैँ कतिपय प्राथमिक संस्थाहरूमा संस्थागत सदस्यता दिने व्यवस्था भयो । सन् १९६६ मा अन्तर्राष्ट्रिय सहकारी महासङ्घबाट थप गरिएको अन्तरसहकारी सहयोगको सिद्धान्तसँगै आपसी स्वामित्वलाई समेत बढवा मिल्यो होला । यता खास गरी विकासको युग प्रारम्भ भएपछि [९९] तेस्रो

---

[९७] हेर्नुहोस्, Cole, रचना पूर्वोल्लिखित, पृ. ८८-८९ ।

[९८] ऐ. ।

[९९] विकासको युग अमेरिकी राष्ट्रपति Harry S. Truman को सन् १९४९ जनवरी २० को उद्घाटन सम्बोधनसँगै प्रारम्भ भएको मानिन्छ । आफ्नो सम्बोधनको चौथो बुँदा (Point Four ) मा उनले विकास

विश्वका मुलुकहरूमा सरकारको तर्फबाट सहकारी सङ्घ, संस्थाहरूको प्रवर्धन गर्ने क्रम चल्यो । कतिपय देशका सरकार वा सरकारी निकायहरू आवश्यकता हेरी प्रारम्भिक सहकारी संस्थामा अंसियार बन्न थाले । सहकारी विकासमा सघाउने भनी कानुन त्यसरी नै तर्जुमा भए ।

संस्थागत सदस्यता अन्तरसहकारी र सरकार-सहकारीको रूपमा नै पनि सीमित रहेन । विशेष गरेर सन् १९९० को दशकयता सहकारी-निजी क्षेत्रीय सहकार्यको विचारबाट सहकारी सङ्घ, संस्था र निजी उद्यमको संयुक्त लगानीमा उद्योग खडा गर्ने, त्यस्ता उद्योगहरूमा व्यक्तिगत सदस्यता पनि खुला राख्ने र साथै सहकारी उद्यममा व्यावसायिक सम्बन्ध भएका निजी उद्यमहरूले अंसियारी गरेर पुँजी जुटाउने खालका चलन – वा विचलन – देखा परे ।

अन्तर्राष्ट्रिय सहकारी महासङ्घीय सिद्धान्त स्रोत समूह (१९९५ ई.) र सिद्धान्त समिति (२०१५ ई.) यस मुद्दामा तटस्थ बसेको भान पर्दछ । सिद्धान्त स्रोत समूह (१९९५ ई.) ले सहकारी पहिचान विषयक अन्तर्राष्ट्रिय सहकारी महासङ्घीय विज्ञप्तिको परिभाषामा रहेको 'व्यक्तिहरूको एक सङ्घटन' भन्ने वाक्यांशको यस्तो अनौठो व्याख्या गरेको छ :

> यो [सहकारी संस्था] 'व्यक्तिहरूको सङ्घटन हो' । यसको माने सहकारी संस्थाहरू आफूले छानेको जुनसुकै कानुनी तवरमा 'व्यक्ति' को परिभाषा गर्न स्वतन्त्र छन् भन्ने हुन्छ । संसारभरि धेरै प्राथमिक सहकारी संस्थाहरूले व्यक्तिगत मानवमात्रलाई प्रवेश दिने गरी छानेका छन् । धेरै अन्य प्राथमिक सहकारी संस्थाहरूले अन्य कुनै सदस्यसरह अधिकार प्रदान गरेर 'कानुनी व्यक्ति' लाई प्रवेश दिन्छन्, जसमा धेरै मुलुकहरूमा कम्पनीहरू पनि पर्दछन् । [१००]

---

[सहायता] कार्यक्रमको चित्रण गरेर अरू देशलाई पनि त्यस उद्यमका लागि स्रोत जुटाउन आह्वान गरेका थिए । हेर्नुहोस्, Gilbert Rist, The History of Development: From Western Origins to Global Faith (Second edition), English Translation Patrick Camiller (London: Zed Books, 2006, first English edition 1997), पृ. ७०-७१ ।

[१००] पाद टिप्पणी ९ मा उल्लिखित Background Paper, The Definition of a Co-operative, प्रकरण ३ (बी) ।

विधिशास्त्रीय अर्थमा व्यक्ति मानिएको सङ्गठित संस्था समाजशास्त्रीय अर्थमा समेत व्यक्तिको परिभाषामा पार्न सकिन्छ भन्ने व्याख्या अति नै उदार लाग्दछ ।

महासङ्घको विशेष समिति (१९३७ ई.) ले भने यो प्रश्नमा बोलेको छ–

> सहकारी बैङ्कहरूले सदस्यतामा व्यक्तिहरू र प्रतिष्ठानीय सङ्गठन (Corporate bodies) रहेका छन् भन्ने उत्तर दिन्छन् तर चेक र हङ्गेरी बैङ्कहरूले संयुक्त पुँजी कम्पनीहरू पनि पर्दछन् भन्दछन् । संयुक्त पुँजीको सिद्धान्त र स्वैच्छिक सहकारिता अमिलानीय नै त होइनन् तर संयुक्त पुँजी कम्पनीका अंसहरू (Shares) खुला बजारमा हस्तान्तरण वा विक्री हुन सक्ने तथ्यले गर्दा संस्थाको सहकारी चरित्र परिवर्तन हुने जोखिम रहन्छ ।[१०१]

झन्डै ३० वर्षपछि महासङ्घीय सिद्धान्त आयोग (१९६६ ई.) ले संस्थाको सहकारी चरित्रमा दोष पर्न सक्ने त्यै जोखिमतर्फ ध्यानाकर्षण गराएको थियो । आयोगको विचारमा–

> यद्यपि प्राथमिक सहकारी संस्थाहरूको सहकारी चरित्रमा खलल नपर्ने गरी सदस्यतामा यदाकदा सहकारी आन्दोलनको भाग नहुने प्रतिष्ठानीय सङ्गठन (Corporate bodies) को कुनै सानो अल्पसङ्ख्या पर्न सक्तछ भने पनि विशेष सेवाका लागि स्थापना गरिएका धेरै सङ्गठनहरूको अवस्था उस्तै नभएको हुँदा नगिचबाट नियाल्नुपर्नेछ । ... जहाँ सहकारी सदस्यता सहकारी सिद्धान्तहरू कायम गराउने स्थितिमा हुँदैन सङ्गठन सहकारी संस्थाको रूपमा मान्यता पाउने योग्यता गुमाउने डरमा रहन्छ । [१०२]

सहकारी संस्था संलग्न हुने गैरसहकारी सङ्घटनका हकमा पनि त्यै विचार गरिनुपर्ने तर्क राख्दै आयोग भन्दछ, ‘यदि कुनै सङ्घटनमा सहकारी सिद्धान्तको

[१०१] पाद टिप्पणी ८ मा उल्लिखित प्रतिवेदन, पृ. ७ ।

[१०२] पाद टिप्पणी ७९ मा उल्लिखित प्रतिवेदन, पृ. १५-१६ ।

अर्थमा औचित्य नखुल्ने अभ्यासहरूमा संलग्न हुनुपर्ने हुन्छ भने त्यहाँ सहकारी संस्थाहरू सहभागी हुनु हुँदैन र त्यहाँबाट निस्किनुपर्दछ' । [१०३]

रोचडेली संस्थापकका पालामा प्रवर्धनको प्रथम-प्रथम अभ्यास थियो, जहाँ स्वैच्छिक सदस्यतालगायतका आधारभूत प्रश्नहरूमा ध्यान केन्द्रित हुँदा संस्थागत सहभागिताका असरपट्टि विचार-विमर्शको क्रम चल्दै हुँदो हो। अग्रजहरूले समतामूलक संस्थाको सदस्यता अनिच्छित होला कि भन्ने डरले बृहत् उत्पादन आयोजनामा संलग्न श्रमिकहरूको भिन्नै संस्था प्रवर्धन गर्ने विकल्प रोजेको चर्चा त माथि नै गरिसकिएको छ ।

अघि आम चलन नभएर र पछि अन्य मुद्दाको अधिकता भएर होला – अन्तर्राष्ट्रिय सहकारी महासङ्घीय विशेष समिति (१९३७ ई.), सिद्धान्त आयोग (१९६६ ई.), सिद्धान्त स्रोत समूह (१९९५ ई.) र साथै सिद्धान्त समिति (२०१५ ई.) का प्रतिवेदनहरूमा संस्थागत सहभागिताका सैद्धान्तिक एवं व्यावहारिक तात्पर्य (Implications) मा यथाविवेचना भएझैँ लाग्दैन। सम्भवतः अर्को अवसरमा यो प्रश्नले पनि प्राथमिकता पाउला। जे होस्, सिद्धान्ततः प्राथमिक संस्थामा कानुनी व्यक्तिको सदस्यतामा दुईथरी आपत्ति पर्दछन् ।

एक, सहकारिता पारिभाषिक रूपमै पारस्परिकताको अभ्यास हो। व्यक्ति सदस्य र सङ्गठन सदस्यबीच पारस्परिकताको कुरै आउँदैन। सङ्गठन-सङ्गठनबीच भने पारस्परिकताभन्दा सहकार्य होला।

दुई, खुला सदस्यता भनेकै व्यक्तिको अनि सहकारी संस्था, सङ्घहरूको रोहमा लागू हुन्छ। प्रतिष्ठानको हकमा सदस्यको जिम्मेवारी वहनको सर्त त पूरा होला तर सेवा उपयोगको सर्त पूरा हुँदैन। प्रतिष्ठानहरूको सेवा गर्ने गरी सहकारी संस्था प्रारम्भमै गठन हुँदैन। सहकारी संस्था र प्रतिष्ठानबीच व्यावसायिक सम्बन्ध हुन सक्तछ तर सेवा उपयोगको नाता हुँदैन। व्यावसायिक सम्बन्धका आधारमा सदस्यता खुला गर्ने हो भने सहकारी संस्था प्रतिष्ठानहरूको अधीनस्थ एकाइ (Subsidiary) मा परिणत हुन्छ; वार्ताद्वारा निर्धारित सदस्यता (Negotiated membership) हो भने स्वैच्छिक होला, खुला हुँदैन ।

---

[१०३] ऐ., पृ. १६ ।

अतः सहकारी कार्यकलापमा 'कानुनी व्यक्तिको' संलग्नता देहायबमोजिम सीमाङ्कित हुनुपर्दछ भन्न सकिन्छ :

- प्रारम्भिक सहकारी संस्थामा व्यक्तिमात्रको सदस्यता;
- सहकारी सङ्घहरूमा सहकारी आन्दोलनभित्रकै सदस्यता;
- सहकारी विकासको उद्देश्यले सहकारी सङ्घ, संस्थाहरूको पहलमा खोलिएका बैङ्किङ, कर्जा सुरक्षण, प्रमाणीकरण, परामर्श सेवा, प्रशिक्षणजस्ता सहकारी सङ्गठनहरूमा सहकारी सङ्घ, संस्थासँगै सरकार, सरकारी निकाय, गैरसरकारी सङ्गठनहरूको सदस्यता;
- सहकारी विकासको उद्देश्यले सरकार वा सरकारी निकायको पहलमा खडा गरिएका बैङ्किङ, कर्जा सुरक्षण, प्रमाणीकरण, परामर्श सेवा, प्रशिक्षणजस्ता सरकारी प्रतिष्ठानहरूमा सरकार, सरकारी निकाय, गैरसरकारी सङ्गठनहरूसँगै सहकारी सङ्घ, संस्थाहरूको सदस्यता;
- सहकारी सङ्घ, संस्थाहरूले व्यावसायिक आवश्यकताले खडा गर्ने स्रोत केन्द्र, शीत भण्डार, प्रशोधन संयन्त्रजस्ता मूल्य सिक्री (Value chain) मा माथिल्तिरका क्रियाकलापका साथै बृहत् स्तरका यातायात, स्वास्थोपचार, भारी उपकरणजस्ता सेवा वा जलविद्युत्, कृषि सामग्री, कृषि औजारलगायतका उत्पादन आयोजना सञ्चालन गर्ने विशिष्टीकृत सहकारी सङ्घमा सहकारी सङ्घ, संस्थाका साथै सरकार, सरकारी निकायहरूको सदस्यता र
- कामदारहरूकै स्वामित्वमा सहकारीकरण गर्दा अपवादको रूपमा उद्योगमा संलग्न हुने कामदारसँगै यथाशक्य छोटो अवधिभित्र फिर्ता गरिसक्ने सर्तमा संस्थामा सार्वजनिक भए सरकार वा सरकारी निकायको 'सहसदस्यता' कायम गरी अंसियारी तर निजी भए साबिकको धनीको सहसदस्यतासमेत कायम नगरी ऋण ।

## दोस्रो सिद्धान्त : सदस्यको लोकतान्त्रिक नियन्त्रण (Democratic Member Control)

### आधिकारिक शब्दावली

सहकारी संस्थाहरू आफ्ना सदस्यद्वारा नियन्त्रित लोकतान्त्रिक सङ्गठन हुन् । संस्थाको नीति तर्जुमा तथा निर्णय कार्यमा सदस्यहरू सक्रियतापूर्वक सहभागी हुन्छन् । निर्वाचित प्रतिनिधिको रूपमा कार्यरत महिला तथा पुरुष सदस्यहरू

प्रति उत्तरदायी रहन्छन् । प्राथमिक सहकारी संस्थामा सदस्यहरूको मताधिकार बराबर (एक व्यक्ति, एक मत) हुन्छ भने अन्य तहका सहकारी संस्थाहरू पनि लोकतान्त्रिक ढङ्गले सङ्गठित भएका हुन्छन् ।

**अन्तर्निहित भाव**

Fred Howarth भन्दछन्, 'मानिसहरूलाई "विकसित गराउन" सकिँदैन – उनीहरू आफैँले मात्र विकास गर्न सक्तछन् ।' [१०४]

सहकारी संस्था सञ्चालन गर्ने स्वीकार्य विधिभन्दा पनि साधारण सदस्यको व्यक्तित्व विकास र कृतित्व विस्तारको जीवन्त अवसरका रूपमा लोकतान्त्रिक नियन्त्रणको अर्थ खुल्दछ, जसअनुसार–

- सहकारी संस्थाको बागडोर सदस्यहरूको हातमा रहनुपर्दछ;
- सदस्यहरूको सक्रियतामा सहकारी संस्थाको सञ्चालन गरिनुपर्दछ;
- सहकारी संस्थामा सदस्यहरूको सहभागिताको अधिकार समान हुनुपर्दछ;
- सदस्यहरूलाई उछिनेर सहकारी संस्थाको नीति तर्जुमा वा नीतिजन्य निर्णय कार्य हुनु हुँदैन;
- सहकारी सदस्यको निर्णय स्वतन्त्रतामा प्रत्यक्ष वा परोक्ष रूपमा आँच आउनु हुँदैन;
- सदस्यीय सर्वोच्चतामा खलल पर्ने गरी सहकारी संस्थाको सञ्चालकीय (Governing) तहबह मिलाउनु हुँदैन र
- सहकारी संस्थामा नियुक्त पदाधिकारी निर्वाचित प्रतिनिधितर्फ अनि निर्वाचित प्रतिनिधि निर्वाचक सदस्यतर्फ उत्तरदायी रहने गरी उत्तरदायित्व शृङ्खला (Chain of accountability) स्थापित भएको हुनुपर्दछ ।

**व्यावहारिक तात्पर्य**

अप्रत्यक्षदेखि प्रत्यक्षसम्म – जनसंलग्नताको मात्रामा लाकेतान्त्रिक परिपाटी फरक हुन्छन् ।

---

[१०४] Fred Howarth, शैक्षिक पत्र, Co-operative College, Loughborough, ५ नोभेम्बर १९९० ।

प्रतिनिधिमूलक (Representative) लोकतन्त्रमा जनताले प्रतिनिधि निर्वाचन गरेपछि प्रतिनिधिले जनआकाङ्क्षाअनुसार कार्य गर्दछन् । विमर्शमूलक (Deliberative) लोकतन्त्रमा सार्वजनिक हितका अहम् कामकुरामा जनप्रतिनिधिसँगै आम जनतामाझ बहस चलाइन्छ र निष्कर्ष पछ्याइन्छ । सहभागितामूलक (Participatory) लोकतन्त्र अझ प्रत्यक्ष हुन्छ, जहाँ जनप्रतिनिधिझैँ नै आम जनता पनि निर्णय कार्यमा सरिक भइरहेका हुन्छन् ।

अन्तर्राष्ट्रिय सहकारी महासङ्घको सिद्धान्त समिति (२०१५ ई.) ले 'सहकारी संस्थाहरू लोकतान्त्रिक पुञ्जको विमर्शमूलक र सहभागितामूलक छेउतर्फ प्रवृत्त हुन्छन्' [१०५] भनेको छ । सहकारितामा लोकतान्त्रिक विधि पु¥याउनका लागि हुँदैन; पालनाका लागि हुन्छ । निर्वाहको लोकतन्त्र (Notional democracy) मा आम सदस्यको सशक्तीकरणको परिपाटी बस्दैन ।

**निर्वाहमुखी लोकतन्त्रमा सहकारी सदस्यको सशक्तीकरणको परिपाटी बस्दैन ।**

सिद्धान्तले सहकारीकर्मीहरूलाई वास्तविक लोकतान्त्रिक अभ्यासका लागि निर्देश गरेको छ । सहकारी संस्थाका समस्त गतिविधिहरूमा साधारण सदस्यको लोकतान्त्रिक नियन्त्रण सुनिश्चित गर्न तीनोटा अवस्था कायम राख्नुपर्ने हुन्छ ।

### क. निर्णय स्वतन्त्रता

व्यक्तिगत र सामूहिक दुवै हैसियतमा प्रत्येकपल्ट सदस्यहरू चित्तबुझ्दो निर्णय गर्न स्वतन्त्र हुनुपर्दछ । अन्यथा संस्थामा लोकतान्त्रिक नियन्त्रण छ भन्ने मान्न सकिँदैन । प्रत्यक्ष वा परोक्ष रूपमा सदस्यहरूको निर्णय स्वतन्त्रता सङ्कुचित हुने खण्डका उदाहरण हुन्–

- विचाराधीन विषयमा सञ्चालक सदस्यलाई उपलब्ध सबै सूचना साधारण सदस्यलाई उपलब्ध नभएको;
- तय भइसकेको विषय अनुमोदनका लागि साधारण सदस्यसमक्ष पेस भएको;
- सूचना विश्लेषण, विकल्पहरूको सर्वेक्षण, विचारविमर्शका लागि समय नपुगेको;

---

[१०५] पाद टिप्पणी ८४ मा उल्लिखित Guidance Notes, पृ. १५ ।

- साबिकको प्रक्रिया छोट्ट्याइएको र
- संस्थापन गरेको, जानेबुझेको, पुँजी बेसी राखेको भन्ने जस्ता कारणले कुनै सदस्यले सबै सदस्यलाई प्रभावमा पारेको ।

**ख. प्रत्यक्ष सहभागिता**

सहकारी सदस्यले सहभागिताको क्षेत्र कटाउन सक्तैन ।

सहकारी सदस्यले स्वयम्लाई बाहिक गर्न सक्तैन । सदस्यका नाताले स्वतः संस्थाको अभिभारा सृजना हुन्छ, जुन न खण्डनीय हुन्छ न त प्रत्यायोजनीय नै । प्रत्यक्ष सहभागिताको लोकतान्त्रिक सर्तले गर्दा–

- सदस्यहरू कसैको उपस्थिति नहुने गरी साधारण सभा बन्दैन;
- साधारण सभाको सबै वा कुनै काम गर्ने गरी कार्यकारी सभा (Executive Assembly) जस्तो प्रतिनिधिमूलक अङ्ग खडा गर्न सकिँदैन;
- बहुसङ्ख्या तल सदस्यको नाममा सञ्चालकीय बन्दोबस्त गर्ने गणपूर्ति हुँदैन;
- सदस्यको हितमा तात्त्विक असर पार्ने निधो गर्ने अधिकार साधारण सभाबाहेक अन्यत्र राखेर विनियममा कुनै बन्दोबस्त गर्न मिल्दैन र
- सदस्यहरू नै सरिक हुने व्यावहारिक सम्भावना भएसम्म सञ्चालकीय कामकुरा गर्ने गरी प्रत्यायोजित व्यवस्था गरिँदैन ।

**ग. स्वामित्वजनक स्थानीयता**

लोकतान्त्रिक नियन्त्रण शून्यतामा हुँदैन; संस्थाका गतिविधिमा सदस्यको सरोकारबाट मूलतः निर्धारित हुन्छ । सदस्यले प्रयासको प्रतिफल, छनौटको परिणाम र अडानको औचित्य हेर्ने क्रममा नै सहभागिता जीवन्त हुने हो । आम सदस्यमा ‘मैले फरक पार्न सक्तछु’ भन्ने खालको प्रक्रियागत स्वामित्वको अनुभूति हुनुपर्दछ । अत्यधिक फैलाउसँगै अनगिन्ती सदस्य भएपछि कसैलाई

पनि एक्लो प्रयास परिणामी लाग्दैन । सदस्यीय उत्साहको रिक्त स्थान मौका पर्खेकाले पूर्ति गर्दछन् । छिट्टै संस्थामा त्यै समूहको बोलवाला हुन्छ ।

स्वामित्वजनक स्थानीयता कायम राख्ने हो भने मोटामोटी एक स्थानमा एकैपल्ट साधारण सभा बस्न सक्ने क्षेत्र वा आकारसम्म नै सहकारी संस्था विस्तारित हुनुपर्दछ ।

बृहत् स्तरका उत्पादन कार्य सहकारी ढाँचामा कसरी सङ्गठित गर्ने ? भन्ने प्रश्न भने छँदैछ। सङ्घीकृत संरचना असल अभ्यास हो। जलविद्युत् आयोजना, रासायनिक मल कारखाना, धुलो दूध उद्योगजस्ता फराकिलो क्षेत्रमा सदस्यता आवश्यक पर्ने स्वभावका व्यवसाय विशिष्टीकृत सङ्घको माध्यमबाट चलाउन सकिन्छ। अर्थात् सेवा उपयोगको कार्यक्षेत्र कायम गरी त्यहाँका सरोकारवाला प्राथमिक सहकारी संस्थाहरूले विशिष्टीकृत सङ्घ खडा गरेर त्यसको मातहत आयोजना सञ्चालन गर्न सक्तछन्। सङ्घीकृत संरचनामा साधारण सदस्यको लोकतान्त्रिक नियन्त्रण पहिलो तहमा प्राथमिक संस्थाको साधारण सभामार्फत र दोस्रो तहमा प्राथमिक संस्थाका प्रतिनिधिहरू सम्मिलित सङ्घको साधारण सभामार्फत स्थापित हुने हुन्छ ।

## तेस्रो सिद्धान्त : सदस्यको आर्थिक सहभागिता (Member Economic Participation)

**आधिकारिक शब्दावली**

सहकारी संस्थाको पुँजीमा सदस्यहरूको न्यायोचित योगदान र लोकतान्त्रिक नियन्त्रण हुन्छ। त्यस्तो पुँजीमध्ये केही न केही प्रायः संस्थाको साझा सम्पत्तिको रूपमा रहेको हुन्छ। सदस्यताको सर्तस्वरूप चुक्ता गरेको पुँजीमा सदस्यहरूले कुनै क्षतिपूर्ति पाउने भए सामान्यतया सीमित मात्रामा पाउँदछन् । सदस्यहरूले संस्थाको उबार यीमध्ये कुनै वा सबै प्रयोजनका लागि विनियोजन गर्दछन् : सम्भवतः एक भाग अविभाज्य रहने किसिमको जगेडा कोष खडा गरी आफ्नो संस्थाको विकास गर्न; सदस्यहरूले संस्थासँग गरेको कारोबारको अनुपातमा उनीहरूलाई लाभान्वित गराउन र सदस्यहरूबाट स्वीकृत अन्य क्रियाकलापमा सहायता पुऱ्याउन ।

## अन्तर्निहित भाव

सहकारी आर्थिक सम्बन्ध वस्तुतः श्रममा स्थापित हुन्छ। नियमित व्यवसायमा श्रमको लागत चुक्ता गरेपछिको उपार्जनमा 'जोखिम बेहोरेको' भनी पुँजीको हक लाग्दछ। सहकारी व्यवसायमा भने पुँजीको लागत चुक्ता गरेपछिको उपार्जन श्रमको मानिन्छ। आर्थिक प्रतिफल वितरणको न्यायोचित आधार पुँजी होइन; परिश्रम हो।

अन्तर्राष्ट्रिय सहकारी महासङ्घको सिद्धान्त समिति (२०१५ ई.) का शब्दमा, 'सहकारी उद्यमको सारा संरचना पुँजी मानिस र श्रममो सेवामा हुन्छ, श्रम र मानिस पुँजीको अधीनस्थ हुँदैनन् भन्ने अवधारणाको वरिपरि बनिएको छ।'[१०६]

तदनुसार–

- सहकारी संस्थाको पुँजी सदस्यहरूले नै जम्मा पारेको हुनुपर्दछ;
- पुँजीमा योगदान सदस्यताको सर्तको रूपमा रहनुपर्दछ;
- पुँजीको उपयोगका साथै प्रतिफलको विनियोजनमा सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण कायम राख्नुपर्दछ;
- पुँजीमा नाफारी प्रतिफल (Speculative return) होइन, दिने भए सीमित मात्रामा क्षतिपूर्ति दिनुपर्दछ र
- उबारको विनियोजन देहायका प्रयोजनमा गरिनुपर्दछ :

– संस्थाको विकासका लागि अविभाज्य जगेडा कोष खडा गर्न;
– सदस्यलाई कारोबारको अनुपातमा फिर्ता दिन र
– अन्य उपयुक्त क्रियाकलापमा सहयोग गर्न।

## व्यावहारिक तात्पर्य

आर्थिक रूपमा सदस्य सहभागिताको सिद्धान्तका तीनोटा पक्षहरू विशेषतः ध्यानयोग्य छन्।

क. सदस्यमा स्वामित्वको अनुभूति
ख. प्रतिफलको वितरणमा न्यायसम्मति
ग. जगेडा कोषको अविभाज्यता।

---

[१०६] ऐ., पृ. ३०।

## क. सदस्यमा स्वामित्वको अनुभूति

अंसियारीमा सरोकार हुन्छ। शीत उबाएर घैला  भरेझैँ जुटेको पुँजी आत्मनिर्भरताको प्रतीक पनि बन्दछ। सहकारी संस्थामा सदस्यकै पैसा पर्नुपर्दछ।

संस्थाको स्रोत जुटाउनमा मात्र सदस्यको योगदानको अर्थ सीमित हुँदैन। सदस्यबाटै अंसधन सङ्कलन गर्नाको अर्थ त आत्म-सहयोगको प्रक्रिया स्थापनामा, सदस्यको भागीदारी कायम राख्नमा अनि सदस्यलाई स्वामित्वको अनुभूति दिलाउनमा खुल्दछ। त्यसैले पनि होला रोचडेलका अग्रजहरूले सन् १८६० को विज्ञप्तिको पहिलो बुँदामै 'पुँजी आफैँले प्रदान गरेको हुनुपर्दछ' भनेका थिए (तालिका ३)।

सहकारी संस्थामा एकै जनाको अनावश्यक जम्मा पनि स्वीकार्य हुँदैन। कारण एक सदस्यले अरू सदस्यलाई अंसधनको धाक लगाउने डर रहन्छ। स्वैच्छिक सदस्यताको सिद्धान्त उपयोग गरी 'आफूले भनेको नमाने अंसधनसहित संस्थाबाट निस्कने' भनी समस्यामा पार्ने सम्भावना हुन्छ।

सबै जना आवाजसम्पन्न हुने तर कसैको पनि हैकम नचल्ने गरी पुँजीमा 'न्यायोचित योगदान' भनिएको छ। व्यक्तित्व विकासका लागि जुनसुकै असमानता बाधक हुन्छ। विपन्न वर्गको बहुआयामिक सशक्तीकरणको प्रक्रियाका रूपमा सहकारिताको महत्त्व त्यसकारण पनि भएको हो।

## ख. प्रतिफलको वितरणमा न्यायसम्मति

सहकारी कार्यको फलतः प्राप्त आर्थिक प्रतिफलको वितरण तीन चरणमा हुने गर्दछ।

पहिलो चरणमा सदस्यहरूलाई आवश्यकताका वस्तु वा सेवाहरू पहुँच, मूल्य र गुणस्तरका अर्थमा सुगम हुन्छन्। सदस्यका आ-आफ्ना आर्थिक कार्यकलापलाई सम्भव गराउने, सघाउने र बढाउने गरी संस्थाका आर्थिक कार्यकलापको सञ्चालन गरिन्छ। त्यस अर्थमा सहकारी व्यवसायको पहिलो कारोबारसँगै सदस्यहरूमा फाइदा वितरणको क्रम चल्दछ। सदस्यहरूकै बहुसङ्ख्याले निर्धारण गर्ने भएकाले र तदनुसार सेवा उपयोगको अनुपातमा प्रत्येक सदस्यलाई फाइदा मिल्ने भएकाले नियमित

व्यावसायिक सेवामार्फतको आर्थिक प्रतिफल वितरण स्वयमेव न्यायोचित हुने मानिन्छ।[१०७] लाभ लिनमा सहभागिता (Participation in sharing benefits) को सामान्य प्रक्रिया भएकाले सिद्धान्तमा पहिलो चरणको आर्थिक प्रतिफल वितरणका हकमा बोलिएको छैन।

दोस्रो चरणमा पुँजीको लागत पर्दछ, जसलाई अघि व्याज भनिन्थ्यो। पुँजी 'किन्दाको' खर्च पहिले भुक्तानी गरेर उबारको बाँडफाँड श्रमको आधारमा गर्ने अग्रवर्ती सहकारी उन्नायकको सैद्धान्तिक अडानले गर्दा 'व्याज' शब्द प्रयोग गरिएको हो। 'व्याज'ले पुँजीको 'पर्ता' जनाउँदछ। वितरणको चरण पनि त्यत्तिकै ध्यानयोग्य छ। नियमित व्यवसायमा श्रमको ज्याला भुक्तानी गरेपछि पुँजीको नाफा बस्ने हुन्थ्यो। सहकारी व्यवसायमा पुँजीको व्याज भुक्तानी गरेपछि परिश्रमको खातामा उबार बस्ने अर्थ लगाइयो।

त्यसो त, सदस्य आफैँले पुँजी पनि जम्मा पार्ने हो। परिश्रमका आधारमा – र त्यसउसले अन्य न्यायसङ्गत आधारमा – वितरण हुने प्रतिफल पनि वस्तुतः सदस्यकै हात पर्ने हो। तैपनि पुँजीबापत सदस्यले निर्धारित व्याज प्राप्त गर्दछन् र त्यो उबार वितरणको क्रममा अगावै भुक्तानी गरिन्छ।

अन्तर्राष्ट्रिय सहकारी महासङ्घको विशेष समिति (१९३७ ई.) र सहकारी सिद्धान्त आयोग (१९६६ ई.) ले 'सीमित (Limited) व्याज' शब्दहरू र सिद्धान्त स्रोत समूह (१९९५ ई.) ले 'सीमित क्षतिपूर्ति (Compensation)' शब्दहरू प्रयोग गरेका छन्। रोचडेली अग्रजहरूले भने 'निर्धारित (Fixed) व्याज' भनेका थिए। शब्दको फरक हो वा अर्थको भन्ने पनि विवेचनायोग्य लाग्दछ।

त्यस्तै, रोजडेलका अग्रजहरूको व्याज 'दिने भए (If any)' नभनेर 'राखिनुपर्दछ (Should bear)' भन्ने कुरो थियो। सम्भवतः रोचडेली

[१०७] व्यावसायिक सेवामा गाँसिएका फाइदाहरूको सहकारी वितरण सदस्यको श्रम वा आवश्यकताका आधारमा हुने तथ्य पनि त्यत्तिकै उल्लेखनीय छ। दुग्ध उत्पादक संस्थाले विक्री गर्ने पशुआहाराको उदाहरण लिन सकिन्छ। एउटा गाई पाल्ने सदस्यले पशुआहारा सस्तो भएबापत महिनामा ५०० रुपियाँ फाइदा पाउने भए जाँगर गरेर दुइटा गाई पाल्ने सदस्यले त्यसैबापत महिनामा १,००० रुपियाँ फाइदा पाउने हुन्छन्।

अग्रजहरूले श्रमजीवीहरूले मुनासिब तिरनतारन गरेर पुँजी उपयोग गर्न सक्तछन् भन्ने स्थापित गर्ने मनसुबा राख्दथे ।

जे होस्, व्याजमा सीमाङ्कन (Limitation of interest) को मतलब पुँजी सित्तैमा उपयोग गर्नुपर्दछ भन्ने होइन, मुनासिब व्याजको दर (Legitimate rate of interest) भन्दा अधिक पुँजीको लागतबापत भुक्तानी नगर्ने भन्ने हो । सदस्यकै भए पनि पुँजीलाई पुँजीकै रूपमा व्यवहार गरी परेको 'भाउ' दिने अडान त्यसमा छ । श्रमलाई उच्चतम स्थानमा राख्ने ओवनी समाजवादको परम्परामा त्यै अर्थ खुल्दछ ।

**पुँजीको पर्ता तिरेर उपयोग गर्ने परिश्रमीको आत्मसम्मानमा नै सीमित व्याजको अर्थ खुल्दछ ।**

समयान्तरमा पुँजीमा निर्धारित व्याज दिने सहकारी नियमको व्याख्यामा अनेक तर्क गरिएको पाइन्छ (तालिका ८) ।

**तालिका ८ : पुँजीमा निर्धारित व्याज : तर्क र टिप्पणी**

| तर्क | टिप्पणी |
|---|---|
| • सहकारितामा पुँजीको चरित्र अग्रिमदेय (Advance payment) झैं हुने हुनाले व्याज भनिएको हो । | • प्रकारान्तरमा भन्न सकिएला तर मूलतः मान्न सकिँदैन । |
| • श्रमको तुलनामा सहकारितामा पुँजीलाई महत्त्व नदिइएकाले व्याज सीमित गरिन्छ । | • पुँजीलाई महत्त्व नदिएको नभएर आर्थिक प्रतिफलमा पुँजीको असीमित दाबीमा मुनासिब सीमाङ्कन राखिएको भन्नु मिल्दो लाग्दछ । |
| • पुँजी जम्मा पारेबापत सदस्यले सेवा प्राप्त गर्ने भएकाले सहकारितामा पुँजीमा व्याज नदिए हुन्छ । | • पुँजीमा व्याज नदिनेभन्दा व्याज दिने, लाभांश नदिने भन्नु ठीक होला । |

| | |
|---|---|
| • पुँजी जुटाउन सदस्यलाई प्रोत्साहन होस् भनेर सहकारी संस्थाले सीमित मात्रामा व्याज दिने गरेका हुन् । | • प्रश्न प्रोत्साहनको होइन; 'भरपाई' को हो । |
| • सहकारी संस्थामा सदस्यताको सर्तबापतको पुँजीमा व्याज दिनु पर्दैन तर सदस्यकै थप पुँजी राख्दा भने सीमित व्याज दिनु मुनासिब हुन्छ । | • मौलिक प्रारम्भभन्दा फरक ढङ्गको परम्परा बस्नेछ, जसले सदस्यमा दुईथरी गरेर अनावश्यक जटिलतामात्र निम्त्याउनेछ । |

तेस्रो चरणमा वस्तु वा सेवाको व्यवसाय सञ्चालन गर्दा हुने उबारको विनियोजन पर्दछ, जसका न्यायोचित विधिहरू सिद्धान्तमा सुझाइएका छन् । ती हुन्–

ख-१. संस्थाको विकासका लागि जगेडा कोष
ख-२. कारोबारको अनुपातमा सदस्यलाई लाभ
ख-३. सदस्य-स्वीकृत क्रियाकलापमा सहायता ।

## ख-१. संस्थाको विकासका लागि जगेडा कोष

संस्थाको सेवा विस्तार हुने र विस्तारित सेवामा सबै सदस्यहरूको पहुँच कायम रहने हुनाले जगेडा कोषमा रकम राख्दा समानता नै हुन्छ ।

## ख-२. कारोबारको अनुपातमा सदस्यलाई लाभ

सदस्यले संस्थासँग गरेको कारोबारमा अधिक मूल्य तिरेका कारण उबार हुने भएकाले त्यसकै आधारमा फिर्ता गर्दा कसैलाई कुनै किसिमको मर्का पर्ने हुँदैन ।

## ख-३ सदस्य-स्वीकृत क्रियाकलापमा सहायता

सदस्यहरूको सम्मतिले सञ्चालन गरिने सामूहिक सेवा, सहकारी प्रवर्धन, मानवीय सहायता, शिक्षा-दीक्षा, सामुदायिक विकासजस्ता कार्यहरूमा

सहयोग गर्दा पनि तलवितल पर्दैन किनभने गैरसदस्यसँगै सदस्य लाभान्वित हुन्छन् – नभए तापनि संस्थाको छवि प्रक्षेपित हुन्छ ।

**ग. जगेडा कोषको अविभाज्यता**

सदस्यको आर्थिक सहभागिताको सिद्धान्तमा छिपेको अत्यन्त महत्त्वपूर्ण 'सिद्धान्त' जगेडा कोषको अविभाज्यता हो । अन्तर्राष्ट्रिय सहकारी महासङ्घीय विशेष समिति (१९३७ ई.) ले जगेडा कोष र सामूहिक सम्पत्तिको अविभाज्यताको सिद्धान्त (Principle of Indivisibility of Reserve Funds and Collective Assets) भनेको थियो ।[१०८] महासङ्घको पछिल्लो विज्ञप्तिमा '... पुँजीमध्ये केही न केही प्रायः संस्थाको साझा जेथाको रूपमा रहेको हुन्छ' र साथै '... सम्भवतः कम्तीमा एक भाग अविभाज्य रहने किसिमको जगेडा कोष खडा गरी ...' भन्ने शब्दहरू परेका छन् ।

Hans-H. Münkner प्रस्ट्याउँदछन्–

> अविभाज्य जगेडाको सहकारी सिद्धान्त सहकारी कामको उद्देश्य व्यक्तिमाझ वितरण गर्नाका खातिर पुँजी जम्मा पार्ने होइन – बरु वर्तमान र भावी सदस्यहरूको संयुक्त लाभका खातिर गोस्वारा पुँजी सृजना गर्ने हो – भन्ने सोचनामा आधारित छ ।[१०९]

सहकारी संस्थाको सञ्चालनमा जगेडा कोष र अंसधनको भेद खुलाउँदै Münkner थप्दछन्–

> संस्थाबाट निस्कने सदस्यहरूले आफूले चुक्ता गरेको रकममात्र फिर्ता पाउँदछन् । सदस्यताको अवधिभरि उनीहरूले प्रवर्धनात्मक सेवामा आफ्नो अंस पाएका हुन्छन् । निस्कँदाखेरि जगेडा कोषको कुनै भागमा सदस्यहरूको दाबी हुँदैन । जगेडा कोष

[१०८] पाद टिप्पणी ८ मा उल्लिखित प्रतिवेदन, पृ. २३ ।

[१०९] Hans-H. Münkner, Co-operative Principles and Co-operative Law (2nd edition) Zürich: Lit Verlag GmbH & Co. KG Wien, 2015), पृ. १५७ ।

> सृजनामा उनीहरूले जे योगदान गरेका थिए त्यो अविभाज्य सामाजिक पुँजी बनेको हुन्छ । [११०]

एक अर्थमा सहकारी संस्थालाई सामुदायिक वनसँग तुलना गर्न सकिन्छ । अहिलेको पुस्ताले अघिल्लो पुस्ताबाट वन 'बुझ्केको' हुन्छ, त्यसको घाँस, दाउरा, स्याउला, काठ र गैरकाष्ठ पैदावार उपभोग गर्ने सुविधा प्राप्त गर्दछ तर त्यो सुविधा वनको जगेर्ना गरी भावी पुस्तालाई हस्तान्तरण गर्ने सर्तमा मात्र मिल्दछ । जसरी सामुदायिक उपभोक्ता समूहले वन नै मास्न सक्तैन त्यसरी नै सहकारी सदस्यहरूको वर्तमान पिँढीमाझ संस्थाको जगेडा कोष अंसबन्डा लाग्दैन ।

रोचडेली अगुवाहरूले सन् १८५४ मा संस्थाको विधानमा विघटनका बेला सदस्यहरूको लाभका लागि सगोलको सम्पत्ति नबेचेर कुनै परोपकारी वा अन्य निःस्वार्थ संस्थालाई दान दिनुपर्ने प्रावधान थपेका थिए (तालिका ३) । 'यस्ता प्रावधानहरू', Fairbairn भन्दछन्, 'रोचडेली सदस्यहरूले सहकारी संस्थाको स्वामित्व र समुदायमा त्यसको प्रयोजनलाई कसरी हेर्दथे भन्ने कुरोका महत्त्वपूर्ण इङ्गित हुन् ।' [१११] सहकारी सदस्यहरू संस्थाका हकवाला नभएर 'जिम्मावाल' हुन्छन् भन्ने यताबाट खुल्दछ ।

> **सहकारी संस्थामा सदस्यहरु हकवाला नभएर जिम्मावाल हुन्छन् ।**

## चौथो सिद्धान्त : स्वायत्तता तथा स्वतन्त्रता (Autonomy and Independence)

**<u>आधिकारिक शब्दावली</u>**

सहकारी संस्थाहरू आफ्ना सदस्यहरूबाटै नियन्त्रित आत्म-सहयोगी, स्वायत्त सङ्गठन हुन् । उनीहरूले <u>सरकारलगायतका</u> अन्य निकायसँग कुनै सम्झौता

---

[११०] ऐ. ।

[१११] Fairbairn, रचना पूर्वोल्लिखित, पृ. १० ।

गर्नुपर्दा वा बाह्य पुँजी जुटाउनुपर्दा आफ्ना सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण सुनिश्चित हुने तथा आफ्नो सहकारी स्वायत्तता कायमै रहने सर्तमा गर्दछन् ।

**अन्तर्निहित भाव**

अधीनस्थता असशक्तीकरणको पर्यायवाची हो । सहकारीकर्मीहरू आफ्नो भाग्य निर्माता आफैँ हुन्छन् । आफ्नै योजनामा चल्ने चाहना उनीहरूमा हुन्छ । Amartya Sen ले अभिकर्ता (Agent ) र उपचारार्थी (Patient) बीच भेद गरेका छन् ।[११२] Sen का अनुसार '... अभिकर्ताको रूपमा व्यक्तिको भूमिका उपचारार्थीको रूपमा उसैको भूमिकाभन्दा (स्वतन्त्र नभए तापनि) मौलिक ढङ्गमै विशिष्ट हुन्छ ।' [११३] '... केही गरी परिवर्तन ल्याउने व्यक्तिका रूपमा [अभिकर्तालाई लिन सकिन्छ], '... जसका प्राप्तिको निरूपण उसको आफ्नै मूल्य र उद्देश्यका अर्थमा गर्न सकिन्छ ...' भन्ने Sen को कथन छ । [११४]

सहकारीकर्मीहरू व्यक्तिगत र सामूहिक दुवै रूपमा स्वाधीन हुन्छन्; स्वतन्त्र भएर गर्न चाहन्छन् । आफ्नो सर्तमा चल्नेले अर्काको सर्त मान्ने कुरै आएन । स्वायत्तता र स्वतन्त्रताको सिद्धान्तमा Sen ले देखेको व्यक्तिको अभिकार्य पक्ष (Agency aspect) प्रतिविम्बित भएको छ ।  सहकारी संस्थाका 'निर्णायक मण्डल' सदस्यमात्र हुन् । जस्तोसुकै लाभ त्याग्न किन नपरोस्, स्वनिर्णयको अधिकारमा अङ्कुश स्वीकार्य हुँदैन । त्यस्तै, जस्तोसुकै लागत बेहोर्न किन नपरोस्, स्वशासकीय सक्षमताको अभावमा हस्तक्षेप निम्त्याउनु मुनासिब होइन ।

**व्यावहारिक तात्पर्य**

प्रारम्भिक दिनमा सहकारी आन्दोलनप्रति सरकारको दृष्टिकोण बढीमा तटस्थ थियो । न्यूनतम नियामक चासो अवश्य पर्दथ्यो; अन्यथा सहकारी संस्थाहरू स्वशासित नै थिए । पछिल्ला दशकहरूमा भने खास गरी विकासशील जगत्मा सरकारी स्तरबाटै सहकारी प्रवर्धन गरियो । संयुक्त राष्ट्रसङ्घीय निकायहरू, विकासका विभिन्न साझेदारहरू र गैरसरकारी सङ्गठनहरू पनि त्यसमा

---

[११२] हेर्नुहोस्, Amartya Sen, Development As Freedom (New Delhi: Oxford University Press, 2000), पृ. १९० ।

[११३] ऐ. ।

[११४] ऐ., पृ. १९ ।

जुटे । सहकारी व्यवसायको विकास हुँदै जाँदा नियमित व्यवसायसँग सहकार्यसमेत त्यत्तिकै हुन थाल्यो ।

त्यस क्रममा स्वनियन्त्रण र निर्णय स्वतन्त्रताको मुद्दा (Issue) महत्त्वपूर्ण भएपछि अन्तर्राष्ट्रिय सहकारी महासङ्घबाट सन् १९९५ मा पछिल्लोपल्ट पुनरावलोकन हुँदा छुट्टै सिद्धान्त थपिएको हो, जसका तीनोटा निर्देश विवेचनायोग्य छन् :

क. आत्मनिर्भरताको प्रवर्धन

ख. स्वतन्त्रताको संरक्षण

ग. स्वायत्तताको प्रचलन ।

## क. आत्मनिर्भरताको प्रवर्धन

स्वशासनको पूर्वसर्त भनेकै आर्थिक आत्मनिर्भरता हो । अर्काको स्रोतमा अधिक भर पर्ने संस्थालाई सञ्चालकीय स्वायत्तता कायम राख्न धौ हुन्छ । 'सहकारी संस्थाहरू ... आत्म-सहयोगी ... सङ्गठन हुन्' भनेर सिद्धान्तले आन्तरिक स्रोत परिचालनमा जोड दिएको छ ।

तदनुसार आर्थिक आत्मनिर्भरता सञ्चालकीय सरोकार हुनुपर्दछ, नित्य साधारण सभाको कार्यसूचीमा पर्नुपर्दछ र उत्कृष्टताको प्राथमिक सूचक बन्नुपर्दछ भन्ने पनि हो । सहकारी संस्थाहरूले सदस्यता बढाएर, सेवा उपयोगको अनुपातमा अंसधन जम्मा पारेर र साथै सालबसाली उबारबाट जगेडा कोषमा थपेर स्रोतमा आत्मनिर्भरता हासिल गर्न सक्तछन् । सिद्धान्तले त्यै लक्ष्य राखेर काम गर्न आह्वान गरेको छ ।

प्रकारान्तरले प्रवर्धन निकायका तर्फबाट सहकारी संस्थाको आत्मनिर्भरताको लक्ष्य प्राप्तिमा समेत सहयोग पुग्ने गरी वित्तीय टेवा दिनुपर्ने हुन्छ  भन्ने अर्थ पनि लाग्दछ ।

## ख. स्वतन्त्रताको संरक्षण

सहकारी संस्थाहरू स्वतन्त्र निर्णय गर्न नसक्ने गरी कहिल्यै अनुबन्धित हुनु हुँदैन । कारण आत्म-निर्णयको अधिकार गुमेपछि व्यक्तित्व विकासको प्रक्रिया नै सकिन्छ । शुभेच्छुक निकायसँग सहकार्य गर्दा, बाहिरको सहयोग लिँदा अथवा व्यावसायिक सम्झौताको पक्ष बन्दा ख्याल राख्नुपर्ने हुन्छ ।

अधीनस्थताका अनेक रूप हुन सक्तछन्, जसमध्ये एउटा व्यावसायिक पनि हो । व्यक्तिहरूले सरकारी निगमको फगत अभिकर्ता बन्ने गरी सहकारी संस्था खोल्दछन् भने छत्रछायाँमा पर्दछन् । अर्काले दिएको निर्धारकभित्र सहकारिताको अभ्यास गरिँदैन । नियमित व्यावसायिक सम्बन्धमा पनि त्यस्तै सम्भावना हुन्छ । अन्तर्राष्ट्रिय सहकारी महासङ्घीय सिद्धान्त समिति (२०१५ ई.) लेख्दछ, 'सहकारी संस्थाको उत्पादन वा सेवा एकल क्रेतालाई आपूर्ति गरी अधिक निर्भर भएर र त्यत्तिकै आपूर्तिको शक्तिशाली स्रोतमा अधिक भर पर्नाले स्वायत्तता र स्वतन्त्रतामा सम्झौता हुन सक्तछ ।' [११५]

**स्वनिर्णयको अधिकार गुम्नासाथै व्यक्तित्व विकासको प्रक्रिया सकिन्छ ।**

... सर्तहरूले जटिल बनाउँदछन्; स्वतन्त्रताले सशक्तीकरण गर्दछ । [११६] सर्तहरूले छनौट प्रभावित गर्दछन्, प्राथमिकताको क्रममा तलवितल पार्दछन् र सहकारी सदस्यहरूको मनोबल घटाउँदछन् । प्रवर्धन निकायहरू पनि सहकारी भावनाप्रति संवेदनशील हुनु आवश्यक छ ।

## ग. स्वायत्तताको प्रचलन

सहकारी संस्थाहरू स्वनियमन (Self-regulation) मा चल्दछन् । स्वनियमन नै स्वायत्तताको आधार पनि बन्दछ । भनाइको अर्थ, सहकारी संस्था भएकैले स्वायत्त हुने होइन; स्वनियमित हुने हुनाले नियामक हस्तक्षेप अनावश्यक हुने हो ।

---

[११५] पाद टिप्पणी ८४ मा उल्लिखित Guidance Notes, पृ. ५३ ।

[११६] Federating for Force: Lessons from Nepal's Rural Groups (Lalitpur: Department of Women's Development, 2008), पृ. ४६ ।

अन्तर्राष्ट्रिय सहकारी महासङ्घको सिद्धान्त समिति (२०१५ ई.) को भनाइमा 'तर्कपूर्ण, खुला, छर्लङ्ग र जवाफदेही लोकतान्त्रिक अभ्यासबमोजिम सदस्यहरूमा नियन्त्रण आधेय नहुने हो भने सहकारी संस्था स्वायत्त र स्वतन्त्र हुँदैन ।' [११७]

सहकारी संस्थाको बागडोर सदस्यहरूको हातमा हुनुपर्दछ; अन्यथा नियामक निकायको ध्यानाकर्षण भइहाल्दछ । अर्को शब्दमा, स्वायत्तता प्राथमिक रूपमा सदस्यहरूले नै सुनिश्चित गर्नुपर्ने हुन्छ । सिद्धान्तले सहकारीकर्मीहरूलाई त्यतापट्टि सचेत गराएको छ ।

अन्तर्राष्ट्रिय सहकारी महासङ्घको सिद्धान्त समिति (२०१५ ई.) थप्दछ :

> स्वैच्छिक रूपमा सुशासनका संहिता र प्रतिवेदन स्तर पालना गर्ने सहकारी संस्थाहरूको स्वनियमन तीउपर थोपरिने नियमनको विकल्प हुन सक्तछ – यद्यपि विश्वव्यापी प्रवृत्ति नियामक अनुगमन एवं कानुनी लेखापरीक्षण घटी होइन बढी बन्धनकारी बनाउने छ । स्वनियमन होस् वा कानुनी, नियमन प्रभावकारी अनि अवैध, मिथ्याचारी सहकारी संस्थाहरूको स्थापना रोक्न समर्थ हुनुपर्दछ । [११८]

सुशासकीय आवश्यकताले निम्त्याएको उपरि नियमनको आलोकमा स्वायत्तताको संरक्षण गर्ने अभिभारा पनि सहकारी सदस्यहरूकै हो ।

त्यसो भन्नाको मतलब सरकारको भूमिका हुँदैन भन्ने भने होइन । आन्दोलनको एकतर्फी प्रयासले मात्र सहकारी स्वायत्तता प्रचलित हुन सक्तैन । विधाता त राज्य हो; विधिको पालना सबैले गर्नुपर्ने हुन्छ । त्यसकारण स्वायत्तताको प्रत्याभूति सहकारी प्रवर्धन गर्ने राज्यको नीतिमा हुनुपर्दछ ।

उदाहरणका लागि सरकारले दुर्गम पहाडमा खाद्यान्न लैजान सहकारी संस्थालाई ढुवानी खर्च अनुदान दिएर वा अन्य हिसाबले आर्थिक सहायता गर्दछ भने त्यस बखत स्वभावतः सहकारी सदस्य होऊन् वा नहोऊन् त्यहाँका

---

[११७] पाद टिप्पणी ८४ मा उल्लिखित Guidance Notes, पृ. ४७ ।

[११८] ऐ., पृ. ५० ।

बासिन्दा सबैलाई खाद्यान्न विक्रीवितरण गर्नुपर्ने सर्त राख्न सक्तछ, जसले गर्दा कि संस्थाले ठूलो पैमानामा गैरसदस्यसँग कारोबार गर्नुपर्ने हुन सक्तछ कि स्थानीय बासिन्दा बाध्यतावश संस्थाको सदस्य बन्न आउनुपर्ने हुन्छ। यी दुइटै अवस्थामा सहकारीकर्मीहरूको चित्त बुझ्ेको हुँदैन; उनीहरू त कार्यक्षेत्रका सबै सेवा उपयोगकर्ता स्वेच्छाले सदस्य बन्न आऊन् तर भरसक गैरसदस्यसँग बेपार गर्नुपर्ने अवस्था नआओस् भन्ने चाहन्छन्। [११९]

**सहकारी आन्दोलनको विकास हुँदा सरकारको उद्देश्य जहिल्यै पूरा हुन्छ तर सरकारको उद्देश्य पूरा गर्ने सुरबाट सहकारी आन्दोलनको विकास कहिल्यै हुँदैन ।**

सहकारी आन्दोलनको विकासबाट सरकारको उद्देश्यको परिपूर्ति नित्य हुन्छ तर सरकारको उद्देश्य परिपूर्ति गर्ने हेतुबाट सहकारी आन्दोलनको विकास कहिल्यै हुँदैन। त्यसैले सहकारी संस्थाहरूलाई उपयोग नगर्ने, माध्यम नबनाउने र स्वशासकीय प्रक्रियाहरूलई बढवा मिल्ने गरी प्रवर्धन नीति लिइनुपर्दछ। सहकारी आन्दोलनका राष्ट्रिय प्रतिनिधि सङ्गठनहरूको भूमिकालाई प्रोत्साहित गर्नु त्यत्तिकै वाञ्छनीय छ। संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक मामिला विभागको भनाइमा–

> नीतिहरूले सहकारी संस्थाहरूलाई राज्यमाथिको निर्भरताबाट पर लग्नुपर्दछ; सरकारी नीतिहरू वा प्राविधिक सहयोगका कार्यक्रमहरूको उपकरणको रूपमा, सहुलियतपूर्ण ऋण वा असुलभ वस्तुहरू वितरण गर्ने उपायको रूपमा, जनतालाई राजनीतिक विचारधारामा दीक्षित गराउने मञ्चको रूपमा, अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउने माध्यमको रूपमा वा गरिबलाई मद्दत गर्ने अभिकर्ताको रूपमा सहकारी संस्थाहरूको प्रवर्धन गरिनु हुँदैन। अनुभवले देखाउँदछ कि आफ्ना मूल्य र सिद्धान्तप्रति निष्ठावान् हुँदाखेरि नै सहकारी संस्थाहरूले समाजमा सबभन्दा राम्रो देन दिन्छन्। [१२०]

---

[११९] पूर्वोल्लिखित सहकारी दिग्दर्शन २०५७, पृ. २२।

[१२०] पाद टिप्पणी ८४ मा उल्लिखित Guidance Notes, पृ. ४८ बाट पुनः उद्धृत।

## पाँचौं सिद्धान्त : शिक्षा, तालिम र सूचना (Education, Training and Information)

**आधिकारिक शब्दावली**

सहकारी संस्थाहरूले आफ्ना सदस्य, निर्वाचित प्रतिनिधि, व्यवस्थापक एवं कर्मचारीलाई संस्थाको विकासमा प्रभावकारी ढङ्गले योगदान गर्न सक्षम बनाउन शिक्षा तथा तालिम प्रदान गर्दछन् । उनीहरूले सहकारिताको प्रकृति र यसका लाभबारे सर्वसाधारण (खास गरी तरुण पुस्ता र वैचारिक नेता) लाई जानकारी गराउँदछन् ।

**अन्तर्निहित भाव**

The Mill on the Floss मा George Eliot [Mary Ann Evans] भन्छिन्, 'तपाईंले ... [बच्चालाई] असल शिक्षाभन्दा दिन सक्ने अधिक फाइदा अर्थोक छैन ।' सहकारीकर्मीहरूका लागि पनि शिक्षासरह केही हुँदैन । शिक्षा नै उनीहरूले दिन सक्ने सबभन्दा महत्त्वपूर्ण सेवा पनि हुन्छ ।

सहकारी कार्य वस्तुतः शैक्षिक आयोजना हो । सहभागितामूलक प्रक्रियामा व्यक्तिको परख भएर व्यक्तित्व विकास हुन्छ । जीवन्त समस्याहरूको सम्बोधनमा प्राप्तिको अनुभूति मिल्दछ ।

सहकारी सदस्यहरू ध्येय निर्देशित (Mission-driven) हुन्छन् । व्यावसायिक सफलता नै उनीहरूले ध्येय हुँदैन । उनीहरूको ध्येय त आर्थिक सम्बन्धहरूमा न्याय स्थापना हो; स्वयम्को मात्र नभएर सर्वजनको हित हो; ज्ञानोपार्जन हो । प्रत्येक सहकारी सदस्य अभियन्ता पनि हुन्छ । सहकारी गतिविधिहरू वैचारिक उद्बोधनसँगै थालिन्छन्; जारी एवं उत्तरोत्तर रहन्छन् ।

W. P. Watkins को कथनमा सार खुल्दछ :

> सहकारी आन्दोलन शैक्षिक कार्य समावेश भएको आर्थिक आन्दोलन हो । यस भनाइमा कम सत्यता छैन । यदि यसलाई

उल्टो गरी भन्ने हो भने सहकारी आन्दोलन आर्थिक कार्य समावेश भएको शैक्षिक आन्दोलन हो ।[१२१]

**व्यावहारिक तात्पर्य**

शैक्षिक क्रियाकलापमार्फत सहकारिताको विकास गराउने र सहकारी विधिमा सहभागी बनाएर सदस्यहरूको व्यक्तित्व विकास गराउने – सिद्धान्तको अर्थ दुईतर्फी लाग्दछ । Dr. King को सफलताको रहस्य त्यै थियो । सिद्धान्तले सहकारी कार्यकर्ताहरू सबैलाई आफ्नो प्रयासको अभिन्न भागको रूपमा शैक्षिक गतिविधि चलाउन निर्देश गर्दछ ।

शिक्षा, तालिम र सूचनामा सहकारी आन्दोलनको सफलताका लागि अपरिहार्य तीनथरी प्रभाव दृष्टिगोचर हुन्छन् ।[१२२]

- **साङ्गठनिक प्रभाव :** सहकारी चेतना भएपछि सदस्यहरूले रचनात्मक रूपमा पारस्परिक सम्बन्ध निर्धारण गर्न सक्तछन् र सङ्गठनभित्रका सबै समस्याहरू स्वयम् नै सुल्झाउन सक्तछन् ।

- **व्यावसायिक प्रभाव :** निरन्तर प्रशिक्षण पाएपछि सहकारी अगुवा, व्यवस्थापक तथा कर्मचारी सबै आ-आफ्नो काममा सिपालु हुँदै जान्छन्, जसले गर्दा प्रतिस्पर्धात्मक बजारमा संस्थाले व्यावसायिक सफलता पाउन सक्तछ ।

- **सामाजिक प्रभाव :** सहकारी प्रचारको फलस्वरूप क्रमशः समाजका विभिन्न तहमा सहकारी सन्देशको सञ्चार हुन्छ र सहकारी आन्दोलनमा अधिकाधिक जनता सहभागी हुन सक्तछन् ।

---

[१२१] सूर्यरन्त शाक्य, नेपालमा साझा आन्दोलन (काठमाडौँ, वाई. डी. शाक्य, २०४०), पृ. १७१ बाट पुनः उद्धृत ।

[१२२] प्रभावहरू पूर्वोल्लिखित सहकारी दिग्दर्शन २०५७ (पृ. २३-२४) बाट साभार गरिएका हुन् ।

**छैठौं सिद्धान्त : सहकारी संस्थाहरू बीच सहयोग (Co-operation among Co–operatives)**

**आधिकारिक शब्दावली**

सहकारी संस्थाहरूले स्थानीय, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संरचनाको माध्यमबाट आपसमा मिली काम गरेर सर्वाधिक प्रभावकारी ढङ्गले आफ्ना सदस्यहरूको सेवा गर्दछन् र सहकारी आन्दोलनलाई सुदृढ पार्दछन् ।

**अन्तर्निहित भाव**

स्थानीय तहका सहकारी अभ्यासहरूलाई एकीकृत गरेर राष्ट्रिय अर्थतन्त्रमा सहकारी क्षेत्रको रूपमा प्रभावशाली उपस्थिति जनाउन सकिन्छ । अग्रवर्ती सहकारी अभियन्ताहरूको सर्वोदय समाज (Co-operative Commonwealth) स्थापना गर्ने आकाङ्क्षा सिद्धान्तमा प्रतिविम्बित भएको छ । सहकारी आन्दोलनका सम्भावनाहरू हासिल गर्ने हो भने व्यक्ति-व्यक्तिबीचझैँ संस्था-संस्थाबीच पनि पारस्परिक सहयोगको विस्तार हुनुपर्दछ । सहकारीकर्मीहरूको चिन्तनको परिप्रेक्ष्य आफूमा सीमित हुँदैन; मानवमात्रसम्म फराकिलो हुन्छ । मानवीय सम्बन्धमा सीमाना लाग्दैन ।

**व्यावहारिक तात्पर्य**

आफ्ना सदस्यहरूको हित प्रवर्धन गर्ने सिलसिलामा सहकारी संस्थाहरूले आपसमा पनि सहकारिताको अभ्यास गर्न सक्तछन् र गर्नुपर्दछ । सदस्य केन्द्रीयतालगायत सङ्गठनका सर्तहरू पनि एकै हुन्छन् । अन्तर्राष्ट्रिय सहकारी महासङ्घीय सिद्धान्त आयोग (१९६६ ई.) को टिप्पणी छ :

> ... यो दोस्रो हदको सहकारिताले सहकारी आन्दोलनमा आज अहिलेसम्मभन्दा बढी महत्त्वपूर्ण भूमिका खेलिरहेको छ र भविष्यमा अझ बढ्ता [भूमिका] खेल्ने बाटो समात्दैछ । यसले आपसी लाभका लागि सङ्घटनको मौलिक सहकारी विचारको स्वाभाविक एवं लाभदायी प्रसारभन्दा निःसन्देह कत्ति बढी दर्साउँदैन । यो अक्सर त्यस्तो विधि हो, जसबाट सहकारिताले उत्पादनमूलक प्रक्रियाको एक चरणबाट अर्कोमा उन्नयन गर्दछ ... ।[१२३]

---

[१२३] पाद टिप्पणी ७९ मा उल्लिखित प्रतिवेदन, पृ. ३४ ।

सहकार्यका क्षेत्र अनेक हुन सक्तछन् ।[१२४]

- **<u>व्यावसायिक सहयोग</u> :** मिल्दोजुल्दो व्यवसाय गर्ने संस्थाहरू बीच खरिद-विक्री, आयात-निर्यात, उपलब्ध भौतिक सुविधाहरूको उपयोग, साझा लगानीमा प्रशोधन एकाइको स्थापनाजस्ता विभिन्न रूपमा व्यावसायिक सहयोगका सम्भावना हुन्छन् ।
- **<u>आर्थिक सहयोग</u> :** एक संस्थाले अर्को संस्थालाई कुनै शैक्षिक, सामुदायिक वा व्यावसायिक आयोजना सञ्चालन गर्न अनुदान, बीउपुँजी वा ऋणको रूपमा आर्थिक सहयोग दिन सक्तछ ।
- **<u>प्राविधिक परामर्श</u> :** व्यवस्थापकीय सीपलगायत प्रविधि हस्तान्तरण अथवा कुनै व्यावसायिक आयोजनाको सम्भाव्यता अध्ययनको सिलसिलामा एक संस्थाले अर्को संस्थालाई निःशुल्क वा सशुल्क प्राविधिक परामर्श प्रदान गर्न सक्तछ ।
- **<u>बजार सूचना</u> :** संस्थाहरू बीच सेवाशुल्क लिएर वा नलिएर वस्तुको बजार, भाउ, माग तथा आपूर्ति स्थितिसम्बन्धी सूचनाको आदान-प्रदान हुन सक्तछ ।

## सातौँ सिद्धान्त : समुदायप्रतिको सरोकार (Concern for Community)

### <u>आधिकारिक शब्दावली</u>

सहकारी संस्थाहरूले आफ्ना सदस्यले अनुमोदन गरेका नीतिअनुरूप आफ्नो <u>समुदायको दिगो विकासका</u> लागि <u>कार्य</u> गर्दछन् ।

### <u>अन्तर्निहित भाव</u>

सहकारिता समुदाय बनाउने चिन्तनकै उपज हो। अघि स्वधान्य ग्राम भनिन्थ्यो । समुदाय बसाल्ने कुरो गरिन्थ्यो; पहलहरू हुन्थे । ऊ बेला प्राकृतिक स्रोतहरूमा त्यति चाप थिएन । त्यसैले स्वधान्य समुदायमा नै दिगो विकासको धारणा थियो भन्न सकिन्छ । जे होस्, सिद्धान्तले सहकारिताको ‘सामुदायिकता’ पाटो प्रकाशित गरेको छ, समुदायनिरपेक्ष भएर सहकारी विकास हुन सक्तैन

[१२४] क्षेत्रहरू पूर्वोल्लिखित सहकारी दिग्दर्शन २०५७ (पृ.२४-२५) बाट साभार गरिएका छन् ।

भन्ने प्रस्ट्याएको छ र समुदाय बनाउने काममा फेरि जुट्न सहकारी सदस्यहरूलाई सम्झाएको छ ।

**व्यावहारिक तात्पर्य**

सामुदायिक सम्बन्धन दुईतर्फी हुन्छ : सहकारी संस्थामा समुदायको भागीदारी र समुदायमा सहकारी संस्थाको भूमिका ।

सहकारी संस्थाले समुदायको सम्पत्ति उपयोग गरेर, आफ्ना कार्यका लागि स्थानीय निकायको स्रोत जुटाएर र कार्यसञ्चालनमा शुभचिन्तक एवं सामुदायिक सङ्गठनहरूको देन लिएर समुदायको स्वामित्व बढाउन सक्तछन् ।

त्यसै गरी समुदायका समस्या समाधानमा सरोकारवालाहरूसँगको सहकार्य, सञ्जालको नेतृत्व, स्रोत योगदानलगायत विभिन्न रूपमा सहकारी संस्थाहरूको अग्रसरता अपेक्षित हुन्छ ।

समुदायको दिगो विकास प्रक्रियामा प्रकृति संरक्षण त छ नै, अन्य पक्षहरू पनि पर्दछन् । अन्तर्राष्ट्रिय सहकारी महासङ्घीय सिद्धान्त समिति (२०१५ ई.) ले वातावरणीय दिगोपनाका साथै दिगो विकासका आर्थिक र सामाजिक आयामहरूमा सहकारी प्रयासको चर्चा गरेको छ । [१२५] सामुदायिक विकासको कार्यक्षेत्रमा सहकारी संस्थाहरूको भूमिका व्यापक दृष्टिगोचर हुन्छ । [१२६]

- **सहकारी शिक्षा** : समुदायका पिछडिएका समूहलाई सहकारी शिक्षा प्रदान गरी आफ्नै प्रयासमा अघि बढ्ने प्रेरणा सहकारी संस्थाहरूले दिन सक्तछन् ।
- **सामूहिक सेवा** : सहकारी संस्थाले आफ्ना सदस्यहरूको प्राथमिकताअनुरूप सञ्चालन गर्ने खानेपानी आयोजना, स्वास्थ्य शिविरजस्ता गैरव्यावसायिक सामूहिक सेवाका कार्यक्रमहरूमा सर्वसाधारणसमेत सहभागी हुन सक्ने अथवा त्यस्तो सेवामा उनीहरूको समेत पहुँच रहने व्यवस्था मिलाउन सक्तछन् ।
- **सामाजिक पूर्वाधार** : सहकारी संस्थाहरूले स्वयम् वा सरकार, सामुदायिक सङ्गठन वा अन्य सरोकारवालासँग संयुक्त रूपमा पनि

[१२५] पाद टिप्पणी ८४ मा उल्लिखित Guidance Notes, पृ ८८-९४ ।

[१२६] भूमिका पूर्वोल्लिखित सहकारी दिग्दर्शन २०५७ (पृ. २५-२६) बाट साभार गरिएका हुन् ।

(आफ्ना सदस्यहरूले समेत उपयोग गर्ने) विद्यालय, अस्पतालजस्ता सामाजिक पूर्वाधारको सृजना एवं संरक्षणका लागि सघाउन सक्तछन् ।

- **आर्थिक पूर्वाधार :** आर्थिक रूपमा सुदृढ हुँदै जाँदा सहकारी संस्थाहरूले (आफ्नो व्यावसायिक विकासमा समेत सहायक हुने) मूलबाटो, झोलुङ्गे पुल, बिजुली बत्ती समुदायमा जुन कुरोको अभाव छ त्यो सृजना गर्न वा त्यसको मर्मत-सम्भार गर्न स्वयम् वा सरकार, सामुदायिक सङ्गठन वा अन्य सरोकारवालासँग संयुक्त रूपमा पनि मद्दत गर्न सक्तछन् ।
- **स्रोत संरक्षण :** सरकार, सामुदायिक सङ्गठन वा अन्य सरोकारवालासँग मिलेर वा आफ्नै सुरले समेत (आफ्ना सदस्यहरूको पनि) जीवन धान्ने स्रोतको रूपमा रहेका माटो, पानी, वन, गौचरजस्ता प्राकृतिक स्रोतको संरक्षण कार्यमा सहकारी संस्थाहरूले सहायता गर्न सक्तछन् ।

## ४. अभ्यास

### ४.१ सहकारीकर्मी

सहकारिता स्वावलम्बीहरूको आन्दोलन हो । स्वावलम्बीहरू परिश्रमी हुन्छन् । कवि मोहन कोइरालाले पसिनाको कविता सुनाउनुहुन्थ्यो । पसिनाको मूल्य सर्वोपरि हुन्छ । वास्तवमा पसिना अमूल्य हुन्छ ।

परिश्रमबिनाको जीवन त निःसार हुन्छ; दिग्भ्रमित औ व्यर्थ हुन्छ । परिश्रमीले अर्काको परिश्रमको पनि त्यत्तिकै सम्मान गर्दछ । उसका लागि अर्काको परिश्रममा बाँच्नु मरेतुल्य हुन्छ । त्यसकारण उसले अर्काको परिश्रमको मूल्य तोक्दैन; पैसामा पसिना खरिद गर्दैन । उसका दृष्टिमा त श्रमको खरिदारीमा शोषण हुन्छ ।

श्रम र सेवाको सुक्ष्म भेद गाईपालकको उदाहरणमा खुल्दछ । गाई पाल्ने सहकारीकर्मीले गाई बिरामी नपरून् भनी खोप लगाउन प्राविधिक डाक्दछन् । त्यस्तै, भकारो सुधारका लागि आफ्नो ढङ्ग नपुगे सिकर्मीको सहयोग लिन्छन् । सक्न छाडियो भनेर गोठालो भने राख्दैनन् । कारण प्राविधिक र सिकर्मीको सेवा

हो, जसको मूल्य हुन्छ; गोठालोको श्रम हो, जो अमूल्य मानिन्छ। आफैँले गोठाली गरिएन भने परिश्रमीमा गनिन्न। परिश्रमबिना बाँचेजस्तै होइन्न।

**परिश्रमीहरूले पसिना अमूल्य मान्दछन्; पैसामा किन्दैनन् ।**

'भनेजति पैसा दिएर गोठालो राख्दा शोषण कसरी हुन्छ ?' भन्नेहरू गरिखाने होइनन्; पराश्रयी हुन्। स्वावलम्बीहरू पैसाको धाकमा अर्काको बुई चढ्दैनन्। आफ्नै खुट्टामा टेकेर गन्तव्यमा पुग्ने वर्ग हुन् – सहकारी आन्दोलनकारीहरू।

त्यसै गरी स्वावलम्बीहरूलाई बसी-बसी नाफा खान मन लाग्दैन। 'आफ्नो पैसा लगानी गरेर नाफा कमाउनु नराम्रो हो र !' भन्नेहरू सम्पत्तिको भाडामा बाँच्दछन्। स्वावलम्बीहरूलाई त्यस्तो सित्तैंको जीवन चाहिँदैन। आफैँले आफ्नो श्रममा लगाएको पुँजीमा मात्र अर्काको श्रमको नाफा जोडिने हुँदैन। अर्काको श्रममा परिचालित पुँजीमा जम्मा हुने नाफा खासमा आफ्नो होइन। अर्काको भाग खानु शोषण हो।

एवं रीतले अर्काको उत्पादनमा 'खेलो' गरेर खाने वर्गमा पनि स्वावलम्बी पर्दैनन्। आफ्नो  उपभोगका लागि अर्काको उत्पादन उचित मूल्यमा बजारमा किनिन्छ। आफ्नो उत्पादन उचित मूल्यमा बजारमा बेचिन्छ पनि। उत्पादक र उपभोक्ताको बीचमा बसेर बेपार भने कहिल्यै गरिँदैन। कारण त्यहाँ शोषण हुन्छ।

**उब्जाउनुको महत्त्व जानेकाहरूले अर्काको उब्जनीको 'खेलो' गरेर खाँदैनन् ।**

'बजारमा चलेको मूल्यमा किनेर चलेकै मूल्यमा बेच्दा कसरी मर्का पर्दछ ?' भन्नेहरूले पैसाको हिसाबमात्र जान्दछन्। फलाउनुको मूल्य अर्कै हुन्छ; बनाउनुको महत्त्व पनि अर्कै हुन्छ। उपभोक्तासँग उपरि मूल्य लिनु शोषण हो अनि उत्पादकलाई पूरा मूल्य नदिनु पनि शोषणै त हो।

परिश्रममा रमाउने, शोषण देख्न नसक्ने र मानवीय सम्बन्धहरूको खोजी गर्दै हिड्ने सहकारीकर्मीहरू को हुन् ? चिनारी तालिका ९ मा दिइएको छ।

**तालिका ९ : सहकारी कार्यकर्ता**

| को हुन् ? | को होइनन् ? |
|---|---|
| • व्यवसायी | • बिचौलिया |
| • स्वरोजगार | • रोजगार |
| • मालिक (Owner) | • रोजगारदाता (Employer) |
| • उपयोगकर्ता | • लगानीकर्ता |
| • सहयोगी | • कल्याणकारी |

मद्दत गर्ने उपकार नगर्ने, पुँजी प्रयोग गर्ने लगानी नगर्ने, उत्पादन गरेर बेच्ने अनि किनेर उपभोग पनि गर्ने तर किनीबेची नगर्ने – सहकारी अभियन्ताहरू विलक्षणका लाग्दछन्। उनीहरू अर्काको रोजगारी नगर्ने रोजगार हुन् र अर्कालाई कामदार नराख्ने उद्यमी पनि हुन्। कसैलाई कामदार नराखेर उद्योगधन्दा कसरी चल्ला ?

गाईपालककै उदाहरणमा फर्कने हो भने सहकारीकर्मीका परिवारका सदस्यहरू मिलेर गोठाली आफैँ गर्दछन्; अर्कालाई गोठालो राख्दैनन्। कतैका कोही 'गोठालो बस्छु' भनेर आएकै खण्डमा धरि 'हुन्छ' भन्दैनन्। उल्टै उनलाई पनि आफूले गरेझैँ गाईपालन गर्ने सुझाउ दिन्छन्, जो-चाहिने सहयोग गर्दछन् र पराधीन होइन मालिक बनेर जीविकोपार्जन गर्ने बाटो देखाउँदछन्।

त्यसो भए सहकारीकर्मीहरूले गाई पालेर खाइखेतीमा सीमित हुनुपर्ने अवस्था हुँदैन ? हुँदैन। बथान बढेसँगै यान्त्रीकरण गर्दै गइन्छ। दूध दुहुने, आहारा तयार पार्ने, भकारो सफा गर्ने – एकपछि अर्को प्रयोजनमा उपकरणको सहयोग लिइन्छ। कुँडो पकाउने सुविधा, गोठको अवस्था, पानी, बिजुलीको व्यवस्थालगायतको स्वाभाविक स्तरोन्नति हुन्छ। त्यस्तै, प्राविधिक रेखदेख, दाना प्राप्ति, दूध सङ्कलन, प्रशोधन, बजारीकरणजस्ता साझा उपयोगका सेवा, सुविधाहरू संस्थाको तहमा मिलाइन्छ। त्यसरी प्रत्येक सदस्यले सयौँ नभए दशौँ गुना आम्दानी बढाएर संवृद्धि प्राप्त गर्दछन्।

सहकारितामा सम्पन्न भइयो भनेर स्वावलम्बनको अभ्यास गर्न छाडिँदैन; छाडियो भने विलासमा झरिन्छ। सहकारी सदस्यहरूमा सम्पन्न भएर बाँच्ने आकाङ्क्षा अवश्य हुन्छ तर धनाड्य बन्ने महत्त्वाकाङ्क्षा हुँदैन। आफूलाई भएपछि पुग्ने स्वार्थी उनीहरू होइनन्; अरूलाई पनि हुनुपर्दछ भन्ने सहयोगी हुन्। सबै जना सँगसँगै सम्पन्न बनेर, प्रकृति-मैत्री उत्पादन एवं उपभोगको

तरिका रोजेर अनि मानवीय मूल्यहरूको जगेर्ना गरेर बाँच्ने ध्येय उनीहरूको हो । Plockboy, Bellers, Owen, Dr. King, रोचडेली अगुवाको पदचिह्न खोज्दै आज पनि उनीहरू समुदाय बनाउने अभियानमै छन् ।

> **सम्पन्न भइयो भनेर स्वावलम्बनको अभ्यास गर्न छाडियो भने विलासमा भरिन्छ भन्ने सहकारीकर्मीहरूको धारणा हुन्छ ।**

प्रकारान्तरले सहकारी संस्था खोल्दैमा अथवा खोलिएको संस्थाको सदस्य बन्दैमा सहकारीकर्मी होइन्न । तालिका ९ को दायाँपट्टि जनाइएका व्यक्तिहरूले स्वावलम्बन र पारस्परिकताको अभ्यास गर्न सक्तैनन् । बिचौलियाले उत्पादकसँग सस्तोमा किनेर अनि उपभोक्तालाई महङ्गोमा बेचेर नाफा खान खोज्दछ । आफ्नो स्वभावले गर्दा ऊ शोषणरहित आर्थिक सम्बन्धहरू स्थापना गर्ने सहकारी आन्दोलनमा सहभागी हुने कुरै आउँदैन । त्यस्तै, कल्याणकर्ता ठालु पल्टिन्छ भने लगानीकर्ता वा रोजगारदाता परिश्रमी हुँदैन ।

रोजगार पनि सहकारीकर्मी होइन । किनभने ऊ अधीनस्थ हुन्छ; स्वतन्त्र हुँदैन । रोजगारहरूको त श्रम सङ्गठन बन्दछ; सहकारी सङ्गठन बन्दैन ।[१२७] त्यसो भए सहकारिताको अभ्यासकर्ता को हुन् त ?

सहकारीकर्मी तीनथरी हुन्छन् : प्राथमिक उत्पादक (Primary producers), वास्तविक कामदार (Actual workers) र आम उपभोक्ता (Bonafide consumers) ।

---

[१२७] यहाँनेर पनि श्रम र सेवाको भेद उल्लेखनीय छ । श्रम दिने रोजगार सहकारीकर्मी हुँदैन । अर्काको कारखानामा मजदुरी गर्नेहरूले आफ्नो कारखानामा काम गर्ने कुरै आएन । सेवा दिने मजदुरहरूले श्रम करार संस्था (Labour contracting co-operative) खोलेर सहकारी अभियानमा सरिक हुन भने सक्तछन् । भरियाहरूको सहकारी संस्था उदाहरण हो । साथै हालको रोजगारीसँग सम्बन्ध नभएको उद्देश्य लिएर रोजगारहरूले नै पनि सहकारिताको अभ्यास गर्न बाधा पर्दैन । कारखानामा मजदुरी गर्नेहरूकै उदाहरणमा उनीहरूले उपभोक्ता भण्डार खोल्न नमिल्ने हुँदैन । कारण उपभोक्ता भण्डारका रोहमा उनीहरू स्वतन्त्र हुन्छन् । रोचडेली अगुवा स्वयम् मजदुरै थिए । अनुपम रूपमा (Ideally) भने मजदुरहरूले नै पनि हालको रोजगारीको विकल्पमा स्वरोजगारीको अभिप्रायले सहकारी संस्था बनाउने हो । रोचडेली अग्रवर्तीहरूको तेस्रो – रोजगारीविहीन वा बारम्बारको ज्याला कटौती ... [बाट] पीडित ... सदस्यहरूको रोजगारीका लागि संस्थाले ... वस्तुहरूको उत्पादन थाल्ने –, चौथो – ... संस्थाले जमिनको चक्ला ... [किनेर वा भाडामा लिएर] ... रोजगारीविहीन वा श्रम नराम्ररी पारितोषित भएका सदस्यहरूले खेतीपाती गर्ने ... [व्यवस्था मिलाउने] अनि पाँचौं – ... संयुक्त हितका स्वधान्य गृह ग्रामको स्थापना गर्न ... अघि सर्ने ... – उद्देश्य र योजनामा त्यै अभिप्राय प्रकट हुन्छ ।

## क. प्राथमिक उत्पादक

आफ्नै श्रम लगाएर उत्पादन गर्ने व्यक्ति प्रथम उत्पादक हुन् । प्राथमिक उत्पादकमा मूलतः कृषक पर्दछन्, जसले खेतीपाती गर्दछन् अथवा कीट, पशु, पन्छी पाल्दछन् । कृषकजस्तै सृजना गर्ने साहित्यकार पनि प्राथमिक उत्पादक हुन् ।

आफ्नो काम आफैँ नगर्ने व्यक्ति प्राथमिक उत्पादक हुँदैन । जमिन जोत्ने मोही प्राथमिक उत्पादक हो । जमिन नजोत्ने तल्सिङ भने प्राथमिक उत्पादक होइन । अर्कालाई काम लगाउने भएकाले जमिन्दारको गिन्ती 'मध्यस्थ' मा गरिन्छ ।

उत्पादनमा आवश्यक श्रमको घटीमा ५० प्रतिशत आफू र परिवारका सदस्यहरूबाट लगाउने व्यक्तिलाई मात्र प्राथमिक उत्पादकमा लिन सकिन्छ ।[१२८]

## ख. वास्तविक कामदार

श्रमजीवी वास्तविक कामदार हुन् । वास्तविक कामदार दुईथरी हुन्छन् । धोवी, कुचीकार, रिक्साचालक सेवा दिने श्रमिकमा पर्दछन् । थप उदाहरणमा गिट्टी कुट्ने ज्यामी, पहरा बस्ने चौकीदार, बच्चा हेर्ने हेरालोलाई लिन सकिन्छ । वस्तु बनाउने कामदारमा लुगा बुन्ने तन्तुकार, मूर्ति कुँध्ने कालिगड, इट्टा पार्ने ज्यामी पर्दछन् ।

प्राथमिक उत्पादक र वास्तविक कामदारबीच उत्पादनको प्रकृतिअनुसार पनि फरक छुट्ट्याउन सकिन्छ । प्राथमिक उत्पादकले उपज (Produce) उत्पादन गर्दछन् भने वास्तविक कामदारले वस्तु (Product) । अर्काथरी प्राथमिक उत्पादकले सृजना गर्दछन् । रचना साहित्यकारको सृजनाको उपज हो । उत्पादनको प्रक्रियाबाट नबन्ने भएकाले रचनालाई झट्ट वस्तु भनिँदैन ।

फरक छुट्ट्याउन अझ सजिलो त सहकार्यको प्रयोजन हेरेर हुन्छ । प्राथमिक उत्पादकहरूले साझा सेवाका लागि सहकार्य गर्दछन् भने

> पूर्वजहरूलाई पछ्याउँदै आजका सहकारीकर्मीहरू पनि समुदाय बनाउने अभियानमै लागिपरेका छन् ।

[१२८] हेर्नुहोस्, S. S. Puri, Ends and Means of Co-operative Development (Delhi: National Co-operative Union of India, 1979) ।

वास्तविक कामदारहरूले कामका लागि ।[१२९]

श्रमको रोहमा ठेकेदार 'मध्यस्थ' हो । कारखानावाला, इट्टा भट्टावाला, सुरक्षा सेवावालाको प्रकृति पनि मध्यस्थकै हुन्छ । अर्को उदाहरण रिक्सा मालिक हो, जसले आफ्नो रिक्सा अर्कालाई चलाउन लगाएर भाडा लिन्छ ।

श्रमका मध्यस्थहरू पनि सहकारी आन्दोलनमा सहभागी हुन सक्तैनन् । सेवा दिने श्रमिकको त कुरै भएन, वस्तु बनाउने श्रमिकले पनि आफ्नो काम आफैँ गर्नुपर्दछ । प्राथमिक उत्पादकका हकमा जस्तै उत्पादनमा लाग्ने श्रमको घटीमा ५० प्रतिशत आफू र परिवारका सदस्यको परेकै हुनुपर्दछ ।

## ग. आम उपभोक्ता

तेस्रोथरी सहकारीकर्मीमा आम उपभोक्ता पर्दछन् । उपभोक्ताहरूले वस्तु किनेर उपभोग गर्दछन् अथवा सेवा किनेर उपयोग गर्दछन् । दैनिक आवश्यकताका वस्तु किन्ने गृहस्थ उपभोक्ता हुन् । यात्री, पाठक, बचतकर्ता पनि उपभोक्तामै पर्दछन् । उपभोक्ताको अर्को उदाहरण बिरामी हो, जसले उपचार सेवाको उपयोग गर्दछ ।

उपभोग नगर्ने त कोही पनि हुँदैन । त्यस अर्थमा जोसुकै उपभोक्ता हुन्छ । सहकारितामा भने आम उपभोक्ताको कुरो गरिन्छ । सर्वसाधारण उपभोक्ता, वैधानिक उपभोक्ता अथवा साँच्चैका उपभोक्तालाई आम उपभोक्ता मानिन्छ । भनाइको अर्थ, बेपारीलाई वस्तुको उपभोक्तामा लिइँदैन, साहूलाई ऋण सेवाको उपयोगकर्ता सम्झिँदैन र बस मालिकलाई यात्री पनि भनिँदैन ।

फेरि पनि प्राथमिक उत्पादक, वास्तविक कामदार र आम उपभोक्तामात्र सहकारी अभियानका सहभागी हुन् । सहकारिता मध्यस्थहरूका लागि होइन – बरु मध्यस्थहरूको विरोधी आन्दोलन हो । अघि त बिचौलियालाई पन्छाऔँ (Eliminate the middlemen) भन्ने आह्वान नै गरिन्थ्यो । कुनै बिचौलिया

---

[१२९] वस्तु बनाउनेलाई प्राथमिक उत्पादक मानी सेवा दिने श्रमिकलाई मात्र वास्तविक कामदारमा लिने गरी वर्गीकरण गर्ने चलन पनि छ । तदनुसार अवस्था हेरी एकै पेसामा पनि दुई वर्ग हुन सक्तछन् । सूचीकारकै कुरो गरौँ न ! पोसाक तयार पारी बेच्ने सूचीकार प्राथमिक उत्पादकमा पर्ने हुन्छन् भने कपडा छेकी, काटी, सिलाइदिने सूचीकार वास्तविक कामदारमा । पारिभाषिक अर्थमा त्यस्तो फरक ठीक पनि हो । साधारणतया भने रोजगारीको प्रयोजन भए कामदार नै मान्ने चलन छ । सहकारी आन्दोलनमा सहभागिताको योग्यताका हिसाबमा भने जे माने पनि फरक पर्ने होइन ।

भिन्न क्षेत्रमा सहकारीकर्मी हुन सक्तछ भन्ने भ्रममा पनि पर्नु हुँदैन । जस्तै– साहू ऋणको रोहमा मध्यस्थ भए तापनि यात्राको रोहमा त यात्री नै हो भन्ठान्नु हुँदैन । जुनसुकै मध्यस्थ जुनसुकै सहकारी कार्यका हकमा मध्यस्थ नै हुन्छ । नाफामा सहभागी हुने चरित्रले सहकारीकर्मी होइन्न ।

## ४.२ सहकार्यका आयाम

सहकारी अभियन्ताजस्तै आन्दोलनले पनि उत्पादक, श्रमिक र उपभोक्ता गरी तीनोटा आयाम लिएको छ ।

### क. उत्पादक सहकारी आन्दोलन

प्राथमिक उत्पादकहरूले उत्पादन कार्यलगायत मूल्य सिक्रीका विभिन्न खण्डमा आवश्यक सेवा, सामग्री, सुविधाहरूको तहबह मिलाउने सिलसिलामा उत्पादक सहकारिताको विकास भएको छ ।

त्यसो त, सन् १८२० को दशकमा नै अमेरिकी कृषकहरूले मिलीजुली उपज प्रशोधन र बजारीकरण संस्थाहरू खोलेथे ।[१३०] बेलायतमा कृषक सहकारिता उपभोक्ता सहकारिताको छायाँमा परेजस्तै भयो । आयरल्यान्डमा भने Sir Horace Curgon Plunkett ले उपभोक्ता र श्रमिकजस्तै थिचोमिचोमा परेको आम कृषिजीवीको उन्नति आफ्नै लोकतान्त्रिक सहभागितामा सञ्चालन हुने सङ्गठनबाट मात्र सम्भव देखेर अभियान चलाए । स्थानीय कृषकको पनि भलो हुन्छ भन्दै सायद बेलायती उपभोक्ता संलग्न सहकारी थोक बिक्री संस्था (Co-operative Wholesale Society – CWS) ले सन् १८९१ मा आयरल्यान्डमा नौनी उद्योग (Creameries) स्थापना गर्ने कुरो गरेथ्यो । Sir Horace लाई पटक्कै चित्त बुझेन र प्रतिवादमा यसो भने :

> स्वावलम्बन र व्यक्तिगत सहभागिताका माध्यमबाट मात्र आयरल्यान्डी कृषक केही बन्न सक्तथ्यो । ऊ घरेलु नौनीको बेमतलबको उत्पादक हुन्थ्यो । आयरल्यान्डमा निजी नौनी उद्योग हुँदा कृषक वेमलतबको दूध आपूर्तिकर्ता थियो । आफ्नै हातमा

[१३०] हेर्नुहोस्, Johnston Birchall.b, Co-operatives and the Millenium Development Goals (Geneva: International Labour Office, 2004), पृ. ७ ।

व्यवसाय र जिम्मेवारी लिएर अनि सहकारिताका लाभहरू देखेपछि नै आयरल्यान्डी कृषकले दासताबाट उम्कने मस्तिष्क र हृदयका गुणहरूसँगै किफायत एवं उद्योगको बानी हासिल गर्न सक्यो। जतिसुकै दानी किन नहोस्, अभिभाववाद (Paternalism) ले उसलाई अहिले उठाउन सक्ने होइन; नीतिको रूपमा यो विगतमा उसलाई आज्ञाकारी औ उपयोगी दास बनाउन खोज्ने करकापी व्यवहारभन्दा कत्ति सफल हुने छैन।[१३१]

आम कृषकको उत्थानको ऐतिहासिक आवश्यकतामा सहकारिताको विकास भएको यताबाट खुल्दछ। जे होस्, उन्नाइसौँ शताब्दीको अन्ततिर र बीसौँ शताब्दीको प्रारम्भदेखि आयरल्यान्डसँगै डेनमार्क र अन्यत्र पनि कृषि कार्यमा सहकारिता लोकप्रिय भयो। अहिले त कृषिमा सहकारी आन्दोलन नफैलिएको देशै भेटाउन मुस्किल छ।

बजार अंस (Market share) को नापोमा सबैभन्दा सफल कृषि सहकारी संस्था नै हो।[१३२] अमेरिकामा 'Land O'Lakes', 'Birds Eye', 'Ocean Spray' चीर-परिचित सहकारी बेपारिक नाम (Brand names) हुन्। कृषिमा पनि दुग्ध सहकारी संस्थाहरूको लहर संसारभरि छ। भारतको गुजरात नगिचको उदाहरण हो, जहाँको 'Amul' बेपारिक नाम आम उपभोक्तामा चिनिन्छ। वस्तु विशेषका अरू उत्पादक संस्थाहरू पनि व्यापकै छन्। उदाहरणका लागि कतिपय अफ्रिकी मुलकहरूमा विकसित कफी कृषकको अभियानलाई लिन सकिन्छ। सहकारी खेती अर्को उपआयाम हो – यद्यपि त्यतापट्टि उत्तिको प्रगति भइरहेको छैन।

## ख. कामदार सहकारी आन्दोलन

वास्तविक कामदारले स्वावलम्बी बनेर मर्यादित काम (Decent work), सुरक्षित रोजगारी र न्यायोचित पारिश्रमिक खोज्ने प्रयासमा सहकारिताको श्रमिक फाँट देखा परेको छ। कामदार सहकारी संस्थाहरू सन् १८३० को

१३१ Rhodes, रचना पूर्वोल्लिखित, पृ. १४ मा उद्धृत।

१३२ हेर्नुहोस्, Birchall.b, रचना पूर्वोल्लिखित, पृ. ७।

दशकमा फ्रान्सबाट खुल्न थालेथे ।[१३३] कामदार सहकारिताभित्र विशेष गरी सार्वजनिक निर्माण कार्यका लागि आवश्यक श्रम सेवा दिने संस्थाहरू, औद्योगिक उत्पादन गर्ने संस्थाहरू र हस्तकलाका वस्तु बनाउने संस्थाहरू देखिएका छन् ।

सहकारी ढाँचाको औद्योगिक उत्पादनलाई दोस्रो औद्योगिक क्रान्ति (Second industrial revolution) पनि भन्ने चलन छ । औद्योगिक क्रान्तिमा पुँजीले श्रमलाई अनुबन्धित गरेको (Capital employing labour) थियो । त्यसलाई पहिलो मानेर श्रमले पुँजीलाई अनुबन्धित गरेको (Labour employing capital) को कामदार सहकारिताको लहरलाई दोस्रो औद्योगिक क्रान्ति भनिएको हो ।

खास गरी विकसित जगत्मा व्यवस्थापकीय त्रुटिका कारण टाट पल्टिन लागेका उद्योगहरू सम्बन्धित मजदुरहरूले जसोतसो किनेर राम्ररी सञ्चालन गरेका प्रशस्त उदाहरण छन् । सहकारी उद्योगहरूमा श्रमिक जागरण हुने, औद्योगिक शान्ति कायम रहने र आर्थिक मन्दीका बेला पनि सदस्यहरूले थोरै पैसामा काम गरेर सञ्चालन खर्च धान्न सक्ने भएकाले उत्थानशीलता (Resilience) त्यत्तिकै देखिएको छ । मध्योत्तर इटालीका 'La Lega' संस्थाहरूले झन्डै ८०,००० सदस्यहरूलाई रोजगारी दिएका छन् भने पुगनपुग ४०,००० सदस्यहरू भएको स्पेनको बास्क (Basque) क्षेत्रको 'Mondragon' सहकारी संस्थानले देशकै सर्वाधिक मेसिन पुर्जा (Machine tools) निर्यातकर्ताको स्थान लिएको छ ।[१३४]

**सहकारी उद्योगहरू मन्दीका बेला पनि उत्थानशील हुन्छन् ।**

'Mondragon' सहकारी आन्दोलनका प्रणेता José María Arizmendiarrieta कै छोटो नाम राखेर अमेरिकामा सन् १९९६ यता खुलेका

१३३ ऐ., पृ. ११ ।
१३४ ऐ., पृ. १२ ।

Arizmendi पाउरोटी खानसाहरू (Bakeries) थोरै भए तापनि कहलिएका छन् ।[१३५]

सम्भावना हेरी कामदार सहकारिताको विकास हुन सकेको भने छैन । खास गरी विकासशील देशहरूमा औद्योगिक सहकारी गतिविधिहरूको न्यूनता खड्किएको छ । सार्वजनिक उद्योगहरूको निजीकरणका क्रममा सहकारी ढाँचा अवलम्बन गर्ने अवसर पनि गुमेजस्तै भयो ।

### ग. उपभोक्ता सहकारी आन्दोलन

उपभोक्ता आन्दोलनको त कुरै भएन । सहकारिताको विधिवत संस्थापना नै रोचडेलमा उपभोक्ता भण्डारबाट भएथ्यो । पहिलो र दोस्रो सहकारी आन्दोलनकै दौरान पनि सहकारी पसलहरू प्रशस्त खुलेका थिए, जसको चर्चा माथिका खण्डमा गरिसकिएको छ । दैनिक आवश्यकताका वस्तुका साथै सेवाहरू सुलभ गर्ने प्रयासमा संसारभरि सर्वसाधारण उपभोक्ता सङ्गठित भइरहेका छन् । उपभोक्ता सहकारिताको आरोह-अवरोहका बारेमा Birchall को टिप्पणी यस्तो छ–

> ... सन् १८९० यता औद्योगीकरण भइरहेको प्रत्येक मुलुकमा भनेझैँ उपभोक्ता आन्दोलन फैलिन थाल्यो । सन् १९२० को दशकसम्म आइपुग्दा बेलायत, फ्रान्स र जर्मनीमा उपभोक्ता खर्चमा सहकारी संस्थाहरूको अंस यति उच्च तहमा पुग्यो कि केही अर्थशास्त्रीहरू (उल्लेखनीय रूपमा बेलायतमा Beatrice Webb र फ्रान्समा Charles Gide) ले त सहकारिताले छिट्टै 'पुँजीवादलाई सकार (Buy out capitalism)' गरेर सर्वोदय समाज सृजना गर्ने अड्कल काट्न थालेथे । परन्तु, सन् १९५० को दशकमा उच्चतम बिन्दुमा बजार अंस (बेलायतमा खुद्रा विक्रीको १२ प्रतिशत) हासिल भएपछि बहुशृङ्खलाका बेपारिक भण्डारहरूसँगको बढ्दो प्रतिस्पर्धाका कारण आन्दोलन सुस्तरी ओरालो लाग्न थाल्यो । बजार अंसका साथै आर्जन घटेको अवस्थाका सामुन्नेमा सहकारी उपभोक्ता भण्डारहरूले संरक्षक पुँजी फिर्ता (Patronage refund) को व्यवस्था नराख्ने टुङ्गो

[१३५] हेर्नुहोस्, 'Who Needs a Boss?' The New York Times Magazine, 25 March 2014 ।

> गरे, जसले गर्दा सदस्यताको अर्थ गयो। यस्तो प्रकट ह्रासका कारण नै विकसित देशका सहकारी संस्थाहरूको नकारात्मक छवि बनेको हो।[१३६]

Birchall थप्दछन्–

> केही मुलुक – फ्रान्स, बेल्जियम, जर्मनी, अष्ट्रिया – मा सहकारी क्षेत्र लोपजस्तै भएको छ भने बेलायत, अमेरिका, क्यानडामा ठाडी ओराली लागेको छ। अरू मुलुकमा भने यो प्रमुख खेलाडी रहेकै छ। उदाहरणका लागि सहकारी संस्थाहरूले बजारको नर्वेमा २५ प्रतिशत, फिनल्यान्डमा ३५ प्रतिशत र स्वीडेनमा १५ प्रतिशत अंस लिएका छन्। इटाली र स्वीजरल्यान्डमा पनि सहकारी क्षेत्र प्रबल छ। ... [त्यस्तै,] जापानमा यो क्षेत्र अग्रणी खुद्रा विक्रेता हो। साथै ओराली लागेका ... [अवस्थामा] पनि नौलो जीवनका सङ्केत देखा परेका छन्। बेलायतमा सहकारी संस्थाहरूले सहकारी अभिप्रायको पुनर्खोजी गरिरहेका छन्; सबभन्दा बृहत् सहकारी समूहले दैनिक सुविधाका वस्तुहरूको खुद्रा विक्रीमा राष्ट्रिय अगुवा बनेर खानेकुरामा उपभोक्ता उपयोगी सूचना, स्वस्थ्य बेपार अनि वातावरणीय चासोमा नवीन मानदण्डहरू स्थापना गर्दैछ।[१३७]

**सहकारी संस्थाहरू मासिनै लागेका क्षेत्रमा पनि पछिल्लो समय सहकारीकर्मीहरूले मौलिक अभिप्राय खोजेर पुनर्जागरणको लहर ल्याएका छन् ।**

सेवातर्फ बचत परिचालन गर्ने संस्थाहरू जर्मनीदेखि फैलिएर विश्व ऋण परिसङ्घ (World Confederation of Credit Unions – WOCCU) स्थापना गर्ने तहसम्म विकसित भएका छन्। Friedrich Wilhelm Raiffeisen ले जर्मनीमा सन् १८४६ देखि सदिच्छीय सहायता (Benevolent assistance) मा चल्ने संस्थाबाट गरिबजनलाई खानेकुराको बन्दोबस्त गर्दागर्दै चिरस्थ कार्य त संयुक्त आत्म-सहयोगबाटै हुने मनन गरेथे। त्यसैले सन्

[१३६] ऐ., पृ. ९।
[१३७] ऐ.।

१८६४ मा सदिच्छीय संस्थालाई किफायत र ऋण संस्था (Thrift and Loan Society) मा परिणत गरियो ।[१३८] गरिबीको खास कारक परनिर्भरता हो भन्ने ठहर गरी Raiffeisen ले स्वावलम्बन (Self-help), स्वउत्तरदायित्व (Self-responsibility) र स्वशासन (Self-administration) को सहकारी पाठ पठाए । राजनीति, उपकार अनि साहूकारदेखिको स्वतन्त्रताको अभियान चल्यो । अघि ग्रामीण अमेरिकालाई झिलीमिली पार्न बिजुली उपभोक्ता संस्थाहरू कहलिएका थिए । यता विकसित देशहरूमै पनि समाधान हुन नसकिरहेका सबैका लागि स्वास्थ्य र आवासका समस्यामा सहकारी हस्तक्षेप खोजिँदैछ ।

उत्पादन, उपभोग र रोजगारी – प्रत्येक आयामभित्र विकासक्रममा उपआयाम प्रकट भइरहेका छन् । उपआयामका सहकारी संस्थाहरूलाई एकल उद्देश्यीय (Single-purpose) पनि भन्ने चलन छ । विषयगत सहकारी संस्था अर्को नाम हो ।

त्यसै गरी एकभन्दा बढी आयाम समेटेका सहकारी कार्यहरूलाई बहुआयामिक मान्न सकिन्छ । बहुउद्देश्यीय सहकारी आन्दोलनको उल्लेखनीय विकास भएका मुलुकहरूमा दक्षिण कोरिया पर्दछ । भारतको हैदरावाद राज्य पनि बहुमुखी सहकारी संस्थाहरूका हकमा कहलिएको छ । खास गरी विकासशील जगत्को ग्रामीण क्षेत्रमा सदस्यको अवस्था हेरी विभिन्न सेवा दिने गरी सहकारी गतिविधि भइरहेका भेटिन्छन् । त्यस प्रकारका सामुदायिक सहकारी संस्थाहरू (Community co-operatives) नै भावी आन्दोलनका मूलधार हुनेजस्तो पनि लाग्दछ ।

## ४.३ सहकारी नेपाल

नेपाल सहकारी संस्कृतिको धनी छ । नेपाली पारम्परिक सहकारिताको चर्चा त अघिल्लै खण्डमा गरियो । देशमा आधुनिक आन्दोलनको इतिहास त्यति पुरानो त छैन तर आरोह-अवरोह पछ्याइनसक्नु छ ।

विकासशील जगत्मा सहकारी प्रवर्धन प्रायः सरकारी पहलमा भएको भेटिन्छ । नेपालमा पनि २०१० सालमा सहकारी कार्य थाल्न योजना, विकास तथा कृषि

[१३८] हेर्नुहोस्, F. W. Raiffeisen (1818 - 1888) English (Bohn: Deutcher Raiffeisenverband e. V., 199(?), पृ. ४ ।

मन्त्रालयको मातहतमा विभाग खडा गरियो। विभाग खडा भएपछि सहकारी विकासको काम गर्न सक्ने व्यक्ति र सहकारी सङ्गठनका लागि कानुनी व्यवस्थाको अभाव देखिएकाले दुवै कुराको व्यवस्थाका लागि दुई जना अधिकृतहरूलाई सहकारी सिद्धान्त र व्यावहारिकताबारे तालिम लिन श्रीलङ्का पठाइयो।[१३९] प्रत्यागमनपछि उनीहरू सहकारी विकासको योजना र कार्यक्रमहरूसँगै भविष्यमा सङ्गठन गरिने सहकारी संस्थाहरूलाई कानुनी संरक्षण दिनका लागि ऐनको मस्यौदा तर्जुमा कार्यमा लागे।[१४०] लगत्तै २०११ सालमा पहाडतर्फ बाढीबाट विस्थापित परिवारलाई बसोबास गराउने भनेर राप्तीदूनमा बहुमुखी विकास योजना लागू भएथ्यो।

राप्तीदून योजनाअन्तर्गत सहकारिताका फाट्फुट् प्रयोग प्रारम्भ गरिएको बताइन्छ।[१४१] त्यहाँ पुनर्वास गराइएका परिवारलाई खेतीपाती गर्न ऋण दिने प्रयोजनका लागि सहकारी संस्थाको आवश्यकता अनुभव गरिएको रहेछ। त्यसरी विभाग र योजनाको विचार मिल्ने संयोग पऱ्यो। यता प्रथम राष्ट्रिय योजना (२०१३/१४ - २०१७/१८) मा सहकारी आन्दोलनको विकास गर्न प्रस्ट उद्देश्य र नीतिहरू निर्धारण गरिए। योजनामा सहकारी आन्दोलनको आवश्यकता यसरी दर्साइएको थियो :

> सहकारी आन्दोलन योग्यतापूर्ण विकास भए कृषि ऋण क्रमशः घटाउँदै लैजान सकिनेछ औ जनताको रहनसहनको दर्जा उँचो हुन जानेछ। सहकारी आन्दोलनले जनतामा लोकतन्त्रात्मक ढङ्ग र आपसको सहयोग तथा सङ्गठन गरी उन्नति गर्ने तरिका विकास गराउन महत्त्वपूर्ण सहायता दिनेछ।[१४२]

नेपाल सरकारबाट २०१३ सालमा कार्यकारी आदेश (Executive Order) जारी गरेर सहकारी संस्थाहरू विधिवत् दर्ता गर्ने व्यवस्था मिलाइयो। तदनुसार त्यसै वर्ष चैत २० गते पहिलो ऋण सहकारी संस्था दर्ता भयो। आव

---

१३९ हेर्नुहोस्, शाक्य, रचना पूर्वोल्लिखित, पृ. ३७।

१४० ऐ.।

१४१ हेर्नुहोस्, B. K. Sinha, Co-operative Development in Nepal (Delhi: Kitab Mahal, 1965), पृ. ४।

१४२ शाक्य, रचना पूर्वोल्लिखित, पृ. ३९ मा उद्धृत।

२०१३/१४ मा नै जम्मा ६४१ सदस्यसहित १७ वटा संस्था खोलिए, जसको अंसधन रु. ६,०००।- थियो ।[१४३]

प्रयास र परिवर्तनको क्रम तालिका १० मा दिइएको छ ।

**तालिका १० : राष्ट्रिय सहकारी आन्दोलन : विकासका पहल**

| वर्ष | पहल | कैफियत |
|---|---|---|
| २०१६ | सहकारी संस्था ऐन जारी | पछि २०४१ सालमा साझा संस्था ऐन र २०४८ सालमा विद्यमान सहकारी ऐन जारी भए । |
| २०१९ | सहकारी प्रशिक्षण केन्द्रको स्थापना | सहकारी प्रशिक्षण केन्द्रलाई २०६१ सालमा केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र बनाएर पाँचै विकास क्षेत्रमा सहकारी प्रशिक्षण केन्द्र तथा डिभिजन कार्यालयहरू खडा गरिएका छन् । |
| २०२० | सहकारी बैङ्कको स्थापना | पछि २०२४ सालमा उक्त बैङ्क कृषि विकास बैङ्कमा परिणत भयो र २०६० सालमा हालको सहकारी बैङ्क खोलियो । |
| २०२५ | सहकारी विभागबाट गरिआएको संस्थाहरूको प्रशासन र विकासका कार्यहरू भूमिसुधार विभागमा सुम्पने निर्णय | लगत्तै २०२६ सालमा उल्लिखित कार्यहरू सहकारी विभागमै फिर्ता गरिएका थिए । |
| २०२६ | पुनर्गठन र एकीकरण गरी संस्थाहरूको | |

१४३ Sinha, रचना पूर्वोल्लिखित, पृ. ११ ।

| वर्ष | पहल | कैफियत |
| --- | --- | --- |
| | गुणात्मक वृद्धिमा जोड दिइएको निर्दिष्ट सहकारी कार्यक्रम लागू | |
| २०२७ | सहकारी संस्थाहरूको व्यवस्थापन कृषि विकास बैङ्कलाई हस्तान्तरण | उप्रान्त २०३५ सालमा व्यवस्थापकीय जिम्मेदारी बैङ्कबाट झिकी सञ्चालक समितिलाई नै दिइयो । |
| २०३३ | साझा संस्थाको देशव्यापी रूपमा गाउँ-गाउँमा विस्तारमा जोड दिइएको साझा कार्यक्रम लागू र अनिवार्य बचत साझा संस्थाको अंसधनमा परिणत | • अनिवार्य बचत २०२१ सालमा लागू भएको भूमिसुधार कार्यक्रमको अभिन्न पक्ष थियो, जुन पाँच वर्षपछि व्याजसहित फिर्ता गर्ने भनिएको थियो ।<br>• त्यसअघि २०२६ सालमा भक्तपुरमा अनिवार्य बचत साझा संस्थाको अंसधनको रूपमा हस्तान्तरण गरिएको थियो ।<br>• अनिवार्य बचत बचतकर्तालाई नगदै फिर्ता दिने घोषणा २०४५ सालमा भयो । |
| २०४८ | राष्ट्रिय सहकारी विकास बोर्डको गठन | राष्ट्रिय सहकारी विकास बोर्ड ऐन २०४९ जारी भएपछि बोर्ड स्थायी रूपमा पुनर्स्थापित भयो । |
| २०५० | राष्ट्रिय सहकारी सङ्घको गठन | |
| २०५४ | राष्ट्रिय सहकारी सङ्घलाई अन्तर्राष्ट्रिय | |

| वर्ष | पहल | कैफियत |
|---|---|---|
| | सहकारी महासङ्घको सदस्यता प्राप्त र नेपाली सहकारी आन्दोलन अन्तर्राष्ट्रिय आन्दोलनमा एकाकार | |

स्रोत : सहकारिता र नेपालमा यसको विकास (काठमाडौँ, केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र, २०६८) बाट साभार ।

प्रारम्भदेखि नै सहकारी विषय हेर्ने छुट्टै मन्त्रालयको आवश्यकता अनुभव गरिएको हो । विभिन्न कारणले त्यसो हुन सकेको थिएन – यद्यपि २०५७ सालमा कृषि मन्त्रालयलाई कृषि तथा सहकारी मन्त्रालय नामाकरण गरिएको थियो । मिति २०६९।२।५ मा सहकारी तथा गरिबी निवारण मन्त्रालाय स्थापना भएको छ ।

अन्तर्राष्ट्रिय सहकारी महासङ्घको तत्वावधानमा एशिया तथा प्रशान्त क्षेत्रीय सहकारी मन्त्रीहरूको छैटौँ सम्मेलन काठमाडौँमा २०५८ सालमा सम्पन्न हुनु नै पनि राष्ट्रिय आन्दोलनको सम्मान हो ।

नेपालको संविधानमा राज्यका निर्देशक सिद्धान्तमा ‘सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत ... स्वतन्त्र र संवृद्ध अर्थतन्त्रको विकास गर्ने’ भनिएको छ (धारा ५०(३) । त्यस्तै, राज्यका निर्देशक नीतिमा ‘... सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास ...’ (धारा ५१ (घ.१) का साथै ‘सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन ...’ (धारा ५१(घ.२) मा जोड दिइएको छ । देशको मूल कानुनमा सहकारी प्रणाली अङ्गीकार गरिएबाट आन्दोलनलाई उच्चतम प्रश्रय मिलेको छ ।

देशमा हाल ५१ लाख बढी सहकारी सदस्य छन् ।[१४४] सहकारी संस्थाहरूको सङ्ख्या ३२,६६३ पुगेको छ भने निक्षेप रु. २ खर्ब २ अर्ब ४२ करोडको हाराहारीमा छ ।[१४५] सहकारी संस्थाहरूको कोषको रकम रु. ६ अर्ब ७८

[१४४] Co-operative Statistics 2072 (www.deoc.gov.np/)।
[१४५] ऐ. ।

करोडजति हुन्छ।[१४६] खास गरी बचत परिचालनतर्फ सहकारी संस्थाहरू असाद्धै देखा परेका छन्, जसको अनुपात ४१.२ प्रतिशत छ।[१४७] कृषकमाझ पनि कफी, मह, जडिबुटीजस्ता वस्तु-विशेषका सहकारी संस्थाहरू पनि अभियानकै स्तरमा गठन भइरहेका देखिन्छन् ।

महिला सहभागिता नेपाली सहकारी आन्दोलनको विशेषता हो । जम्मा सहकारी सदस्यमा झन्डै ४५ प्रतिशत महिला छन् ।[१४८] महिलामात्रको सहकारी संस्था त्यत्तिकै उल्लेखनीय छ । कम्तीमा २०२२ सालअघि नै पोखरा नगिच 'कुन्धर' मा महिला सहकारी संस्था स्थापना भएको भेटिन्छ, जसले कपडा सिलाइ-कटाइको प्रशिक्षण दिएर राम्रो कार्य गरेको थियो ।[१४९] हाल महिलामात्रका सहकारी संस्थाहरू पनि उल्लेखनीय सङ्ख्यामा सञ्चालित छन् ।

राष्ट्रिय सहकारी आन्दोलनको समीक्षा गर्दा २०४८ सालमा वर्तमान ऐन जारी हुनुअघि र पछिको चरणमा छुट्ट्याउनु वाञ्छनीय छ। अघिल्लो चरणमा सहकारी आन्दोलन प्रायः राजकीय छत्रछायाँमा सङ्कुचित थियो भने पछिल्लो चरणमा स्वतन्त्र अवस्थामा विस्तारित भयो । स्वप्रेरित रूपमा नै सहकारिताको गुणात्मक विकास हुने हो । त्यसै मान्यतामा सहकारी ऐन, २०४८ ले सहकारी सङ्घ, संस्थाहरूको गठन एवं सञ्चालन वस्तुतः अनियमन (De-regulation) गरेपछि आन्दोलनमा व्यापक जनसहभागिता देखिएको छ। ऐन जारी हुने बेला देशमा आठ-नौ सय सहकारी सङ्घ, संस्था रहेकोमा अहिले यतिका भएबाटै त्यसको पुष्टि मिल्दछ ।

**राजकीय क्षेत्रले छोड्दै गएको अर्थतन्त्रमा सहकारी क्षेत्र पुग्दै गर्दा प्रतिस्पर्धाको स्तर कायमै राख्न सकिएको छ ।**

खेतीपातीमा आश्रित नेपाली ग्रामीण जनजीवनमा सहकारी अभियानको प्रभाव देखिन थालेको छ। सहकारी संस्थाहरू साना उत्पादकका सहयोगी बनेका छन् । एक-दुई गाई पालेर, १०-१२ घार मौरी राखेर अथवा ५०-६० बुटा कफी लगाएर निर्वाहयोग्य आम्दानी

१४६ ऐ. ।

१४७ ऐ. ।

१४८ ऐ. ।

१४९ हेर्नुहोस्, Sinha, रचना पूर्वोल्लिखित, पृ. ४०-४१ ।

गर्न सकिने अवसर गाउँ-गाउँमा सृजना भएको छ। महिला सशक्तीकरणजस्ता फाँटमा सहकारिताको अनुपम अभ्यास हुँदैछ। राजकीय क्षेत्रले छोडी उत्पन्न शून्य (Vacuum) मा सहकारी क्षेत्र उपस्थित हुँदा प्रतिस्पर्धाको स्तर कायम राख्न सकिएको छ।

हेर्दाहेर्दै हिजोका दूध सङ्कलन केन्द्रहरू आज दूध प्रशोधन केन्द्र बनेका छन्। प्राथमिक तहमै व्यवस्थित गर्न सकिने मह, सुपारी, चिया, कफी, जडिबुटीजस्ता उपज प्रशोधन उद्योगहरू धमाधम खुलेका छन्। बलियो साङ्गठनिक जगमा माध्यमिक तहसम्म प्रभावकारी लोकतान्त्रिक नियन्त्रण स्थापित गर्न सके क्रमशः बृहत् स्तरका फलफूल प्रशोधन संयन्त्र, जलविद्युत् आयोजना, रासायनिक मल कारखाना स्थापना गर्ने दिन पनि आउनेछ।

सँगसँगै सहकारिताको दुरुपयोग भइरहेको छ। आन्दोलनमा मध्यस्थ वर्गको संलग्नता दोषकै रूपमा देखिन्छ। सहकारी मूल्य, सिद्धान्त, मान्यता बिर्सिएझैँ लाग्दछन्। श्रमिक फाँटमा आन्दोलनको नगण्य उपस्थिति चिन्ताको अर्को स्रोत हो। हालैका वर्षहरूमा सरकारी स्तरका कार्यक्रम चलाउने माध्यमको रूपमा सहकारी संस्थाहरूलाई लिइनाले पनि विसङ्गति नै निम्तिएका छन्।

> **मध्यस्थ वर्गको संलग्नता नेपाली सहकारी आन्दोलनमा दोषकै रूपमा देखिएको छ ।**

आशा छ, सहकारीकर्मीहरूको सत्प्रयासले छिटै विसङ्गतिहरू छिमलिएर सहकारिताका व्यापक सम्भावनाहरू क्रमशः हासिल हुनेछन्।

## ५. आगम

सहकारी आन्दोलन 'भनेजस्तो भएन' भन्नेहरू एकातिर र 'भएजस्तो भएन' भन्नेहरू अर्कातिर – यत्तिखेर वास्तविक सहकारीकर्मीहरू बीचमा परेका प्रतीत हुन्छन्। अघिल्लाथरी, जसमा बढी त आलोचकहरू नै पर्दछन्, ले सहकारी आन्दोलनका असफलता औँल्याउँदछन्। प्रतिस्पर्धात्मक बजारमा सहकारी व्यवसाय टिक्न नसकेको, टिकाउनका लागि संरक्षणकारी नीतिबापत राज्य स्रोतको अपव्यय भइरहेको र टिकेकै अवस्थामा पनि सहकारी असर (Co-operative effect) नदेखिएको तर्क उनीहरूको छ। पछिल्लाथरी, जसमा बढी त सहकारीकर्मीहरू नै पर्दछन्, ले सहकारिता आफ्नै गुणको राशमा परेको मत

राख्दछन् । उनीहरूले सिद्धान्त फलाकेर नहुने, पुँजी सृजनामा जोड गर्नुपर्ने र व्यावसायिक कौशलमा ध्यान दिनुपर्ने भनेर बलमिच्याइँ गर्दछन् ।

'भनेजस्तो सहकारिता' खोइ त ? विगतमा सहकारी आन्दोलन तीनथरी परिवेशमा परेको हो : साम्यवादी जगत्मा राज्य-निर्देशित, तेस्रो विश्वमा राज्य-नियन्त्रित र पश्चिमा संसारमा राज्य-निरपेक्ष । साँच्चै भन्ने हो भने सहकारी असर देखिने स्तरमा आन्दोलनले बढवा पाउने अवस्था तीनोटै थिएनन् । साम्यवादी देशहरूको राज्य-निर्देशित अवस्थाको त कुरै भएन, विकासोन्मुख देशहरूको सहकारी प्रवर्धनका नाममा निम्तिएको नियन्त्रण पनि प्रत्युत्पादक नै थियो । Birchall को टिप्पणी छ–

> ... सहकारी संस्थाहरूको आलोचना मौलिक रूपमै बेठेगानको छ किनभने आलोचित सङ्गठनहरू प्रथमतः वास्तवमा सहकारी संस्थाहरू नै थिएनन् । विकासोन्मुख देशहरूको सन् १९५० र १९८० का दशकबीचको सहकारी संस्थाहरूको इतिहास फर्केर हेर्दा हामीले जायज अर्थमा हाम्रो नभएर 'तिनको कथा' भनेर नकार्न सक्तछौँ ।[१५०]

बरु राज्यको बेवास्ता – यदाकदा नकारात्मक दृष्टिकोण – मा पश्चिमी मुलुकहरूमा सहकारिता यथाआकारमा फैलिएको हो । त्यतै पनि फिनल्यान्ड, डेनमार्क, नर्वेजस्ता देशहरू र जर्मनी, फ्रान्स, अष्ट्रियाजस्ता देशहरूमा सहकारी विकासको स्तरमा राज्यको दृष्टिकोणले फरक पारेको भेटिन्छ । सहकारी जागरणका लागि समुचित शासकीय नियमन एवं प्रोत्साहनको भूमिका जहिलेसुकै सहयोगी भएको छ ।

अतः विगतमा 'भनेजस्तो भएन' भन्दैमा सहकारी आन्दोलनको भावी विकासप्रति नै निराश हुनुपर्ने देखिँदैन ।

त्यस्तै, 'भएजस्तो भएन' भनेर सहकारिताको मर्मविपरीत 'समयसापेक्ष' संशोधन खोज्नु पनि भूल हो । तौरतरिका (Methods) झैँ सिद्धान्त (Principles) फेर्न चाहने प्रवृत्ति Mercer लाई पनि चित्त नबुझेको होला । 'रोचडेल योजनाको मौलिक ढाँचाको भागको रूपमा रहेको खास नियम वा प्रणालीमा विशेष पवित्रता जोडिएको छैन', Mercer भन्दछन् र थप्दछन्, 'तर

---

[१५०] Birchall.b, रचना पूर्वोल्लिखित, पृ. १६ ।

"रोचडेलका सिद्धान्तहरू" सधैँभरि मौलिक हुनुपर्दछ र प्राकृतिक नियम जसरी उत्तराधिकारीहरूमा लागू हुन्छन् ।' [१५१]

झन्डै एक शताब्दी हुन लाग्यो – Mercer ले बताएको तौरतरिका र सिद्धान्तको भेद नसम्झिएझैँ लाग्दछ । पछिल्लो समय खास गरी सन् १९८० को दशकमा त्यस्तै देखियो । आर्थिक उदारीकरणको प्रवाहमा पनि होला, कतिपय विकसित देशहरूमा व्यावसायिक मान्यताले जित्यो । Laidlaw जस्ता विद्वान्ले फेरि पनि सम्झाएथे–

> सहकारीकर्मीमाझ अचेल सिद्धान्त र आदर्श पन्छाएर सट्टामा व्यवसायमा लागिपर्ने शक्तिशाली प्रवृत्ति छ तर यो गलत धारणा हो किनभने प्रत्येक सङ्गठन वा संस्था पहिले त मानिसहरू केमा विश्वास गर्दछन् र केका लागि खडा हुन चाहान्छन् भन्ने विचार र अवधारणामा बनेको हुन्छ ।[१५२]

Lars Marcus ले 'सहकारी संस्थाहरू ... आधारभूत मूल्यहरूबाट सुरु भए', '[र आफ्नो] आधारभूत पहिचानको नियमित एवं गहन रूपमा विश्लेषण गर्नु' सहकारीकर्मीहरूको कर्तव्य हो भन्ने तर्क गर्दछन् । [१५३]

सिद्धान्त सम्झँदा र बिर्सँदाको फरक Fairbairn ले सन् १९२९ पछिको मन्दीको दृष्टान्तसँगै प्रस्ट्याउँदछन् :

> जुन पछि सबभन्दा खराब काल साबित भयो, त्यसैले उत्तर अमेरिकामा एकैचोटि र सधैँका लागि रोचडेलको विजय ल्यायो । सन् १९२९ अघि आफूले रोचडेली सिद्धान्त भन्ठानेका कुराबाट पृथक् पथ रोज्ने खेतीपातीका अगुवाहरू भेटाउन मुस्किल पर्थेन । सन् १९३९ पछि पछिल्तिर झुकेर रोचडेलका प्रति उत्साह व्यक्त नगर्ने सहकारीकर्मी मुस्किलले भेटिन्थे । मन्दीको दशकले नै

---

१५१ Mercer, रचना पूर्वोल्लिखित ।

१५२ Laidlaw, रचना पूर्वोल्लिखित ।

१५३ MacPherson, रचना पूर्वोल्लिखित, पृ. १२ मा उद्धृत ।

> सहकारिताको मतलब जनाउने विशिष्ट प्रतीकका रूपमा रोचडेललाई अचल तुल्यायो ।[१५४]

ढिलै भयो तैपनि यता फेरि सहकारी अभियन्ताहरू आफ्नो परिचयको स्वागतयोग्य पुनर्खोजी गर्दैछन् । पूर्वी युरोपका पूर्व-साम्यवादी देशहरूमा पनि हालैका वर्षहरूमा पुनर्जागरण भइरहेको छ । Birchall भन्दछन्–

> सन् १९९० को दशकमा साम्यवादी शासन धराशायी भएपछि केही समय त सहकारी शब्दमा नै विगतको नाताको हिलो छ्यापियो र थुप्रै सहकारी संस्थाहरूको निजीकरण गरी सम्पत्ति दिइयो । उप्रान्त अन्तर्राष्ट्रिय सहकारी महासङ्घ र अन्तर्राष्ट्रिय श्रम कार्यालयजस्ता निकायको मद्दतमा नयाँ सहकारी कानुन पास भए अनि सहकारी संस्थाहरू 'सहकारीकृत (Co-operativised) गरी तिनका सदस्यहरूलाई फिर्ता दिएर साँच्चैका सदस्यको स्वामित्वका व्यवसायका रूपमा पुनःसंस्थापित गरिए । अधिकांश पूर्व-साम्यवादी मुलुकहरूमा अहिले आकार एवं विश्वासमा सहकारी क्षेत्रको वृद्धि भइरहेको छ ।[१५५]

जे होस्, सहकारी आन्दोलनको भविष्य सहकारीकरणमा नै छ भन्ने अनुभूति वर्तमानमा संसारभरिका वास्तविक सहकारी अभियन्तामाझ भइसकेको छ ।

अन्तर्राष्ट्रिय सहकारी महासङ्घीय योजना कार्यसमूह (२०१३ ई.) ले पाँचोटा दशकीय रेखाचित्रण रणनीतिको केन्द्र भागमा सहकारिताका मूल्य र सिद्धान्तबाट परिभाषित हुने पहिचान (Identity) को प्राप्तिलाई राख्नु त्यत्तिकै स्वागतयोग्य छ ।[१५६]

---

[१५४] Fairbairm, रचना पूर्वोल्लिखित, पृ. १२ मा उद्धृत ।

[१५५] Birchall.b, रचना पूर्वोल्लिखित, पृ. १६ ।

[१५६] हेर्नुहोस्, पाद टिप्पणी ८० मा उल्लिखित Bluprint for a Co-operative Decade, पृ. ४ । अन्य चारोटा दशकीय रणनीतिमा सहभागिता (Participation) को स्तरोन्नति, दिगोपन (Sustainability) ल्याउने माध्यमको रूपमा सहकारी संस्थाहरूको स्थितीकरण (Positioning), सदस्य नियन्त्रणको प्रत्याभूतिसहित भरपर्दो पुँजी (Capital) को जोहो र सहकारी विकासमा सहयोगी कानुनी ढाँचा (Legal framework) को सुनिश्चितता पर्दछन् ।

अतः पुँजीको आकर्षणमा परेर होइन श्रमको सम्मान गरेर, गैरसदस्यसम्म फैलिएको कारोबारको भरमा होइन सदस्यमै सीमित कारोबारको भरमा अनि कम्पनी व्यवसायका व्यवस्थापकीय विधिहरूको अनुकरण गरेर होइन सहभागितामूलक व्यवस्थापकीय विधिहरूको नवप्रवर्तन गरेर नै सहकारी आन्दोलन गतिमान हुनेछ भन्न सकिन्छ ।

सैद्धान्तिक रूपमा पनि सहकारी आन्दोलनतर्फ फर्कन तीनथरी 'कर' पर्नेछन् ।

**क. नागरिक संलग्नताको कर**

आधुनिकीकरणको दौडमा व्यक्तिपरकता पैदा भएको छ । समाज निम्छरो बनेर, नागरिक सम्बन्धहरू चुँडिएर जीवन एकलासे भइरहेको प्रतीत हुन्छ । नागरिक संलग्नता (Civic engagement) का आधार अनेक किसिमले भत्किएकाले चिन्ता गर्न थालिएको छ ।

अमेरिकाको दृष्टान्तमा Robert D. Putnam को भनाइ छ–

> ... यताका वर्षमा अमेरिकी अर्थतन्त्रलाई छोप्न पुगेको स्तर (Scale) को परिवर्तन, जो चोकका पसललाई विशाल बजारले विस्थापित गरेको र अब सम्भवतः विशाल बजारलाई घरैमा बसी-बसीको विद्युतीय किनमेलले विस्थापित गर्न लागेको अथवा समुदायमा आधारित व्यवसायलाई सुदूरका बहुराष्ट्रिय व्यवसायका कक्षहरूले विस्थापित गरेको अवस्थामा झल्किन्छ, ले सम्भवतः नागरिक संलग्नताका वस्तुगत र साथै भौतिक आधारलाई तलैदेखि कमजोर पारेको हुन सक्तछ ।[१५७]

Putnam को आशङ्काजस्तै छिमेकका पसल छिमेकीका भेटघाटस्थल थिए अथवा समुदायस्तरका व्यवसाय मानिसहरूको आपसी सद्भाव बढाउने उपाय थिए भने ह्रासोन्मुख सामाजिक पुँजी (Social capital) को आगामी दिनमा जगेर्ना गर्न सहकारी संस्थालाई भेटाउने कुनै ढाँचा हुने छैन । किनभने Putnam का अनुसार 'सङ्घटन (Association) का सदस्यहरू गैरसदस्यभन्दा राजनीतिमा सहभागी हुने, छिमेकीसँग समय बिताउने, सामाजिक विश्वास अभिव्यक्त गर्ने र त्यस्तै कार्यतर्फ अधिक प्रवृत्त

---

[१५७] Robert D. Putnam, 'Bowling Alone: America's Declining Social Capital', Journal of Democracy, January 1995।

हुन्छन् ।' [१५८] सहभागितामूलक सहकारी व्यवसायको त स्तरोन्नति (Upscaling) हुँदा नै पनि ज्यादा फरक पर्दैन ।

'सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई सशक्त र समुदायलाई सुदृढ पार्दछन्' भन्ने धारणा Ban Ki-moon को पनि छ । [१५९]

**ख. फराकिलो वृद्धिको कर**

सहकारी गतिविधिले आर्थिक वृद्धि तीव्र तुल्याउने मात्र नभएर त्यसको आधार फराकिलो पनि पार्दछ। विपन्न तप्काको उत्साहवर्धक सहभागिताले आर्थिक समावेशीकरण (Economic inclusion) हुन्छ। व्यापक जनाधारमा स्थिरतासमेत कायम भइरहन्छ। Dame Pauline Green भन्छिन्, 'विश्व बजारमा वित्तीय सङ्कट आइरहेका बेला हाम्रो अभियानले पछिल्लो पाँच वर्षमा गति लिएको छ ।'[१६०] संसारभरि अहिले सहकारी व्यवसायमा झन्डै एक अर्ब सदस्य संलग्न छन् भने कम्पनी व्यवसायमा जम्माजम्मी ३५ करोड ३७ लाखजति लगानीकर्ताको सहभागिता छ ।[१६१]

सन् २०१५ को सेप्टेम्बर २५ मा संयुक्त राष्ट्रसङ्घीय महासभाबाट स्वीकृत दिगो विकास कार्यसूचीको 'गरिबी, भोक, रोग र अभाव ... मुक्त संसार' को परिकल्पना साकार पार्ने हो भने [१६२] र त्यसै सिलसिलामा गठित संयुक्त राष्ट्रसङ्घीय प्रख्यात व्यक्तिहरूको उच्चस्तरीय समूहको सिफारिसमुताबिक 'कसैलाई पनि पछाडि नछाड्ने' हो भने[१६३] त 'गरिबलाई' नभएर 'गरिबले' गर्ने सहकारी विधि नै रोज्जा हुनेछ ।

---

[१५८] ऐ. ।

[१५९] Ban Ki-moon, Message for International Day of Co-operatives, 2012 (www.un.org/events/2015/sgmessage ) ।

[१६०] नागरिक, २०७० चैत १६ ।

[१६१] ऐ. ।

[१६२] हेर्नुहोस्, United Nations Resolution A/RES/70/1 Transforming our world: the 2030 Agenda for Sustainable Development (www.un.org) ।

[१६३] हेर्नुहोस्, A New Global Partnership: Eradicate Poverty and Transform Economies through Sustainable Development: Report of the United Nations High-level Panel of

## ग. प्रकृतिप्रिय जीविकोपार्जनको कर

वर्तमान जीवनशैली परिवर्तन नगरी हावापानी परिवर्तनको रोकथाम गर्न धौ छ। उत्पादन र उपभोगको यस्तै चालाले छिटै प्राकृतिक पुँजी (Natural capital) सकी विपत्ति निम्त्याउनेछ। सहकारिताले भने जीविकोपार्जनमा प्राकृतिक परिप्रेक्ष्य ल्याउँदछ।

उपभोगतर्फ स्वावलम्बीहरू स्वभावैले अविलासी उपभोगका पक्षधर हुन्छन्। सहकारिता उपभोगको संस्कार पनि हो। नाफामा सहभागी नहुने अनि अर्काको श्रममा नबाँच्ने भएपछि पुगीसरी होला 'फालीसरी' त्यसै पनि हुँदैन।

उत्पादनतर्फ व्यवसायको पिँध-रेखा (Bottom-line) नाफा भएकाले त्यसका खातिर प्राकृतिक स्रोतको हिसाब बिर्सिन्छ। माग र पूर्तिको बजारले प्राकृतिक स्रोतको ठीक-ठीक मूल्याङ्कन गर्न पनि जान्दैन। फलतः अदिगोपनाको सङ्कट छ।

अन्तर्राष्ट्रिय सहकारी महासङ्घीय योजना कार्यसमूह (२०१३ ई.) को मतमा 'यी सबै सङ्कटहरू मानवीय आवश्यकताको अघिल्तिर वित्तीय प्रतिफललाई राख्ने व्यावसायिक ढाँचाबाट उत्पन्न हुन्छन् – त्यस्तो ढाँचा जसले लाभहरू निजायती अनि हानिहरू सामाजिक गराउन खोज्दछ।'[१६४]

आफ्नो देश (थाइल्यान्ड) को पाठ सम्झेर Anand Panyarachun ले [राज्यले] लागतहरूको सामाजिकीकरणलाई छुट दिनेभन्दा बरु बाहिरिया असरहरू (Externalities) लाई भित्र्याएर मूल्यमा प्रतिविम्बित गराउने परिपाटी बसाल्नुपर्ने सुझाउ दिन्छन्।[१६५]

आम सहभागिताका सहकारी व्यवसायमा भने व्यक्तिगत फाइदाका लागि प्राकृतिक स्रोत मास्ने प्रवृत्तिमाथि सामूहिक अङ्कुश लागिरहेको हुन्छ। जीविकोपार्जनको आधार जोगाउन मिलीजुली उपाय पनि गरिन्छन्।

Eminent Persons on the Post-2015 Development Goals (New York: United Nations, 2013), पृ. ७–८।

[१६४] पाद टिप्पणी ८० मा उल्लिखित Blueprint for a Co-operative Decade, पृ. १४।

[१६५] हेर्नुहोस्, Anand Panyarachun, Keynote Address at Nepal Socio-economic Summit: Strategy for the New Millenium (Kathmandu, 20 February 1998)।

समुदायस्तरबाट नै प्राकृतिक पुँजी नमास्ने अभियान स्वयमेव चल्ने सहकारी उत्पादन विधिभन्दा असल अर्थोक छैन ।

वास्तवमा विकासका वर्तमान चुनौतीहरू सामना गर्ने हो भने जनमानसलाई सहकारी भावनाले आन्दोलित गर्नुको विकल्प दृष्टिगोचर हुँदैन ।

**विकासका वर्तमान चुनौतीहरूमा बहस गर्दै जाँदा सामना गर्ने उपायको रूपमा सहकारिता नै सुझ्दछ ।**

सम्झी ल्याउँदा सहकारिताको विगतभन्दा वर्तमान अनि वर्तमानभन्दा भविष्य पो उज्ज्वल प्रकट हुन्छ । उहिले Holyoake ले सहकारिताको महिमा कथेथे । उनकै कथनभन्दा उत्तम टुङ्ग्याउनी के होला !

> सहकारिताले अर्काको ऐश्वर्य छुँदैन; लुटको धन खोज्दैन; समाज बिथोल्ने कार्य गर्दैन; राजनेतालाई दुःख दिँदैन; यो गोप्य सङ्गतमा पर्दैन; आफ्नो हितको संरक्षणार्थ यसलाई श्रम सङ्गठन चाहिँदैन; यसले हिंसाको मनसा राख्दैन; यसले व्यवस्था पल्टाउँदैन; यसले सम्मानको इर्ष्या गर्दैन; यसले उपहार स्वीकार्दैन, न त मोलाहिजाकै आस गर्दछ; यसले बेकारसँग नाता गाँस्दैन र इलमीसँग विश्वासघात गर्दैन ।[१६६]

अस्तु !

[१६६] Holyoake, रचना पूर्वोल्लिखित, Chaper 1, पृ. ४ ।